# एम्बुसमा डनहरू



● विदुर खतिवडा

काठमाडौं– राजीव गुरुङ अर्थात् दीपक मनाङे यतिखेर प्रहरीको 'मोस्ट वान्टेड'को सूचीमा छन् । सर्वोच्चले उनलाई सफाइ दिए पनि प्रहरीले उनलाई छोडेको छैन, उनी प्रहरीबाट मात्र होइन, आफैं जन्माएका केटाहरूबाट पनि त्यतिकै सशंकित छन् । जिम्मेवारी दिएका केटाहरूको सामर्थ्य बढेकाले पनि उनलाई गाह्रो भएको हो । अज्ञात स्थलमा बसेका दीपक आफैं पनि सबैतिरबाट 'टार्गेट' बनेको स्वीकार गर्छन् ।

काठमाडौं हल्लाएका डन दीपक मनाङे अहिले पनि आफ्नो शक्ति कम नभएको दाबी गर्छन् । उनका लागि ज्यान दिने केटाहरूको कमी छैन, तर उनको आधिपत्य रहेको व्यापारमा भने कमी आएको उनी स्वीकार गर्छन् ।

दीपक मात्र होइन, कहलिएका अर्का डन चक्रे मिलन अर्थात् मिलन गुरुङले पनि आफ्नो छविमा ठूलो परिवर्तन ल्याएका छन् । 'टार्गेटबाट बच्न मिलनले आफूलाई राजनैतिक स्वरूपमा परिवर्तन गरेको हो,' मिलन निकटस्थ स्रोतले साप्ताहिकलाई भन्यो- 'अहिले उनी आफूलाई डन भन्न रुचाउँदैनन्,



उनी समाजसेवी मिलन गुरुङ भन्न रुचाउँछन् ।'

समयक्रमसँगै राजधानीमा थुप्रै नामका अगाडि डन थपिए, तर उनीहरूमा मुख्य दीपक मनाङे र चक्रे मिलन थिए । शीर्ष यी दुई टाउकाअन्तर्गत रहेर उनीहरूका केटाले नेपालभरि नै वर्चस्व जमाएका थिए, तर केही वर्षयता भने डनहरूको यो सञ्जालमा पनि व्यापक परिवर्तन आएको छ । उनीहरूका सहायकहरूले आफैं मुख्य डन भएको जिकिर गर्न थालेपछि डनको समीकरणमा परिवर्तन आएको हो । 'मुख्य दुई डनलाई प्रहरीले खोजी गर्न थालेपछि उनीहरूभन्दा तलकाहरूले व्यवसायलाई निरन्तरता दिएका थिए,' एक डन नाम उल्लेख नगर्ने सर्तमा भन्छन्- 'व्यवसायबाट धेरै पैसा कमाएपछि साना डनहरूले आफैंलाई ठूलो डन मान्न थालेका छन् ।' राजधानीमा दोस्रो तहमा रहेका डनको संख्या आधा दर्जन रहेको उनले बताए । 'दीपक दाइको अगाडि कोही सोझो नजरमा कुरा गर्ने आँट गर्दैनन् भने कसरी उनीहरूको वर्चस्व बढ्यो भन्नुहुन्छ ?' राजधानीमा साना डनहरूको वर्चस्व बढेको विषयमा दीपकका एक सहयोगीले भने- 'उनीहरूले भित्रभित्रै खेल खेलिरहेका हुनसक्छन्, तर दीपक दाइको अगाडि परेपछि उनीहरू नतमस्तक हुन्छन् ।'

आजभोलि दीपक र मिलन मात्र होइन, अन्य डनहरू पनि जीवनशैलीमा परिवर्तन ल्याउनुपर्छ भन्ने चाहना राख्न थालेका छन् । एकातर्फ प्रहरी प्रशासनको तारो बन्नुपर्ने, अर्कातर्फ आफ्नै क्षेत्रका साथीहरूबाट पनि असुरक्षित रहनुपर्ने भएपछि नेपाली डनहरू अहिलेको समयलाई संक्रमणकाल भनेर व्याख्या गर्छन । 'पहिले प्रहरी माओवादीसँग लड्नमा व्यस्त थियो' दीपक मनाङे भन्छन्- 'अहिले हामीलाई तारो बनाएर धरापमा फसाउने खेल खेल्न व्यस्त छ ।' डन भन्दा बेकारको लफडामा परिन्छ भनेर उनीहरूले त्यो रूपमा परिचय नखुलाएको स्रोत बताउँछ । 'डनको यो खेलमा को आफ्नो को विरानो पत्तै नहुने हुनाले कतिपय यो स्तरमा पुगिसकेपछि सुरक्षित जीवनयापनको बाटोतर्फ लागेको पाइन्छ' स्रोत भन्छ- 'अत्यधिक पैसा कमाइसकेपछि उनीहरू साधारण मानिसहरूजस्तै जीवन बिताउनेतर्फ केन्द्रित भएका छन् ।'

दीपक मनाङे र चक्रे मिलनपछिका काठमाडौंका डनहरूमा गणेश लामा, काजी शेर्पा, कुमार घैंटे, साजन महर्जन, संजय डंगोल, पूर्ण सेठ्ठी, बम लिम्बु, बागे भनिने सुकबहादुर लामा, मनराज गुरुङ, जितबहादुर लामा, सन्दीप पाठक आदि नाम आउँछन् । कुनै बेला मनाङ्गे र चक्रे समूहमा आबद्ध उनीहरू अहिले आफ्नै समूह बनाएर सक्रिय छन् । उनीहरू आफूलाई व्यवसायीका रूपमा चिनाउँछन् । स्रोत भन्छ- 'पछिल्लो अवधिमा उनीहरू मिलेर एउटै समूह बनाउने सिलसिला पनि

पृष्ठ ६ मा जारी

अदितनारायण झासँग
विशेष अन्तर्वार्ता
पृष्ठ ५ मा



## क्यासेट

### साँईली



रामचन्द्र काफ्ले, अञ्जना गुरुङ, माधव भण्डारी, सुदीप अधिकारी, कौशिला रानामगर, खड्ग गर्बुजा तथा आभा मुकारुङको स्वरले सजिएको आधुनिक गीतहरूको नयाँ संग्रह 'साइँली' श्रोतामाझ आएको छ। भगवती म्युजिकले बजारमा ल्याएको यो संग्रहका गीतहरू माधव भण्डारी, लक्ष्मण पौडेल, मानबहादुर बराल तथा प्रवीण रेश्मी मगरले संगीतबद्ध गरेका छन्।

### फूलको छायाँले



लोकदोहोरी गीतहरुको नयाँ संग्रह 'फूलको छायाँले' बजारमा आएको छ। सपना म्युजिकले बजारमा ल्याएको यो संग्रहमा विष्णु माझी, राजु परियार तथा खुमन अधिकारीको स्वरमा सजिएका दुईवटा दोहोरी गीत सुन्न सकिन्छ। 'फूलको छायाँले' तथा 'फूल गोगनको' शीर्षकका दोहोरी गीतहरूमा सुन्दरमणि अधिकारीको लय तथा शब्द संकलन छ।

### जुनी हजार



भगवान भण्डारी, देवी घर्ती, खुमन अधिकारी तथा विष्णु माझीको स्वरले सजिएको लोक तथा दोहोरी गीतहरूको नयाँ संग्रह 'जुनी हजार' बजारमा आएको छ। भगवती म्युजिकले बजारमा ल्याएको यो संग्रहमा आँसु नझार, यो मेरो चिनो हो साथी, एक्लै भएँ म तथा उस्तै छ बिलौना गरी चारवटा गीत सुन्न सकिन्छ। संग्रहका गीतको लय तथा संकलन भगवान भण्डारी तथा स्व. विष्णु भण्डारीले गरेका हुन्।

## रंगमञ्च

• गत शनिबार प्रज्ञा प्रतिष्ठानमा मञ्चन गरिएको नाटक 'होस गरौं है' मार्फत् राजधानीमा बढ्दो रात्री जीवन तथा त्यससँगै बढेको विकृतिलाई उदाङ्ग पार्ने प्रयास गरिएको छ। नेपाल युवा समाजले मञ्चन गरेको उक्त नाटकमा बढ्दो चोरी, दुर्व्यसनजस्ता विसंगतिले समाजमा भित्र्याएको अराजकतमाथि व्यंग्य प्रहार गरिएको छ। नाटकमा लागू औषधको लतमा फसेका युवायुवतीले चोरी गरेका मार्मिक दृष्यहरू प्रस्तुत गरिएको थियो। यसबाहेक रात्री जीवनका नाममा रेष्टुराँमा गरिने नग्न नृत्यप्रति व्यंग्य गर्दै त्यसबाट निम्तिने समस्यालाई पनि नाटकमा समावेश गरिएको छ।

## ग्यालरी

• चरा विशेषज्ञ हेम पौडेलले विभिन्न जातका चरालाई क्यानभासमा उतारेका छन्। जंगल चहारेर चराको अध्ययन गरिरहेका कलाकार पौडेलले तयार पारेका आकर्षक चित्रकलाको प्रदर्शनी गत सोमबारदेखि बबरमहलस्थित नेपाल आर्ट काउन्सिल ग्यालरीमा प्रारम्भ भएको छ। प्रदर्शनीमा विभिन्न चराका ७० वटा चित्रकलाहरू समावेश छन्। उनको यो सातौं एकल कला प्रदर्शनी हो। 'वातावरण तथा चरा' शीर्षकको यो प्रदर्शनीमा उच्च हिमालदेखि समथर तराईसम्म पाइने चरालाई उनले क्यानभासमा उतारेका छन्। प्रदर्शनीमा सारस, सारौं, ढुकुर, पानी हाँस, बकुल्ला, मयुर, वनकुखुरादेखि डाँफे, मुनाल, सुगा, मैना, परेवा, मलेवा, कोइली, भूगेरा, लाटोकोसेरो, काग, लुइँचे, जुरेली, माटोकोटेरो जस्ता तराईदेखि हिमाली क्षेत्रसम्म विचरण गर्ने चराका चित्र समावेश छन्। आगामी सोमबारसम्म जारी रहने यो प्रदर्शनीमा राखिएका कलाकृतिको मूल्य ६४ हजार रुपैयाँसम्म छ।

• पुल्चोक, ललितपुरस्थित बेकरी क्याफेमा फोटोग्राफर राजेन्द्र महर्जनले खिचेका तस्बिरहरू प्रदर्शनीमा राखिएका छन्। 'अ वे अफ लाइफ' शीर्षकको उक्त फोटो प्रदर्शनी आगामी कात्तिक १० गतेसम्म जारी रहनेछ।

• कलाकार विजय थापाको सोह्रौं एकल कला प्रदर्शनी अघिल्लो बुधबारदेखि नक्सालस्थित नाफा आर्ट ग्यालरीमा सञ्चालन भैरहेको छ। कलाकार थापाले तयार पारेका मूर्त, अमूर्त, मुहार तथा दृष्यात्मक लगायत विभिन्न शैलीमा आधारित करिव दुई सय कलाकृति प्रदर्शनीमा समावेश छन्। 'जर्नी सिक्सटिन' शीर्षकको उक्त प्रदर्शनी समावेश चित्रकलामा आयल तथा एक्रेलिक कलरबाहेक सलाइँका काँटीसमेत सिर्जनाका माध्यम बनेका छन्।

## पुस्तक

### क्रमभंग

उपन्यासकार शंकर खरेलद्वारा लेखिएको एवं पूर्वाञ्चल कला तथा साहित्य समूहद्वारा प्रकाशित उपन्यास क्रमभंग एउटा सामान्य उपन्यास हो, 'क्रमभंग' उपन्यासमा मनोरञ्जन खोज्ने पाठकहरूका लागि समय कटाउने एउटा राम्रो माध्यम हुनसक्छ। लगभग २ सय पृष्ठको यो उपन्यासको मूल्य ४ सय रुपैयाँ छ।

### सन्देश

बालसाहित्यकार मधुसूदनप्रसाद घिमिरेले एउटा रमाइलो गीति-बालउपन्यास सार्वजनिक गरेका छन्। 'सन्देश' शीर्षकको यो गीति-बालउपन्यासमा चराहरूको मित्रतामार्फत् बालबालिकालाई असल नागरिक बन्न प्रेरित गरिएको छ। १८ पृष्ठको यो कृति नेपाल स्रष्टा समाज, डिल्लीबजारले प्रकाशनमा ल्याएको हो। कृतिको मूल्य ३० रुपैयाँ छ।

### विश्वविख्यात साहित्यकारहरू

लेखक भीम राना जिज्ञासुले विश्वका ४२ प्रसिद्ध साहित्यकारको जीवनीको सँगालो विश्वविख्यात साहित्यकारहरू प्रकाशमा ल्याएका छन्। लुम्बिनी प्रकाशनद्वारा प्रकाशित यो पुस्तकमा नाम चलेका प्रायः सबै साहित्यकारलाई समेट्ने प्रयास गरिएको छ। पुस्तकको मूल्य ९५ रुपैयाँ छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

स्वास्थ्य गडबड हुने कुरालाई नकार्न सकिँदैन। मनमा डर-चिन्ताले डेरा जमाउनेछ। पढाइलेखाइमा ध्यान जानेछैन। मनले नचिताएको धन आर्जन हुनेछ। धार्मिक कार्यमा रुचिका साथै खर्च पनि बढ्नेछ। घरपरिवारबाट राम्रै सहयोग पाइन्छ। नयाँ साथी भेटिने तथा यात्रा हुने योग छ। बुधबार तथा बिहीबार काममा विशेष सफलता हात लाग्नेछ।

### सिंह

सोच्ने शक्ति एवं अध्ययनमा रुचि बढ्नेछ। परिस्थितिमा आएको परिवर्तनले हर्ष बढ्नेछ। बोलीको प्रभावले नयाँ काम पाइने कुरालाई नकार्न सकिँदैन। व्यर्थको झैझगडामा फस्नुपर्ला। परिवारमा मत-मतान्तर भए पनि पारिवारिक सहयोग पाइनेछ। अध्ययन प्रगतितर्फ लम्कनेछ भने झूटा आरोपको सामना गर्नुपर्ला।

### धनु

शत्रु लागे पनि अन्ततः जित तपाईंकै हुनेछ। आफन्तबाट सोचेजस्तो सहयोग पाउनुहुनेछैन। स्वास्थ्यमा केही समस्या देखिन सक्छ। अध्ययनमा सफलता मिल्नेछ। मनमा बढ्ने अस्थिरताले समस्या ल्याउन सक्छ। हतारमा निर्णय नगर्नुहोला। धन आर्जन हुनेछ। घरजग्गा तथा वाहन जोड्ने सम्भावनालाई नकार्न सकिँदैन। बुद्धिमत्तापूर्ण तरिकाले अघि बढ्नु उचित हुन्छ।

### वृष

बोलीकै कारण ठूला मान्छे प्रभावित हुनेछन्। प्रशंसा गर्नेहरूको भीड लाग्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने योग छ। शत्रु पराजित हुनेछन्। व्यापार-व्यवसायमा प्रगति हुनेछ। आम्दानीका नयाँ स्रोत खुल्नेछन्। धर्मकर्ममा मन जानेछ। अध्ययनमा कडा मेहनत गर्नुपर्नेछ। आफन्तबाट धोका हुन्छ। सजग भएर कर्मक्षेत्रमा लाग्नुहोला।

### कन्या

तपाईंको बोल्ने कलाले ठूला व्यक्तिको प्रशंसा बटुल्नेछ भने पराक्रम बढ्नेछ। समयमै बुद्धि नपुऱ्याउँदा हात परेको काम पनि फुस्किन सक्छ। दाजुभाइसँगको सम्बन्धमा चिसोपन आउने कुरालाई नकार्न सकिँदैन। अध्ययनमा सफलता हात लाग्नेछ। पतिपत्नीबीचको सम्बन्ध सुमधुर रहनेछ। सोमबार तथा मंगलबार पराक्रम बढ्ने एवं अधुरा काम बन्ने योग छ।

### मकर

मनमा डर-चिन्ताले डेरा जमाउनेछ। संयमित भएर अघि बढे समस्याहरूबाट छुट्कारा पाइएला। बोल्दा सोचविचार गरेर मात्र बोल्नुहोला। अन्यथा भएको सम्बन्ध पनि बिग्रन सक्छ। तपाईंको लगनशीलता एवं इमान्दारीको प्रशंसा हुनेछ। साहित्य-संगीतमा रुचि बढ्नेछ। धार्मिक काममा समय बित्नेछ।

### मिथुन

शरीरमा बढ्दै गएको आलस्यताले काम बिग्रन सक्छ। बोल्दा होस पुऱ्याउनु होला, अन्यथा सुमधुर सम्बन्धमा आँच आउने कुरालाई नकार्न सकिँदैन। घरजग्गा जोड्ने अवसर मिल्नेछ। भैरहेका काममा अवरोध आउन सक्छ। पढाइ मध्यम स्तरको रहनेछ। संयम नअपनाउँदा बिनाकारणको झमेलामा फस्न सकिन्छ। समयमै सजग हुनुहोला।

### तुला

मानसम्मान पाइनेछ। काममा प्राप्त सफलताले सुखी भएको महसुस हुनेछ। आम्दानी मध्यम स्तरको रहनेछ। घरेलु समस्याले सताउने हुँदा संयमित भएर काम गर्नुहोला। बिनाकारण विवाद बढ्न सक्छ। आंशिक सफलता मिले पनि व्यवसाय राम्रो देखिँदैन। घरघडेरी तथा सवारीसाधन बेचबिखन हुन सक्छ। अध्ययनको क्षेत्र राम्रो देखिन्छ।

### कुम्भ

आत्मबल बढे पनि अरूको मन जित्न हम्मेहम्मे पर्नेछ। यात्रामा विभिन्न समस्या देखा पर्नेछन्। स्वास्थ्यस्थिति सन्तोषजनक छैन। नोकरी तथा व्यवसायमा विभिन्न अवरोध आउने योग छ। बोलीको प्रभावले प्रशंसकहरू थपिनेछन्। धार्मिक कार्यमा संलग्न हुने अवसर प्राप्त हुनेछ। आफन्तहरूबाट टाढा रहनु नै बेस होला।

### कर्कट

साथीभाइसँगको भेटघाटले मन प्रसन्न हुनेछ। खर्च बढे पनि पढाइलेखाइ राम्रै रहनेछ। धीर भएर बस्नुमै बुद्धिमानी होला। शत्रु बढ्नेछन्। आम्दानीका नयाँ बाटा खुल्नेछन्। धन आर्जन हुनेछ। आइतबार शारीरिक अस्वस्थता बढ्न सक्छ भने बुधबार तथा बिहीबार काममा व्यवधान आउन सक्छ।

### वृश्चिक

समाजले तपाईंलाई बौद्धिक व्यक्तित्वका रूपमा हेर्नेछ। अध्ययनमा प्रगति हुनेछ। शत्रु बढ्ने योग छ। पति-पत्नीबीचको सम्बन्धमा चिसोपन आउन सक्छ। संयमित हुन नसक्दा विवाद एवं झैझगडा हुनसक्छ। व्यवसायमा विभिन्न अप्ठ्यारा परिस्थिति सिर्जना हुनसक्छ।

### मीन

आम्दानी सन्तोषजनक हुनेछैन। अध्ययनमा सफलता मिल्ने छाँट कम छ। परिवारमा स-साना समस्या देखा पर्नेछन्। डर-चिन्ताले सताइरहनेछ। साथीभाइसँग घुम्ने अवसर पाउनुहोला। मन प्रसन्न रहनेछ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। उचित समयमा निर्णय लिन नसक्दा पछुताउनुपर्नेछ।

### यो साताको पञ्चाङ्ग

असोज १० गते : विश्व पर्यटन दिवस, फर्पिङमा हरिशंकर जात्रा, १२ गते : सोह्रश्राद्ध समाप्त, १३ गते : विश्व मुटु दिवस, औंसी, १४ गते : घटस्थापना, १५ गते : विश्व ज्येष्ठ नागरिक दिवस, विश्व शाकाहारी दिवस, १६ गते : इस्लाम धर्मावलम्बीहरूको इद उल फित्र चाड, विश्व अहिंसा दिवस।






## साता संक्षेप

**असोज ७ गते बुधबार**

- भारतद्वारा दुवै देशलाई फाइदा हुने गरी बिजुली बेच्न नेपाललाई आह्वान ।
- प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा अमेरिकाका राष्ट्रपति जर्ज डब्ल्यु बुससँग भेट ।
- सरकारद्वारा सुदुरपश्चिमका पाढी पीडितका लागि १ करोड ५५ लाख रुपैयाँ सहायता घोषणा ।
- सरकारद्वार खरिदार, नायव सुब्बा तथा उपसचिवको पारिश्रमिकमा थप वृद्धि ।
- नेपाल बारका अध्यक्ष विश्वकान्त मैनाली विरुद्ध गरिएको कारवाही फिर्ता ।
- ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदन सार्वजनिक, भ्रष्टाचार हुने मुलुकमा नेपाल १ सय २१ स्थानमा ।

**असोज ६ गते मंगलबार**

- सुदूरपश्चिममा बाढी र पहिरोबाट थप १४ को मृत्यु । उद्धारका लागि सेना सक्रिय ।
- इन्द्रजात्राको लिंगो ढालियो, उपत्यकामा तनाव जारी ।
- ललितपुरको गगुवाघाटमा बस दुर्घटनाग्रस्त ६ जनाको मृत्यु, ३७ घाइते ।
- जंगली हात्तीको आक्रमणबाट सिराहामा थप १ जनाको मृत्यु ।
- सशस्त्र समूहद्वारा धनुषाको महेन्द्रनगरमा १ जनाको गोली हानी हत्या ।
- पत्रकार एवं साहित्यकार शुकदेव नेपाल (अग्निशिखा) को निधन ।
- नेपाल उद्योग वाणिज्य महासंघद्वारा बजेटप्रति असन्तुष्टि व्यक्त ।
- अनेरास्ववियुको महाधिवेशनमा प्रतिनिधि विवाद चर्कियो ।

**असोज ६ गते सोमबार**

- रक्षा मन्त्री रामबहादुर थापा चीन प्रस्थान ।
- नेकपा एमाले निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनको १९ औं राष्ट्रिय सम्मेलन पोखरामा प्रारम्भ ।
- सुदूरपश्चिमका विभिन्न ठाउँमा बाढी-पहिरोको प्रकोप २४ को मृत्यु ।
- इन्द्रजात्रा र बलि पूजाको बजेट कटौति विरुद्ध आन्दोलित नेवार समुदायको माग पूरा गर्न सहमत ।
- नेकपा एमालेको भारत संगठन प्रवासी नेपाली संघको राष्ट्रिय सम्मेलन भारतको हैदरावादमा प्रारम्भ ।
- कर्मचारी हत्याको विरोधमा पर्सा जिल्लामा अनिश्चितकालीन कार्यालय बन्दको घोषणा ।

**असोज ५ गते आइतबार**

- प्रधानमन्त्री पुष्पकमल दाहाल संयुक्त राष्ट्रसंघको ६३ औं साधारणसभामा भाग लिन अमेरिका प्रस्थान ।
- सरकारद्वारा भ्रष्टाचारको अभियोगमा यातायात विभागका महानिर्देशकसहित ६ कर्मचारीलाई निलम्बन ।
- नेकपा माओवादीका १७ जना केन्द्रीय सदस्यले चोरीको गाडी प्रयोग गरिरहेको खुलासा ।
- सरकारद्वारा इन्द्रजात्रालाई बजेट कटौती गरिएपछि नेवार समुदाय आन्दोलित ।
- भूमिसुधार तथा व्यवस्था मन्त्री मातृकाप्रसाद यादवको राजीनामा स्वीकृत ।
- गुल्मी जिल्लाको कुर्घा गाविसमा पुरिएर २ जनाको मृत्यु ।
- सुनसरीमा डुंगा पल्टिंदा २ जनाको मृत्यु ।
- सरकारद्वारा देशभरका ५ हजार सरकारी विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण ।

**असोज ४ गते शनिबार**

- अर्थमन्त्री डा. बाबुराम भट्टराईद्वारा आर्थिक वर्ष ०६५/६६ को बजेट प्रस्तुत, बजेटको आकार २ खर्ब ३६ अर्ब १ करोड ५९ लाख रुपैयाँ ।
- धादिङको भूमे स्थानमा बस दुर्घटनाग्रस्त १४ को मृत्यु, ३० जना घाइते ।
- भूमिसुधार तथा व्यवस्था मन्त्री मातृकाप्रसाद यादवद्वारा राजीनामा ।
- पर्सा जिल्ला प्रशासन कार्यालयका शाखा अधिकृत मोहन मैनालीको गोली हानी हत्या ।
- बर्दिया निकुञ्जमा १ सिंगे गैंडाको संख्या घट्यो, त्यहाँ २२ गैंडा छन् ।

**असोज ३ गते शुक्रबार**

- स्वीडेनकी करिन लनग्रेन नेपालका लागि संयुक्त राष्ट्र संघको नायव विशेष प्रतिनिधिमा नियुक्त ।
- सर्वोच्च अदालतको पूर्ण बैठकद्वारा नेपाल बार एसोसिएसनका अध्यक्ष विश्वकान्त मैनालीलाई ६ महिनासम्म कुनै पनि अदालतमा वहस गर्न निषेध ।
- काठमाडौंको बल्खुमा बसले ठक्कर दिंदा मोटरसाइकलमा सवार २ जनाको मृत्यु ।
- नेपाल आयल निगमका ३ कर्मचारी नवलपरासीको दुम्कीबासमा घुस लिंदालिंदै पक्राउ ।

**असोज २ गते विहीबार**

- सन् १९५० को मैत्री तथा शान्ति सम्झौता र अन्य सन्धि-सम्झौतालाई पुनरावलोकन र अद्यावधिक गर्न नेपाल-भारत सहमत ।
- नेपाल बारका अध्यक्ष विश्वकान्त मैनालीको अभिव्यक्ति विरुद्ध सर्वोच्च अदालतबाहेक उपत्यकाका सबै अदालतका न्यायाधीशद्वारा इजलास वहिष्कार ।
- बालुवा चोरीका कारण काठमाडौंका ८ पुल जोखिममा ।
- बसको ठक्करबाट भक्तपुरको नङखेलमा १ बालकको मृत्यु ।
- प्रजातान्त्रिक आन्दोलनका सेनानी मथुरामानसिंह श्रेष्ठको ८३ वर्षको उमेरमा निधन ।
- ऐतिहासिक रामग्राम र तिलौराकोटलाई विश्व सम्पदा सँचीमा सुचिकृत गर्न सम्बन्धित अध्यनका लागि युनेस्को टोली नेपालमा ।
- २ सय ४५ मेगावाटको नौमुरे जलविद्युत् निर्माण गर्न भारत सहमत ।

# सुरु भयो महोत्सवको मौसम



**साप्ताहिक समाचार**

काठमाडौं– तपाईंले रामायण कति पटक हेर्नुभयो ? टेलिभिजन च्यानलबाट प्रसारण भैसकेको यो धार्मिक टेलिश्रृंखला नहेर्ने दर्शक कमै होलान् । यदि टेलिभिजनको पर्दामा राम तथा सीताको जोडीलाई हेर्ने मौका चुकाउनुभएको छ भने पीर नगर्नुहोस्, यसपटकको दसैंमा तपाईंले राम र सीताको जोडीलाई प्रत्यक्ष देख्न पाउनुहुनेछ । राजधानीमा पहिलो पटक दसैंकै मौका पारेर 'रामलीला' प्रदर्शन हुँदैछ ।

नवदुर्गा भवानी सेवासंघ तथा अग्रवाल सेवा केन्द्रको संयुक्त आयोजनामा आगामी असोज २४ गतेदेखि २५ गतेसम्म राजधानीको भृकुटीमण्डपस्थित फन पार्कमा 'नवरात्रि महोत्सव २०६५' हुँदैछ । महोत्सवमा भारतको मथुराबाट आएका कलाकारले रंगमञ्चमा 'रामलीला' प्रदर्शन गर्नेछन् । महोत्सवका प्रत्येक दिन साँझ ६ बजेदेखि ९:३० बजेसम्म रामलीला प्रदर्शन गरिनेछ । आयोजक संस्थाले दिएको जानकारीअनुसार नवरात्रि महोत्सवमा दुर्गा पूजा, रावण दहन, राज तिलकका साथै आकर्षक खेल, शाकाहारी खाद्यपदार्थको महोत्सव तथा कृष्णलीलासमेत प्रदर्शन गरिनेछ । महोत्सव बिहान १० बजेदेखि राति ९:३० बजेसम्म चल्नेछ ।

दसैं नजिकिंदै जाँदा राजधानीमा उत्सव तथा महोत्सवका कार्यक्रम आयोजित हुने क्रम बढ्दो छ । दसैं आएको अनुभव गराउने 'काठमाडौं उत्सव' देखि लिएर अन्य थुप्रै महोत्सव यसै सातादेखि सञ्चालनमा आउँदैछन् । विगत १५ वर्षदेखि भृकुटीमण्डपमा दसैंको पूर्वसन्ध्यामा आयोजना हुने 'काठमाडौं उत्सव' आजै शुक्रबारदेखि प्रारम्भ हुँदैछ । नौ दिनसम्म चल्ने यो महोत्सवले एउटै छातामुनि दसैंको किनमेलको अवसर त जुटाउनेछ नै, साथै थुप्रै मनोरञ्जनात्मक कार्यक्रमका साथ चाडपर्वको मौसमलाई थप मनोरञ्जक पनि बनाउनेछ । आयोजक एभरेस्ट एक्जिविसनले गत आइतबार पत्रकार सम्मेलन आयोजना गर्दै असोज १८ गते सम्म सञ्चालन हुने काठमाडौं उत्सवमा यसपटक २ लाखभन्दा बढी सहभागिता रहने अनुमान गरेको छ । यसपटकको काठमाडौं उत्सवमा सम्म १ सय ३० वटा स्टल रहनेछन् । पहिरनका स्टलहरूसँगै यसपटक उपभोक्ताले घरायसी प्रयोजनका विद्युतीय सामग्रीहरूसमेत खरिद गर्न सक्नेछन् ।

यसबाहेक उत्सवमा हास्य टेलिश्रृंखलाका लोकप्रिय कलाकारहरूको प्रस्तुतिका साथै दोहोरी गीत प्रतियोगिता, रविन एन्ड न्यू रेभुलुसन, एमटी ८८४८ तथा कर्मा ब्यान्डको सहभागितामा सांगीतिक कार्यक्रम, अन्तरविद्यालय नृत्य प्रतियोगिता तथा फुड फेस्टिवल हुनेछ । बिहान १० बजेदेखि साँझ ७ बजेसम्म सञ्चालन हुने महोत्सवलाई आकर्षक बनाउन अन्य थप मनोरञ्जनात्मक कार्यक्रम पनि सञ्चालन गरिने आयोजक संस्थाका प्रमुख भाष्करराज राजकर्णिकारले बताएका छन् ।

दसैंकै अवसर पारेर आज शुक्रबार साँझ याक एन्ड यति होटलमा एउटा सांगीतिक कार्यक्रम प्रस्तुत गरिंदैछ । 'मेगा म्युजिकल नाइट' शीर्षक राखिएको उक्त कार्यक्रममा सांगीतिक क्षेत्रका लोकप्रिय कलाकारहरू सहभागी हुँदैछन् । रोटरी क्लब अफ न्युरोडले आयोजना गर्ने यो कार्यक्रम साँझ ६ बजे प्रारम्भ हुनेछ ।

यसबीच दसैंकै अवसर पारेर त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरले 'दसैं बजार २०६५' सम्पन्न गर्‍यो । गत असोज २ गतेदेखि ६ गतेसम्म चलेको मेलामा दसैंका लागि उपयोगी सामग्री प्रदर्शन गरिएको थियो । मेला घुम्न जानेलाई डोर प्राइजको समेत व्यवस्था गरिएकाले मेलाले अनुमान गरिएभन्दा बढी दर्शक पाएको आयोजक संस्थाले जनाएको छ । मेलामा आधुनिक शैलीका पहिरनलगायत घरायसी सामग्रीहरूसमेत प्रदर्शन गरिएको थियो । यही मौका छोपेर कमलादीस्थित प्रज्ञा-प्रतिष्ठानमा गरगहनाको प्रदर्शनी 'ज्वलरी सपिङ मेला' सम्पन्न भएको छ । गोल्ड प्लेटेड, हैदरावादी मोती तथा अस्ट्रेलियन डायमन्ड प्रदर्शित उक्त मेला गत शनिबारदेखि मंगलबारसम्म चलेको थियो । यस्ता महोत्सव आगामी दिनमा समेत आयोजित गरिने आयोजकहरूले बताएका छन् ।


कुक, केयर गिभर तथा होटल तालिम
केयर गिभर तालिममा भारी छुट ३५% सम्म
असोज १७ सम्म मात्र
कुक केयर गिभर, हिब्रु भाषा, बेकरी, वेटर, रूममेड, सेल्स ब्वाई, सेल्स गर्ल्स
अमेरिका, जापान, अष्ट्रेलिया जानेहरुको लागि विशेष तालिमको व्यवस्था
५ तारे होटल, शिक्षक र ट्रेनिङको व्यवस्था, आधुनिक किचनमा ट्रेनिङ
KIHM Kupandole, Tel: 5523648 New Baneshwor, Tel: 2111404

होटल तालिम त्यो पनि छुटमा
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
२००३ मा स्थापित Worldwide valid Certificate
COOK (1, 2, 3, 6 month) Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc. EPS मा कोरियन भाषाको तालिम
UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG. होस्टलको पनि व्यवस्था छ
६ महिने कुकमा FREE BARMAN/६ जनाको ग्रुपमा आउँदा १ जना FREE
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
Student Visa मा जानेलाई Special Discount
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर, बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ, 2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर (Sahara School of Hospitality Mangement and Toursim Nepal), नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओक्सरबोट मार्ग, 2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर, नयाँ बानेश्वर, BICC पार्की ट्याङ्किको ठीक अगाडि, 4464720, 9841-891131, 98510-93629

कष्मेटिक उपचार
- शरिरमा भएका दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- टाउकोमा केश उमार्न
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Botox Treatment
सम्पर्क: ०१६९१०५३२, ९८०३८८३५७७
मानभवन, जावलाखेल





ब्युटिसियन ट्रेनिङ्गमा निशुल्क भर्ना खुल्यो
नेपाल सरकारबाट मान्यता प्राप्त बरिष्ठ ब्युटिसियनहरु द्वारा अत्याधुनिक मेसिनबाट रोजगारीको अवसर सहित Basic, Advance, Spacial Teacher training का साथै विभिन्न कोर्षहरुमा सिमित सिटमा भर्ना खुल्यो।
विदेश जान्हेरुका लागि Spacial Complete Course को पनि व्यवस्था छ।
रोज ब्युटीपार्लर ट्रेनिङ्ग सेन्टर
चाबहिल चौक, काठमाण्डौं ।
फोन न. ०१-२२१८९०८, ९८४१४८६८७
हेटौंडा: राप्तिरोड, फोन न. ९८०३८११५०८

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी ... प्रशिक्षकद्वारा ...
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

अब गर्व गरौ
100% Handsome & Beauty
३ महिनामा ३ इन्चसम्म उचाई बढाउन सफल
Height Plus
अन्तराष्ट्रिय होलोग्राम सहित
डेलिभरी सुविधा
0% side effect 100% effective
100% आयुर्वेदिक औषधि
रात परेपछि
नयाँ उमंग, नयाँ आनन्द
यौन: लिङ्गको विकास, शीघ्र पतन, दुर्वलता
स्तन: बढाउन, घटाउन र टाइट गर्न
शरीर: ३ महिनामा 12kg घटाउन, बढाउन
कुलत: जाँड रक्सीबाट पूर्ण मुक्ति 061-240234
4672065, 2084130
2172882, 9841883397

केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Rs. 750/- Herbal44
बेदाग गोरो मुहारको लागि
रूपअमृत + दस फेसवास-1600/-
चाउरीपना हटाउने Cream -1050/-
स्तन बढाउने Cream (दस फ्रि)-1650/-
ग्याष्ट्रिक ▶ ब्लडप्रेशर ▶ दम समाधान
शरीरको तौल + उचाई बढाउने
▶ सफल आयुर्वेदिक/प्राकृतिक उपचार ◀
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9845062538 Cell, इटहरी 025-580944

## सम्पादकीय

# विश्वास कमाउने अभियान

सशस्त्र दलबलसहित निजी सम्पत्ति कब्जा गर्न पुगेका भूमिसुधार तथा व्यवस्थामन्त्री मातृकाप्रसाद यादवलाई पदबाट राजीनामा गर्न लगाई प्रधानमन्त्री पुष्पकमल दाहालले मुलुकमा कानुनको शासनप्रति जनताको विश्वास कायम गर्ने आफ्नो प्रतिबद्धता व्यवहारमा लागू गर्ने प्रयास गरेका छन् । मन्त्री पदबाट राजीनामा गरिसकेका यादव आफ्नो स्वभावका कारण विवादमा आइरहन्छन् । पदीय मर्यादाविपरीतका उनका काम–कारबाहीको फेहरिस्त लामो छ । विगतमा पनि नेपाली जनता यादवलाई नेकपा माओवादीले काखी च्यापेको अवस्थाप्रति आहत थिए । यही पृष्ठभूमिमा मुलुकको सत्तासीन प्रमुख राजनैतिक दलले यादवविरुद्ध गर्ने भनिएको कारबाही हेर्न नेपाली जनता प्रतीक्षारत छन् । यद्यपि यादवविरुद्ध उनको पार्टीले कस्तो कारबाही गर्छ त्यो भविष्यकै गर्भमा छ । अहिले नेकपा माओवादी सरकार सञ्चालनका लागि आफ्नो राजनैतिक विचारलाई संरक्षण गर्दै बहुदलीय प्रजातन्त्र र मानवअधिकारप्रतिको आफ्नो प्रतिबद्धताप्रति व्यावहारिक रूपमा प्रस्ट हुनुपर्ने दोबाटोमा छ । नेकपा माओवादीसमक्ष अहिले दस वर्षसम्म जनयुद्धमा होमिएका कार्यकर्ता र नेताहरूको व्यवहारलाई पनि जनभावनाअनुरूप ढाल्नुपर्ने चुनौती छ । माओवादीलाई सत्तामा पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको भनिएको उसको भ्रातृ संगठन योङ कम्युनिस्ट लिग ( वाईसीएल) अहिले पनि विवादमुक्त भैसकेको छैन ।

कुनै पनि सरकारको प्राथमिक दायित्व भनेको वैचारिक रूपमा सहमत वा असहमत सबै नागरिकको जीउधनको सुरक्षा गर्नु हो । यस्तो स्थिति अहिले नेपालमा विद्यमान छैन । सत्तामा रहेको माओवादीका भ्रातृ संगठनहरू अझै पनि युद्धकालीन धङधडी रहनुले उसका कतिपय राजनैतिक लक्ष्यलाई टाढा पुऱ्याउन सक्ने खतरासमेत देखिएको छ । यस्तो स्थितिमा संविधानसभा निर्वाचनमार्फत् नेपाली जनताले नेकपा माओवादीप्रति देखाएको विश्वास खण्डित हुन सक्छ भन्ने हेक्का माओवादी नेतृत्वलाई छ भन्ने संकेत मन्त्री यादव प्रकरणले देखाएको छ ।

अहिले प्रधानमन्त्री पुष्पकमल दाहाल अमेरिका भ्रमणमा छन् । त्यहाँ उनले अमेरिकाका राष्ट्रपति जर्ज डब्ल्यु बुस, संयुक्त राष्ट्रसंघका महासचिव वानकी मुनसहित विश्वनेताहरूसँग भेटघाट गरिरहेका छन् । उनले यस्तो भेटघाटमा आफू र आफ्नो राजनैतिक दल निर्वाचनको राजनीतिमा विश्वास गर्छ भन्ने सन्देश दिएका छन् । निर्वाचनमा विश्वास गर्ने राजनैतिक दलले जनताको सर्वोच्चतामा पनि विश्वास गर्छ । जनताको सर्वोच्चता प्रतिविम्बित हुने सबैभन्दा बलियो आधार भनेकै कानुनको शासन हो । कानुनको शासनमा सरकारले स्वीकृत गरेका निकायबाहेक कसैले पनि हतियार राख्ने वा बल प्रयोग गर्ने दम्भ देखाउन सक्दैनन् । यो पृष्ठभूमिमा नेकपा माओवादीले आफ्ना भ्रातृसंगठनहरूमार्फत् जनतालाई आतंकित गर्ने, उनीहरूको सम्पत्ति कब्जा गर्ने अभियान तत्काल बन्द गरेर युद्धकालीन अवस्थामा कब्जा गरिएका सम्पत्तिहरू फिर्ता गर्ने काममा थप ढिलाइ गर्नु हुँदैन । यदि त्यसो हुन सक्दैन र यादव प्रकरण दोहोरिरहन्छ भने नेकपा माओवादीप्रतिको जनताको विश्वास पातलिँदै जानेछ । नेकपा माओवादी जनताको विश्वास कमाउन आफ्ना कतिपय गतिविधिमा परिवर्तन र सुधार ल्याउन पक्कै पनि सचेत छ भन्नेमा हाम्रो विश्वास छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### मूल कर्ममा लाग

संविधानसभा सम्पन्न भएको महिनौं बितिसक्दा पनि संविधान निर्माणका लागि प्रयत्न प्रारम्भ भएको पाइँदैन, बरु दलीय किचलोले यो राष्ट्रिय मुद्दा ओझेलमा पर्दै गएको छ । यत्रो समय बितिसक्दा पनि संविधानको एउटै धाराको गर्भाधान हुन सकेको छैन ।

विवादको यो यात्राबीच सरकारले पूर्णता भने पाएको छ । अब यो पूर्णताको अवस्थामा ढिलासुस्ती नगरी, संविधान निर्माणमा जुट्नुपर्छ । पुराना दलहरूको कमजोरीकै कारण पहिलो शक्ति र चौथो शक्तिका रूपमा नयाँ शक्तिहरू उदाएका हुन् । यी नयाँ शक्तिहरू पनि जनताको विश्वासबाट च्युत हुने हो भने भोलि फेरि अर्को नयाँ शक्ति उदाउन सक्ने वा पुरानो इतिहास जनताकै स्वीकृतिमा फर्कन सक्ने अवस्था देखिन्छ ।

यो सरकारको पहिलो प्राथमिकता नूतन संविधानको निर्माण हुनुपर्छ । यो प्राथमिकतापछि मात्र अरू प्राथमिकतालाई पछ्याउनु उचित हुन्छ । संविधानका धारा परित्याग गरी, मेलम्चीको धारालाई अँगाल्न खोज्ने अधिकार यो सरकारलाई छैन । यो विशुद्ध संविधानसभाको सरकार हो र यसको दायित्व संविधान निर्माण नै हो । जनताको हातमा संविधानको दस्तावेज थमाउनेबितिकै यो सभा विघटन हुन्छ । दुई दिनको जिन्दगी भनेजस्तो, दुई वर्षको यो संविधानसभाका लागि दलहरू जुट्नु नितान्त आवश्यक छ । राजा त्रिभुवनले सात सालमा शाही घोषणा गरी चर्चामा ल्याएको संविधानसभा पूर्ण गर्ने जिम्मेवारी पाउनु कम गौरवको कुरा होइन । त्यस बेलामा जनताले संविधानसभा भनेको के हो बुझेका थिएनन् र यही अशिक्षाको लाभ उठाउँदै संविधानसभा तुहाइयो । आजको समय फरक छ । आज संविधानसभा थुप्रै ओठको थुप्रै व्याख्यापछि चर्चामा आएको हो । साना बालबालिकाले पनि परिभाषित गर्न सक्ने आजको समयमा संविधानसभा असफल भयो भने यसको मूल्य राजनैतिक दलहरूले नै भुक्तान गर्नुपर्नेछ ।

अहिले जनताले मुख्य विश्वास गरेको दल भनेको नेकपा माओवादी हो । किनभने नेकपा माओवादी बन्दुकको बेलामा उदाएको नयाँ शक्ति हो र यो दलले अरू पुराना लोकप्रिय दलहरूलाई पछाडि पारेर संविधानसभाको निर्वाचनमा मत पाएको थियो । हामी केही गर्छौं, हामीलाई मत दिएर त हेर भनी गरिएको प्रचारले पनि नेकपा माओवादीप्रति जनता बढी नै आशावादी भएका हुन् । अहिलेको सरकारका सामु नयाँ संविधान चुनौतीका रूपमा उभिएको छ, किनभने संविधानसभा निर्वाचन सम्पन्न भएर पनि विश्वका कैयन् देशले असफलता भोगेको इतिहास छ । नेपाल पनि यस्तै खतरातर्फ लम्किरहेको छ । एकातिर कांग्रेस चित्त दुखाएर बसेको छ भने सरकारमा पुग्नेहरू नै आरोप र प्रत्यारोपको जुहारीमा मग्न छन् । अर्कातर्फ माओवादीभित्रै पनि सत्ता ध्रुवीकरण देखिएको छ ।

ज्ञानेन्द्र शाहको आगमन बिन्दु अलोकप्रिय भए पनि, प्रस्थान बिन्दु लोकप्रिय थियो । नेपालका पूर्व नरेश ज्ञानेन्द्रले आफ्नो श्रीपेचलाई हाँसीखुसी त्यागेर जानुले सानो हिस्साका लागि खिचातानी गर्ने नेपालका नेताहरूलाई भौतिक चीज केही होइन भन्ने गतिलो पाठ सिकाउँदै संविधान निर्माणको मूल कर्मतर्फ प्रेरित गर्नुपर्ने हो ।

**–प्रेमकृष्ण श्रेष्ठ, कीर्तिपुर, बाहिरीगाउँ**

### सर्वत्र राजनीति

राजनीतिको हावाले अक्रान्त छ हाम्रो देश । भनिन्छ, राजनीतिले ईश्वरलाई पनि धोका दिन्छ तर पनि राजनीतिविना मानवजीवन र समाज आफैं आपाङ्गजस्तै ठहरिन पुगेको छ । नेपाल जतिको राजनैतिक प्रभाव र राजनैतिक मनोग्रन्थिको नशाले अरू मुलुकलाई पिरोलेको छ कि छैन त्यो खोज र अध्ययनकै विषय हुनसक्छ । अहिले नेपालको परिवेश र अवस्थाको अध्ययन-अवलोकन गर्ने हो भने कुनै पनि क्षेत्र राजनीतिबाट मुक्त छैन ।

कुनचाहिं क्षेत्रमा राजनीति छ भनेर खोज्ने भन्दा पनि कुनचाहिं क्षेत्रमा राजनीति छैन भन्ने प्रश्न महत्त्वपूर्ण भएको छ । साँच्चै हो पनि, कुनचाहिं क्षेत्रमा राजनैतिक हिलो लतपतिएको छैन ? सुरक्षा, प्रशासन, उद्योग, कलकारखाना, होटल, रेस्टुराँ, शैक्षिक संस्थानहरू, खेलकुद, तरकारी दोकानदेखि साना-साना फुटपाथे पसलसम्मलाई राजनीतिको हावाले छोएको छ ।

राजनैतिक पार्टीको झन्डा बोकेर कुनै एउटा पार्टीको वाद र सिद्धान्तमा लागेर नेपाली जनता र युवाहरू सिर्जनात्मक काम एवं अवसरको निर्माण गर्नुको साटो एक-आपसमा लड्ने, जुध्ने र मारामार गर्नेबाहेक अरू कुनै ठूलो नतिजा हामीले देख्न र भोग्न सकेका छौं र ? राजनीति गर्नै हुन्न र राजनीतिबाट हरेक मानिस अलग रहनुपर्छ भन्ने पनि होइन, तर सानोभन्दा सानो कुरामा पनि राजनीतिको हालीमुहाली हुनुलाई देशका निम्ति बाधक मान्नुपर्छ । वास्तवमा कतिपय क्षेत्र यस्ता छन् जहाँ राजनीतिभन्दा माथि उठेर देश र जनताका लागि गर्नैपर्ने काम र कर्तव्यहरू छन्, तर यहाँ कुनै पनि क्षेत्र राजनीतिबाट मुक्त हुन नसकेका कारण नैराश्यता सिवाय केही छैन ।

अहिले नेपाली युवा अनेक खाले लिग अनि फोर्सको नाममा पार्टीहरूको विचार र झन्डा बोकेर एकले अर्कालाई आक्रमण गर्ने अनि विपरीत विचार बोकेकाहरूलाई नियन्त्रण गरी खुम्च्याउने काममा व्यस्त छन् । युवाहरू यतिबेला आफ्नो सुनौलो भविष्य निर्माण गर्दै सफलताका क्षितिज चुम्ने मार्गमा लाग्नुको सट्टा राजनीतिको नशामा चुर्लुम्म डुबेर एक किसिमको नैराश्यता एवं वैमनश्यताको वातावरण सृजना गरिरहेका छन् ।

राजनीति यति धेरै भैसक्यो कि यसले समाज र राष्ट्रलाई अधोगतितिर धकेलिदिएको हो कि भन्ने लाग्न लागिसकेको छ । जतिवटा सरकार परिवर्तन भए पनि आधारभूत आवश्यक वस्तुहरू महँगो दाम तिरेर पनि सुलभ ढङ्गले प्राप्त हुन सकेको छैन । मट्टीतेल, डिजेल, ग्याँस आदि लाइन बसेर पनि पाउन सकिँदैन ।

महँगीले आकाश छुन लागेको छ । बल्ल-बल्ल लाइनमा बसेर पाएको इन्धनमा पनि मिसावट भएकाले समस्या अझ बढिरहेको छ । यातायातको अभावले कष्टकर यात्रा गर्नु यात्रुहरूको दैनिकी नै भएको छ । कोसीको पानीले हजारौं नेपाली जनताको ज्यान र धनमालको क्षति तुल्याएको छ । नेपाली सार्वभौमिकता एवं अखण्डतामाथि खुलेआम आक्रमण भैरहेको छ । यता नेताहरू भने राजनैतिक आरोप-प्रत्यारोपमा नै व्यस्त देखिन्छन् ।

उपराष्ट्रपतिले हिन्दीमा शपथ खाए, त्यसको सर्वत्र विरोध भएको थियो । प्रधानमन्त्रीले राष्ट्रिय पोसाक नलगाई शपथ खाएकोमा पनि प्रश्नचिन्ह उठेकै थियो । अहिले हाम्रो राष्ट्रिय भाषा र पोसाक के हो भन्ने कुरामा पनि अन्यौल देखिएको छ । राजनैतिक ज्ञान र दायित्व सबै नागरिकमा हुनु आवश्यक छ, तर राजनीतिको दाउपेचमा लागेर आफ्नो अस्तित्व नै सङ्कटमा पार्ने काम गरिनु हुँदैन ।

**–रेशमकुमार सुनुवार**

## तीतो सत्य

फाटो भएर मिल्नुभन्दा फाटो नै नहुनुमा धेरै कल्याण हुन्छ ।

प्रेम पैसा तिरेर किनिने वस्तु होइन, यो बजारमा बेच्न राखिने चीज पनि होइन ।

विचारै नगर्ने हो भने कसरी विचार उत्पन्न हुन्छ, विचार गर्दागर्दै ठीक विचार प्रादुर्भाव हुन्छ ।

काँडा आफै तिखारिएको हुन्छ, तिखारिरहनुपर्ने आवश्यक पर्दैन भनेजस्तै बुद्धिमान्लाई सम्झाइरहनु पर्दैन ।

झूटलाई लुकाउनु असम्भव हुन्छ ।

सत्कर्मको परिणाम लाभ हुन्छ भने दुष्कर्मको परिणाम हानि ।

असल चालचलनले हरबखत असल मार्गमा हिँड्न अभिप्रेरित गरिरहेको हुन्छ ।

असत्यभित्र असत्य नै हुर्किरहेको हुन्छ, सत्य होइन ।

सानो खोलाको सहयोगबिना विशाल समुद्रको उत्पत्ति हुन सक्दैन ।

जसरी साँचोद्वारा ताल्चा उघारिन्छ त्यसरी नै ज्ञान र शिक्षारूपी साँचोद्वारा मनको आँखा उघार्ने प्रयत्न गर्नुपर्छ ।

म, मेरो र मलाई भन्ने स्वार्थी भावनाले कसैको पनि कल्याण गर्दैन ।

ज्ञान प्राप्त गरेर पनि निदाउन खोजिन्छ भने जीवन निरर्थक र अनुचित नै ठहरिन्छ ।

**– विन्दु**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

## सहर चर्चा




नीरज कोइराला (३८)ले जीवनमा संघर्ष नगरेका होइनन् । आज उनी एउटा नाम चलेको वेबसाइटका सञ्चालक भएका छन् । बेवसाइटको सञ्चालन गर्ने बेलासम्म उनले सफलताका धेरै कथा गुथिसकेका छन् । नीरजलाई भाग्यमानी पनि भन्न मिल्छ, किनकि उनले जति पनि सफलता पाए सबै फुर्सदमा पाए । उनकै शब्दलाई साभार गर्ने हो भने उनले एकैपटक चुचुरोमा पुग्न चाहेनन् । जीवनलाई रंगीन बनाउँदै फुर्सदिलो समयको सदुपयोग गरेझैं जीवनमा सबै कुरा पाउँदै गए । दार्जीलिङबाट क्याम्पस जीवन पूरा गरेपछि उनले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र तथा मानवशास्त्रमा स्नातकोत्तर गरे । त्यही दौरान उनी युएनडिपीमा कार्य गर्न थाले । एउटा प्रोजेक्टको सिलसिलामा उनी गोरखा जिल्लाको दुर्गम गाउँमा पुगे र नेपाली जनजीवनलाई नजिकबाट नियाले । १२ वर्षअघि उनी हिट्स एफएममा आरजे भए । त्यही एफएममा उनले बजार व्यवस्थापन पनि सम्हाले । नीरज सहभागी भएपछि उनीलगायत हिट्स समूहले हिट्स एफएम म्युजिक एवार्डको सूत्रपात्र गऱ्यो । उनले नगरेका काम कमै होलान् । अंग्रेजी भाषामा दखल भएका नीरजले विभिन्न वृतचित्र, छोटा चलचित्र, उद्घोषण, व्यापारिक कार्यक्रम, सांगीतिक कार्यक्रम सबै गर्न भ्याएकै छन्, त्यो पनि आरामसँग । नीरजले सञ्चालन गरेको ग्रीन प्रोडक्सनको 'फुर्सद डटकम' कम समयमा धेरैले हेर्ने स्वदेशी वेबसाइट भएको छ । नआत्तिई कर्म गर्दैगएपछि सफलता आफैं हात लाग्दै जान्छ भन्ने कुराको उनी उदाहरण भएका छन् ।



### सुनीताका पहिरन

**सुनीता घिमिरेलाई सबैभन्दा मनपर्ने पहिरन के हो ? भनेर जिज्ञासा राख्ने हो भने उनले सहजै भन्नेछिन्– 'सारी–चोलो ।' मोडलहरूका तस्बिर प्रकाशित हुने वेबसाइट संसार डटकमको भ्रमण गर्नेहरूले उनका आकर्षक तस्बिरहरू हेर्न पाउनेछन्, जसमध्ये अधिकांश तस्बिरमा उनी सारी तथा चोलोमा सजिएकी छिन् । ५ फिट २ इन्च अग्ली सुनीता तिब्बती मूलकी हुन् । वेबसाइटमा तस्बिर प्रकाशित भएपछि मोडलिङका केही अवसर पाइसकेकी सुनीता म्युजिक भिडियोमा अभिनय गर्न इच्छुक छिन् । ५४ किलोग्रामकी सुनीताको आकर्षक शारीरिक बनावटले उनलाई मोडलिङ क्षेत्रमा स्थापित हुने अवसर जुटाएको छ । उनको शारीरिक बनावट ३३X३०X३७ हो । कालो केश तथा कालो आँखा भएकी सुनीतालाई आफ्ना शरीरका अंगहरूमध्ये आँखा सबैभन्दा मन पर्ने रहेछ, 'सबैले मेरो आँखा नै सुन्दर छ भन्छन् ।' साथी–संगीहरूमाझ पनि सुनीताकै नामले परिचित सुनीता फुर्सदमा संगीत सुन्न रुचाउँछिन् ।**

साइबर गर्ल

## मुखाले

प्रचण्डको दर्शन भनेको कानुनी शासनको दर्शन होइन, महेन्द्रको जस्तै लोकतन्त्रको आवरणभित्र हुकुमी शासनको दर्शन हो ।

**–रामचन्द्र पौडेल, नेपाली कांग्रेस**

राजा भागेर विदेश पुगेका भए निर्वासित सरकार बनाउन सक्थे, तर उनले त्यसो गरेनन् ।

**–रामराजाप्रसाद सिंह**

मैले गरेको काम सोह्रैआना ठीक हो ।

**–मातृकाप्रसाद यादव**

अहिले पार्टी संयन्त्र कमजोर छ र कांग्रेसका पदाधिकारीहरू परिवर्तन नभै कांग्रेसमा परिवर्तन आउँदैन ।

**–नरहरि आचार्य, नेपाली कांग्रेस**

सन्धि पुनरावलोकनका लागि राष्ट्रिय सहमतिको आवश्यकता पर्छ ।

**–चक्र बाँस्तोला, नेपाली कांग्रेस**

जथाभावि नाङ्गो नाच देखाउने परम्परा बन्द गर्न बरु सरकारले यौन व्यापारका लागि रेड लाइट एरिया तोक्छ ।

**–वामदेव गौतम, गृहमन्त्री**

न्यायाधीशमाथि मुद्दा नचलाएसम्म भ्रष्टाचार न्युनीकरण हुँदैन ।

**–विश्वकान्त मैनाली, अध्यक्ष नेपाल वार एसोसिएसन**

श्रीमतीको एक फोनले थुरुथुरु हुनेहरू समेत जुगामा ठाँटिन्छन् ।

**–तुलसी घिमिरे, चलचित्र निर्देशक**

छोटा पहिरन लगाएर हिंड्नेहरूमाथि दुराचार भएको छ भन्ने सुनिन्छ ।

**–स्वस्तिका राजभण्डारी, मेगा मोडल**

# एम्बुसमा डनहरू

पृष्ठ १ बाट जारी

सुरु भएको छ।' स्रोतका अनुसार अहिले गणेश लामा, काजी शेर्पा र साजन महर्जन मिलेर काम गर्ने सहमतिमा पुगेका छन्।

काभ्रेका गणेश लामा 'काभ्रेली' को उपनामबाट चिनिन्छन्। मैतिदेवी बस्ने लामाले दीपक मनाङेसँग लामो समय काम गरेका थिए। उनीसँग अहिले एक दर्जन विश्वासिला सहयोगी र २ सय जना केटाको समूह छ। ठमेलमा रहेका ३ दर्जन रेस्टुराँ र अन्य व्यवसाय चलाएका काभ्रेलीसँग अत्यधिक पैसा हुनुले नै उनी शक्तिशाली बनेको सूत्रले बतायो। काभ्रेली बानेश्वर क्षेत्र पनि हेर्छन्। काभ्रेलीसँग निकट सम्बन्ध बनाएका काजी शेर्पा चाबहिल, जोरपाटी क्षेत्रका डन हुन् भने कुमार घैंटे र साजन महर्जन सामाखुशी क्षेत्रका डन हुन्। घैंटे र महर्जन दुवै चक्रे मिलन समूहका मानिन्छन्। यस्तै चक्रे मिलन समूहकै पूर्ण सेठ्ठी सुन्धारा क्षेत्रका हुन्।

सुरुमा दुई समूहअन्तर्गत रहेका साना डनहरू किन अलग हुँदै गएका हुन्? भन्ने प्रश्नमा स्रोत भन्छ- पहिलो पैसा धेरै भएर, दोस्रो नेतृत्वको महत्त्वाकांक्षा बढेर। यो क्षेत्रमा संलग्नहरूमध्ये बलिया र बाठाहरू लामो समयपछि माथिल्लो तह पुग्छन्। त्यहाँ कसरी काम हुन्छ भन्ने थाहा पाइसकेपछि उनीहरूमा एक प्रकारको महत्त्वाकांक्षा बढेर जान्छ, जसका कारण उनीहरू स्वतन्त्र भएर काम गर्ने इच्छा राख्छन्।

काठमाडौंमा डनहरूको सञ्जाल एकाएक विस्तार भैरहेको अवस्थामा माओवादीको भातृसंगठन वाईसीएलको गठनले त्यसलाई तितरबितर बनायो। 'तर अहिले त्यस्तो अवस्था छैन' बानेश्वर क्षेत्रका एक समूहका सदस्य भन्छन्- 'अब वाईसीएलको भूत समाप्त भैसक्यो भन्दा फरक पर्दैन, किनकि उनीहरू पनि हप्ता असुली गर्छन्।'

काठमाडौंभित्रका एरिया डनहरूलाई वाईसीएलले कार्यकर्ता पनि बनाएको छ। वाईसीएलले एरिया डनहरूलाई पक्रेर कारबाही गरेपछि उनीहरूले आत्मसुरक्षाका निम्ति पनि वाईसीएलकै लागि काम सुरु गरेको स्रोत बताउँछ। 'माओवादी विचारधारालाई आत्मसात् नगरे पनि आफ्नो दबदबा कायम राख्न पाइन्छ भने किन माओवादी नबन्ने ?' माओवादी बनेका एक डनले भने- 'वास्तवमा हामीले कहिल्यै कुनै एक पार्टीको भनेर काम चल्दैन।' राजनैतिक परिचयमा काम गर्नुको मज्जा पनि छुट्टै भएको उनले बताए। वाईसीएलले संविधानसभा निर्वाचनअघि काठमाडौंका सबै स्थानमा आफ्नो पकड जमाएको थियो। मै हुँ भन्ने दादाहरूको रेस्टुरेन्टले पनि वाईसीएललाई पैसा बुझाउनुपरेको स्रोत बताउँछ, तर कहलिएका व्यक्ति हुन्। जो पछि तस्करीमा मुछिए। पञ्चायतकालमा भूषण खनाल र दिवाकर घले दादागिरीमा जमेका थिए, तर पञ्चायतको अवसानसँगै राजीव गुरुङ (दीपक मनाङे) र मिलन गुरुङ (चक्रे) चर्चामा आए। चक्रपथको भएकाले नामको अगाडि चक्रे थपिएका मिलनको क्षेत्र महाराजगन्ज थियो भने ठमेलमा जन्मिएका दीपकले आफ्नो थलोलाई नै व्यवसायको क्षेत्र बनाएका थिए। दीपकले सामाखुसी र कालिमाटी वरपर पनि आफ्नो सञ्जाल विस्तार गरेका थिए। त्यस्तै मिलनले गोंगबु, चाबहिल, वाफल, सुन्धारामा आफ्नो कार्य विस्तार गरेका थिए। प्रहरी दुर्व्यवहारको प्रतिकार गर्दा डनको उपमा पाएको बताउने यी दुवैले प्रहरीको प्रतिकार गर्नकै लागि आ-आफ्नो सञ्जाल विकास गरेका थिए। दादाहरूको संसारमा भिडन्त सामान्य मानिन्छ। केही वर्षअघि दीपक मनाङेको समूहले चक्रे मिलनमाथि सांघातिक हमला गरी हात छिनाइदिएको चर्चा सबैतिर व्याप्त छ। तर चक्रेको हात आफ्नो समूहले छिनाएको भन्ने कुरा दीपक मान्न तयार छैनन्। स्रोत भन्छ- 'अब चाँडै निर्वाचनपछि अहिले फेरि वातावरण 'चेन्ज' हुँदै गएको ती दादा बताउँछन्। उनी भन्छन्- 'तर अब राजनैतिक संरक्षणविना अघि बढ्न गाह्रो हुन्छ भन्ने थाहा भयो।'

**दादाहरूको इतिहास**

प्रहरी स्रोतका अनुसार कालु मनाङे दादागिरीको इतिहासमा नै दीपक समूहबाट छुट्टिएकाहरूको भिडन्त हुने सम्भावना छ।' दादाको इतिहास कोट्याउँदा राजु गोर्खाली नाम छुटाउन नमिल्ने व्यक्ति हुन्। मिलन र दीपक बराबर मानिने राजु बेबिलोन डिस्कोका सञ्चालक राकेश लिम्बुको हत्या अभियोगमा मुद्दा दायर भएपछि फरार भएका थिए।

**आम्दानीको स्रोत**

केही समयअघि एक जिल्लाको एउटा ठेक्का प्रक्रियामा दुई डन अन्तर्गतका चिङफेराहरू टेन्डर प्रक्रियाका लागि ठेकेदारसहित पुगेका थिए। एक समूहले गरिसकेको काममा हस्तक्षेप नगर्ने उनीहरूको नीति भए पनि एकैपटक दुवै समूह एउटै कामका लागि त्यहाँ पुगेपछि त्यहाँ भिडन्त हुने अवस्था आइपरेको थियो। पछि उनीहरूले मिलेर त्यसको कमिसन लिए। दादाहरूको आयको मुख्य स्रोत नै ठेक्का प्रक्रिया भएको स्रोत उल्लेख गर्छ। टेन्डर आह्वानको सूचना हेरेपछि उनीहरूले ठेकेदार पत्ता लगाएर ठेक्का आफ्नो पक्षमा पार्छन्, यदि आफ्नो पक्षमा नहुने भए त्यो टेन्डर कसैले हाल्न नसक्ने वातावरण तयार गरिदिन्छन्। महानगरीय प्रहरी प्रमुख सर्वेन्द्र खनाल अहिले दादाहरूले टेन्डरमा केही गर्न नसक्ने अवस्था आइसकेको बताउँछन्। टेन्डरमा कसैले खेल खेलेको वा अरूलाई टेन्डर हाल्नबाट रोक्ने प्रयास गरेको थाहा पाए प्रहरीले डन्डा चलाइहाल्ने उनले बताए। काठमाडौंमा सबै डनले रेस्टुराँ व्यवसाय पनि चलाएका छन्। डिस्को, डान्स रेस्टुराँ र क्लबमा पनि उनीहरूको लगानी छ। यसबाहेक केही डन रियलस्टेटको कारोबारमा पनि संलग्न छन्। कसैको फसेको पैसा उठाइदिने, व्यवसायीलाई संरक्षण दिने तथा हप्ता असुली गर्ने काम चिंगफेराको हुन्छ। स्रोतका अनुसार दीपकले काँडाघारी, बल्खु तथा दक्षिणकालीको बालुवाखानी सञ्चालन गरेका छन् भने मिलनले टोखा, मूलपानी, धापासी तथा जोरपाटीको बालुवाखानी चलाएका छन्। केही वर्षयता दादाहरूको आम्दानीको अर्को मुख्य स्रोत रक्तचन्दन तस्करी पनि बनेको छ। साना डनहरूले अत्यधिक पैसा कमाएको यो पेसामा चिंगफेराहरूलाई पनि सहभागी गराइन्छ।

**कसरी बन्छन् डन ?**

'डन बन्न सजिलो छ,' शान्तिनगरमा भेटिएका एक स्थानीय दादाले भने- 'तपाईंसँग पैसा पनि छैन, मेहनत गरेर काम गर्ने अनि पैसा कमाउने भन्ने कुरामा विश्वास गर्नुहुन्न भने डन बन्नुको विकल्प हुँदैन।' केही सम्पन्न परिवारका बिग्रिएका छोराहरू अपवादका रूपमा दादा भए पनि अक्सर सामान्य परिवारबाट आएकाहरू यो पेसामा लागेको उनी बताउँछन्। प्रहरी स्रोतका अनुसार काभ्रेबाट आएका भरियाहरू बलिया भएकाले यो पेसामा जम्न सफल भएको देखिन्छ। पल्सर मोटरसाइकल, आधुनिक मोबाइल फोन बोक्ने चाहना राखेका बेरोजगार युवाहरू चिंगफेरा हुने गरेका छन्।

## म हुँ डन

अहिले राजधानीमा कोही पनि दादा नभएको प्रहरी निकाय उल्लेख गर्छ। 'दादा कहाँ छन्, हामीलाई भन्नुहोस्, हामी तिनलाई ठीक पार्छौं' महानगरिय प्रहरी प्रमुख सर्वेन्द्र खनाल भन्छन्- 'केही लछारपाटो लगाउन नसकेर भागेकाहरू पनि कतै डन हुन्छन ?' डनको जमाना गैसकेको बताउने खनाल कसैले आफूलाई डन भन्छ भने उसले आफूमा भएको क्षमता देखाए त्यसको प्रतिकार गर्न प्रहरी तयार रहेको बताउँछन्। 'सय-डेढ सय जनाको ग्याङ बनाउँदैमा कोही डन हुँदैन,' खनालले भने-' त्यस्तो हुने भए म डन हो, मेरो पछाडी ५६ हजारको फोर्स छ।'

## पार्टीभित्र डन

माओवादीको वाईसीएल र एमालेको युथ फोर्सको दबदबापछि यतिखेर कांग्रेसले पनि 'तरुण दस्ता' खडा गरी प्रतिकारमा जानुपर्ने विषयमा बहस चलाएको छ। केही समयअघि दोलखाका कांग्रेसी युवाहरूले त्यही दबदबा महसुस गरेर स्थानीय स्तरमै तरुण दस्ता खडा गरे। 'दोलखाको घटनाले कांग्रेस भित्र नयाँ बहसको थालनी गरेको छ।' कांग्रेसका युवा नेता जगदीशनरसिंह केसी भन्छन्- 'कांग्रेसले प्रतिकारमा जान पनि बाध्यताका रूपमा लडाकु दस्ता खडा गर्नुपर्ने भएको छ।' अहिले कांग्रेसका युवा नेताहरू यो विषयमा सहमत भएको केसी बताउँछन्। उनका अनुसार पार्टीले आधिकारिक रूपमा यस विषयमा निर्णय गरिनसके पनि ७५ वटै जील्लामा दोलखाको जस्तै तरुण दस्ता निर्माण गर्नुपर्छ भन्ने दबाब छ। 'नेपाली कांग्रेस शान्तिपूर्ण राजनीतिमा विश्वास गर्ने पार्टी हो।' युवा नेता केसीले भने- 'तर अरूको हेपाइलाई कांग्रेसले टुलुटुलु हेरेर बस्नुपर्छ भन्ने छैन।' एमालेले चर्चित डन चक्रे मिलनलाई युथ फोर्समा सामेल गराउनुले पनि युथफोर्समा एमाले विचारका डनहरूले संरक्षण पाएको देखिन्छ। युथ फोर्सका अध्यक्ष महेश बस्नेतले भनेका पनि छन्- 'दादाहरूलाई सुधार्न युथ फोर्सले उनीहरूलाई राजनैतिक संरक्षण दिनुपर्छ भन्ने मान्यता राखेको छ।'

## चिंगफेराहरूको सञ्जाल

दादाहरूको संसारमा चिंगफेरा लोकप्रिय कोड हो। चिंगफेरा के हो ? एक स्थानिय दादाले भने- चिंगफेरा जापानी शब्द हो, जसको अर्थ हुन्छ, टोलको दादा। दादागिरीको सञ्जाल बढ्दै जाँदा राजधानीभित्र झन्डै सयवटा चिंगफेरा थिए। चिंगफेराको एक समूहमा कम्ती दुई दर्जन सदस्य हुन्छन्। उनीहरूको आम्दानीको स्रोत पनि स्थानीय क्षेत्र नै हुन्छ। 'स्थानीय स्तरमा कसैलाई सहयोग गर्नुपर्‍यो भने र डनहरूको माथिल्लो निकायबाट निर्देशन आयो भने चिंगफेरा परिचालित हुन्छ।' स्थानीय दादाले भने- 'चिंगफेराका प्रत्येक सदस्यसँग कम्तीमा मोटरसाइकल र आधुनिक मोबाइल हुन्छ, फुसर्दमा उनीहरू कुनै एक स्थानमा भेला भएर बस्छन्। यहाँ पनि टोलैपिच्छे चिंगफेरा छन्।' चिंगफेराहरूमध्येबाट एउटा नेता सेलेक्ट हुन्छ। जुन त्यो एरियाको डन हुन्छ। एरिया डनले तलका चिंगफेराहरूको संरक्षणको जिम्मेवारी लिएको हुन्छ। चिंगफेरामध्ये जो शक्तिशाली छ, त्यो एरिया डन बन्छ, जसलाई ऊभन्दा माथिको डनले कुनै कामका लागि आदेश गर्छन्। डनभन्दा माथि मुख्य डनहरू हुन्छन्, जो ठूला केसमा मात्र आफैं संलग्न हुन्छन्। 'हाम्रो सञ्जालमा पनि चेन सिस्टम छ' ती स्थानीय दादाले भने- 'चिंगफेरा कुन समूहसँग आबद्ध छ भन्ने नै हुँदैन, उसलाई यो कसको निर्देशन हो भन्ने पनि थाहा नहुन सक्छ। चिंगफेरा आदेश पालनकर्ता मात्र हो।' तल्लो तहको चिंगफेरामा मनाङेको मानिस हुँ नि भन्नेहरूले थाहै नपाई चक्रेको काम गरेको उदाहरण पनि भएको उनले बताए।

# को हुन् दीपक मनाङे ?

ठमेलमा जन्मिएका राजीव गुरुङ अर्थात् दीपक मनाङे कलकत्ता र सिक्किममा हुर्किएर २४ वर्षअघि काठमाडौं फर्किएका हुन्। काठमाडौं आएलगत्तै दीपकले रेडिमेड कपडाको व्यापार गरे। काठमाडौंमा तयार भएका पोसाक दिल्लीमा लगेर बेच्ने र उताबाट फर्कंदा लेदरको ज्याकेट लिएर आउने उनको यो पेसा दुई वर्षसम्म चल्यो। सिक्किममै कक्षा १० सम्मको अध्ययन पूरा गरेका दीपकको यो व्यापारमा तत्कालीन प्रहरी तथा सेनाका मानिसहरूले समस्या खडा गरिदिएपछि उनी बर्माको सिमानानजिकको भारतीय सहर मोरे गएर बसे। तीन वर्ष मोरेमा बसेपछि दीपक फेरि काठमाडौं फर्किए।

काठमाडौं आएपछि उनले याकजोन क्लब सञ्चालन गरेका थिए। एक दिन तत्कालीन युवराज दीपेन्द्रका एडीसी राजु कार्कीलाई मरणासन्न हुने गरी पिटेपछि आफूलाई प्रशासनले पेल्न थालेको दीपक बताउँछन्। त्यसपछि उक्त क्लब नै बन्द भएको थियो। याकजोन, जली डिस्को, टनेल र ड्रम क्लब तथा ट्वान्टी फोर आवर रेस्टुराँ सञ्चालन गरेका दीपकले यसबीच निहुँ खोज्न आउने, हप्ता असुली गर्ने सुरक्षाकर्मीलाई पिटेरै तह लगाएको जिकिर गरे। राजनीति मोहका कारण उनी राप्रपाको युवा संगठनको केन्द्रीय सदस्य तथा पार्टीको मनाङ जिल्ला सचिव पनि भए। मरिसकेको राप्रपालाई ब्यूताउने काममा उनले ठूलो योगदान गरेको जिकिर गरे।

राप्रपा संयुक्त सरकारमा सहभागी भएका बेला युवाहरूलाई रोजगार दिनुपर्छ भन्ने उनको मागलाई पार्टीले बेवास्ता गरेपछि उनी नेपाली कांग्रेसमा प्रवेश गरे। तरुण दल मनाङको मनोनीत अध्यक्ष भएर काम गरेको केही समयमै उनले कांग्रेस पनि छोडे। उनले युवाहरूलाई कोरिया पठाउने व्यवसाय पनि सञ्चालन गरेका थिए। पछिल्लो अवधिमा ठेक्कापट्टामा हात हालेका दीपकले ठमेल र दरबारमार्गका थुप्रै रेस्टुराँ सञ्चालन गरे। उनीसँग अहिले पनि एक दर्जन विश्वासिला सहयोगी छन्। युवाहरूको नेतृत्व गरेर राजनीति गर्ने चाहना राखेका दीपक शान्तिपूर्ण जीवनयापन गर्ने निर्णयमा पुगेका छन्। मिलन चक्रे हत्या प्रयास, काजी शेर्पा हत्या प्रयास तथा अभिषेक शाहविरुद्धको कुटपिट र अन्य केही मुद्दामा गिरफ्तारीमा परे पनि स्पष्ट प्रमाण नभएकाले उनले सफाइ पाउँदै आएका छन्। मिलन चक्रे हत्या प्रयासको आरोपमा उनी २०६१ चैतमा गिरफ्तार भएर २०६३ माघमा रिहा भएका थिए।

भारतमा जस्तै नेपालमा पनि प्रहरीले ग्याङ फाइट गराउने खेल खेलिरहेको दीपक बताउँछन्। 'भारतमा दाउद तथा छोटा राजनका केटाहरूलाई प्रयोग गरेर उनीहरूकै साथीको हत्या गर्ने र त्यो हत्याको अभियोगमा तिनै केटाहरूलाई फसाउने खेल चलेजस्तै नेपालमा पनि प्रहरीले हामीविरुद्ध केटाहरूलाई भड्काउने चाल चालेको थाहा पाएको छु।' दीपकले भने- 'तर यहाँ त्यस्तो हुनेवाला छैन, हाम्रा केटाहरू हामीविरुद्ध परिचालित हुन सक्दैनन् र हाम्रो पृष्ठभूमि दाउद वा छोटा राजनको जस्तो आपराधिक पनि होइन।' दीपकका अनुसार वास्तवमा डन, गुन्डा र दादा प्रहरी नै हुन्। दीपक भन्छन्- 'उनीहरू हप्ता असुली गरेर बाँचेका छन्, भ्रष्टाचार गरेर महल ठड्याएका उनीहरूको सम्पत्तिको छानबिन गर्नुपर्छ वास्तविकता आफैं बाहिर आउँछ।' एक उच्च अधिकारीले डिमान्ड गरेको पैसा नपाएपछि उनलाई फसाइएको आरोप पनि दीपकले लगाए।

०५९ सालमा क्लब डाइनेस्टीमा दीपक मनाङेले तत्कालीन दरबारका सचिवका छोरा अभिषेक शाहमाथि हातपात गरेको सार्वजनिक मुद्दामा उनलाई प्रहरीले दुई पटक पक्रिए पनि दुवै पटक प्रमाणको अभावमा छोड्नुपरेको थियो। गत साउन २३ गते दोस्रो पटक पक्राउ परेका दीपक ७ महिनाअघि पनि पक्राउ परेका थिए। सर्वोच्चले राजीव गुरुङ निर्दोष भएको बताएपछि उनी रिहा भएका थिए, तर राजीव गुरुङ नै दीपक मनाङे भएको भनेर उनीविरुद्ध अहिले सर्च वारेन्ट जारी गरिएको छ। 'डाइनेस्टी डिस्कोका साहू दीपक मनाङेलाई पक्राउ गर्न वारेन्ट जारी गरी त्यस बेला नै म्याद तामेल गरिएको थियो।' दीपकले भने- 'पहिलो डाइनेस्टी डिस्को नै कानुनी रूपमा दर्ता नभएको र दोस्रो डाइनेस्टी डिस्कोको साहू दीपक मनाङे नै होइन भने मलाई के आधारले उनीहरूले खोजी गरेका हुन् भन्नुपर्‍यो।'

उनी आफूलाई राजीव गुरुङ उर्फ दीपक मनाङे भए पनि डाइनेस्टी डिस्कोको दीपक मनाङे मान्न तयार छैनन्। क्लब डाइनेस्टी भन्नुपर्नेमा डाइनेस्टी डिस्को भन्ने प्रहरीले ठमेलको राजीव गुरुङलाई पक्रिएर १७ दिन जेल चलान गर्नुको कारण पनि खुलाउन माग राखेका छन्। दीपकबाट पिटिएका भनिएका अभिषेक शाहले पनि साप्ताहिकसँग दीपकसँग कुनै प्रकारको रिसइवी नभएको बताए। अभिषेकले भने- 'मेरो कारणबाट प्रहरीले उहाँलाई खोजिरहेको छ भने म त्यो मुद्दामा राजीव गुरुङ अर्थात् दीपक मनाङे निर्दोष भएको बयान दिन तयार छु।'

# मिलन चक्रेको कथा

आफूलाई स्पष्ट रूपमा एमाले भन्न रुचाउने मिलन गुरुङ अर्थात् चक्रे मिलन यतिखेर युथफोर्सका लिडर बनेका छन्। मिलन निकटस्थ स्रोतका अनुसार युथ फोर्सको अध्यक्ष हुने चाहना राखेका मिलन अबको जीवन राजनैतिक रूपमा बिताउने बताउँछन्। मिलनले गत भदौ ६ गते कोसी बाढीपिडितहरूका लागि भनेर रक्तदान तथा राहत संकलन गरेका थिए। राजधानीका चर्चित डन भनेर चिनिएका मिलनको उक्त कार्यक्रममा देव गुरुङ, नरहरी आचार्य आदि नेताको उपस्थिति थियो। कार्यक्रमबाट संकलित ५० हजार रुपैयाँ उनले प्रधानमन्त्री राहतकोषमा जम्मा गरेका थिए।

एक अन्तर्वार्तामा उनले राजनीति गर्ने नेता इमान्दार नभएकाले राजनीति गर्ने चाहना राखेको बताएका छन्। समाजसेवीका रूपमा आफूलाई प्रस्तुत गरेका चक्रे मिलनले गफ गर्ने होइन, काम गर्ने व्यक्तिका रूपमा आफूलाई प्रस्तुत गर्न खोजेको बताएका छन्। गोर्खा छोप्राकमा जन्मिएका चक्रेमिलन काठमाडौंमा हुर्किएका हुन्। महाराजगन्ज चक्रपथमा बस्दै आएका मिलन गुरुङ चक्रपथका दादा भएकाले नै उनको नामको अगाडि चक्रे थपिएको हो। तत्कालीन अधिराजकुमार धीरेन्द्रका एडीसी भरत गुरुङका भतिजा मिलन लैनचौरमा स्कुल पढ्दादेखि नै आफ्नो सामर्थ्य देखाउन थालिसकेका थिए। प्रजातन्त्र आएपछि एकाएक चर्चामा आएका मिलन ग्याङस्टरका रूपमा चिनिन थाले।

एमाले स्थायी समिति सदस्य प्रदीप नेपालले मिलनलाई धर्मशाला बनाएका छन्। चक्रे मिलनलाई प्रदीप पत्नी झुमाले १५ वर्षयता निरन्तर तिहारमा भाइटीका लगाउँदै आएको समाचार गत वर्षको नेपाल साप्ताहिकमा प्रकाशित भएको थियो। सुध्रिन्छु भनेर पटकपटक भने पनि ग्याङस्टार लाइफस्टाइल छोड्न नसकेको भनिएका चक्रे मिलनको अहिले सबैभन्दा बलियो सञ्जाल रहेको उनी निकटसूत्र जिकिर गर्छ। 'वाइसीएलसँग प्रतिकार गर्न नसकेर बसेका थुप्रै लोकल डनहरू अहिले मिलन चक्रेको समूहमा सामेल भएका छन्' सूत्र भन्छ- 'वाईसीएल विरुद्धका सबै जना अहिले चक्रे मिलनसँग मिलेर काम गर्न तयार देखिएका छन्।' मिलनविरुद्ध पनि प्रहरीले थुप्रै आरोप लगाएको थियो। यादव डंगोलको हत्या प्रयासको अभियोगमा पूर्पक्षमा थुनिएका मिलन केही समयअघि रिहा भएका थिए।

तत्कालीन अधिराजकुमार धीरेन्द्रका ज्वाइँ राजीवराज शाही तथा उनका भाइ सञ्जीवराज शाहीको हत्या प्रयासको अभियोग लागेपछि मिलन लामो समय फरार भएका थिए। पछि तत्कालीन युवराज पारस शाहको सक्रियतामा उनीहरूबीच मिलापत्र भएको थियो। सञ्जय श्रेष्ठको हत्या प्रयासको आरोपमा पनि उनी दुई वर्ष जेल परेका थिए। त्यस्तै प्रनिता सुनुवार हत्या एवं रेस्टुरा व्यवसायी विष्णु लामाको हत्या प्रयास आदि अभियोग उनीमाथि लागेका थिए। एक दर्जन विश्वासिला सहयोगी लिएर हिँड्ने चक्रे अहिले आफूलाई सुतेको बाघका रूपमा परिभाषित गर्छन्। उनी आफू जाइ नलाग्ने तर कोही आइलागे त्यसै नछोड्ने रणनीतिमा छन्।

# बजेटमा शिक्षासम्बन्धी कार्यक्रम र योजना

सरकारले शिक्षा र स्वास्थ्यक्षेत्रको विकासमार्फत दक्ष एवं स्वस्थ जनशक्ति निर्माण हेतुले यस वर्षको बजेटले 'नयाँ नेपाल, सुशिक्षित नेपाल' र नयाँ नेपालको आधार, शिक्षा सबैको मौलिक अधिकार' नारा अघि सार्दै दुई वर्षभित्र निरक्षरता उन्मूलन गर्ने, सबैलाई आधारभूत स्वास्थ्य निःशुल्क प्रदान गर्नेजस्ता लोकप्रिय कार्यक्रम अघि सारेको छ। यसका लागि यस वर्षको बजेटमा गत आर्थिक वर्षको बजेटको तुलनामा ४४ दशमलव ५ प्रतिशतले वृद्धि गरी ३८ अर्ब ९८ करोड बजेटको प्रस्ताव गरिएको छ।

संविधानप्रदत्त मौलिक हकका रूपमा स्थापित शिक्षाक्षेत्रको सुधारका लागि मूलतः त्रिपक्षीय रणनीति अवलम्बन गरिन लागिएको बजेटमा उल्लेख छ। यसअन्तर्गत विशेषतः सर्वसाधारणको पहुँच बढाउने, शिक्षालाई जीवन र उत्पादनसँग जोड्दै लाने क्रममा यसमा गुणात्मक सुधार गर्दै सीप र व्यावसायिकतातर्फ उन्मुख गराउने एवं उच्च शिक्षामा लागत धान्ने व्यवस्था अवलम्बन गरिने भएको छ।

चालू वर्ष प्राथमिक शिक्षामा करिब ९१ प्रतिशतभन्दा बढी जनताको पहुँच पुग्नेछ। यसका लागि विगतका कार्यक्रमहरूलाई निरन्तरता दिंदै तिनलाई बढी समावेशी र लक्ष्योन्मुख गराउँदै लगिनेछ। अति पिछडिएका वर्गका लागि थप ३ हजार ५ सयवटा बालविकास केन्द्र स्थापना गर्नुका साथै मदरसा, गुम्बा तथा गुरुकुल शिक्षालाई मूल प्रवाहमा समायोजन गरिनेछ। विद्यालय शिक्षामा गृहिणी तथा कामकाजी महिलाहरूको पहुँच पुर्‍याउन वैकल्पिक विद्यालयको व्यवस्था मिलाइनेछ बताइएको छ। बजेटमा प्राथमिक तह देखि उच्च तहसम्मका विभिन्न छात्रवृत्तिलाई निरन्तरता दिन ९७ करोड रुपैयाँ छुट्याइएको छ।

बजेटमा उल्लेख गरिएअनुसार कर्णाली अञ्चलका २४ हजार बालबालिकाका लागि सञ्चालित दिवाखाजाको कार्यक्रमलाई निरन्तरताका साथै खाद्यान्नको अभाव, शिक्षाको न्यून पहुँच तथा छात्रा भर्नादर कम भएका १६ जिल्लामा १ लाख ७० हजार विद्यार्थीका लागि दिवाखाजालगायत ५० हजार छात्राका लागि खाने तेल वितरण गरिनेछ। यस्तो कार्यक्रम स्थानीय तहबाटै सञ्चालन गर्ने गरी रकम उपलब्ध गराइनेछ भने स्थानीय उत्पादनकै वस्तु ख्वाइने कार्यक्रम तय गरिएको छ।

कुनै ठोस नीति र कार्यक्रम वा मापदण्डविना नै शक्ति, पद र पहुँचका आधारमा विद्यालयका शिक्षकबापतको अनुदान, भवन निर्माणबापतको अनुदान वितरण गर्ने प्रणालीका कारण अनेकौं विकृति सिर्जना भएका छन्, स्रोतको दुरुपयोग भएको छ। शिक्षक-विद्यार्थी अनुपात कम भएका विद्यालयहरूमा शिक्षकबापतको अनुदान बढी गएको छ भने अनुपात बढी भएका विद्यालयमा अनुदान कम गएको स्थिति छ। यस प्रकारको विकृतिलाई समयमै रोकी स्रोत र साधनको पारदर्शी ढंगले न्यायोचित वितरण गर्न विद्यालयहरूमा जाने अनुदान विद्यार्थी संख्याका आधारमा पठाउने प्रणालीलाई कडाइका साथ पालना गराइने कुरा बजेटमा उल्लेख छ।



स्थायी र अस्थायी रूपमा सिर्जना गरिएका १ लाख ४८ हजार शिक्षकको तलब भत्ताबापत १९ अर्ब २६ करोड छुट्याइनुका अतिरिक्त शिक्षक-विद्यार्थी अनुपात बढी भएका विद्यालयहरूलाई थप शिक्षकको तलबबापत थप अनुदान दिन ७० करोड बजेट विनियोजन गरिएको छ।

विद्यालयहरूको निर्माण र भौतिक पूर्वाधार विकासको कार्यमा व्यवस्थापन समितिलाई उत्तरदायी बनाउने नीति अवलम्बन गरिने भएको छ। कुनै पनि प्रकारका विद्यालय निर्माण गर्दा वा तिनीहरूको भौतिक सुधार गर्दा स्वीकृत मापदण्डका आधारमा विद्यालय व्यवस्थापन समितिलाई एकमुस्ट रकम अनुदानस्वरूप उपलब्ध गराइनेछ। चालू वर्ष यस प्रयोजनका लागि विनियोजित २ अर्ब ९५ करोडबाट करिब ९ हजार कक्षाकोठा निर्माण, ४ हजार कक्षाकोठा पुनर्स्थापना, ४ हजारवटा स्कुलको बाहिरी वातावरण निर्माण सुधार, २ हजारवटा शौचालय निर्माण ३० वटा नमुना माध्यमिक विद्यालयको निर्माण आदि काम सम्पन्न हुनेछन्।

यसैगरी पाठ्यपुस्तक छपाइ एवं वितरणमा भएको एकाधिकार र हेलचेक्र्याइँका कारण विगतमा विद्यालयमा अध्ययनरत मुलुकभरका विद्यार्थीहरूका लागि समयमा नै पाठ्यपुस्तक उपलब्ध हुन नसकेको स्थितिप्रति दुःख व्यक्त गर्दै चालू आर्थिक वर्षमा यस प्रकारको समस्यालाई कुनै पनि सर्तमा अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। यसका लागि पाठ्यपुस्तक छपाइ एवं वितरण प्रक्रियामा आवश्यकतानुसार प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरी आगामी फागुन मसान्तभित्र सबै जिल्ला सदरमुकामहरूमा पाठ्यपुस्तक पुर्‍याइसक्ने प्रतिबद्धता बजेटमा व्यक्त गरिएको छ।

शिक्षालाई सबैको मौलिक अधिकार मान्ने तथा माध्यमिक तहसम्मको शिक्षा क्रमशः निःशुल्क गर्दै जाने घोषित नीतिअनुरूप प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुने बजेटमा उल्लेख छ। प्राथमिक शिक्षामा सबैलाई आकर्षित गर्न दिवाखाजा कार्यक्रम क्रमैसँग मुलुकभर विस्तार गर्दै लगिनेछ। चालू आर्थिक वर्षदेखि नै सार्वजनिक विद्यालयहरूमा ८ कक्षासम्म निःशुल्क साथै कक्षा ९ र १० कक्षामा शुल्क घटाउँदै यसलाई क्रमश निःशुल्क गरिनेछ। कर्णाली अञ्चलका सार्वजनिक विद्यालयहरूमा अध्ययनरत सबै विद्यार्थीलाई र मुलुकभरका सबै दलित विद्यार्थीलाई सार्वजनिक विद्यालयहरूमा १२ कक्षासम्म निःशुल्क अध्ययनको सुविधा उपलब्ध हुने बजेटमा उल्लेख छ।

विद्यालयको व्यवस्थापन समितिमा अभिभावक तथा स्थानीय निकायहरूको सहभागिता गराइनेछ। विद्यालयहरूमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या अपर्याप्त भए प्रतिइकाई लागतका दरले थप अनुदान प्रदान गरिनेछ। यसका लागि पनि बजेटमा पर्याप्त रकमको व्यवस्था भएको उल्लेख गरिएको छ। यसैगरी दक्ष र सीपयुक्त शिक्षकहरूको उपलब्धताका लागि चालू वर्ष प्राथमिक तहमा ३३ हजार १ सय ४१ जना तथा माध्यमिक तहका १२ हजार २ सय ५० जनासमेत जम्मा ४५ हजार ३ सय ९१ जना शिक्षकलाई तालीम प्रदान गरिने भएको छ।

व्यावसायिक एवं प्राविधिक शिक्षामा जोड दिन सरकारले हालको शैक्षिक संरचनामा नै परिवर्तन गरेर मात्र यसलाई सम्बोधन गर्न सकिने हुँदा विद्यालयको पुनर्संरचनाको कार्यसँगै व्यावसायिक एवं प्राविधिक शिक्षाको स्वरूप तयार भएपछि यसलाई अभियानकै रूपमा अघि बढाइने भएको छ। चालू वर्ष प्राविधिक शिक्षातर्फका नियमित कार्यक्रमहरूलाई निरन्तरता दिनुका साथै ३० वटा विद्यालयहरूमा प्राविधिक शिक्षा एनेक्स कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि ४८ करोड ८८ लाख रुपैयाँ विनियोजन गरिएको छ।

निरक्षरता विपन्नता र अल्पविकासको प्रमुख कारण एवं परिणाम हो। आगामी दुई वर्षभित्रमा निरक्षरता उन्मूलन गर्ने अठोटका साथ 'अक्षर चिनौं, सभ्य बनौं' भन्ने नारा लिएर राष्ट्रिय साक्षरता अभियान सञ्चालन गरिनेछ। यसका लागि हरेक गाउँ विकास समितिका प्रत्येक वडामा स्थानीय रूपमा साक्षरता स्वयम्सेवक नियुक्त गरिनेछ। यो कार्यक्रमबाट करिब ३५ हजार युवाले रोजगारी पाउनेछन् भने निरक्षरताविरुद्ध ठोस काम हुनेछ। यसका लागि १ अर्ब ४ करोड रुपैयाँ छुट्याइएको छ।

यसैगरी उच्च शिक्षासँग सम्बद्ध निकायहरूलाई स्वायत्त निकायका रूपमा विकास गर्दै यसलाई लागत साझेदारीका आधारमा सञ्चालन गरिनेछ। चितवनको रामपुरमा कृषि, वन तथा पशुविज्ञान विश्वविद्यालय र मध्यपश्चिमाञ्चल क्षेत्रमा प्रौद्योगिकी विश्वविद्यालय स्थापना तथा सेती-महाकाली क्षेत्रमा एउटा मेडिकल कलेज स्थापना गर्न ८ करोड विनियोजन गरिएको छ। मुगु, डोल्पा, कालिकोट, रुकुम, जाजरकोट, रोल्पा, बझाङ र संखुवासभा जिल्लामा सञ्चालनमा रहेका ८ वटा क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयअन्तर्गत आंगिक क्याम्पसमा परिणत गरिने भएको छ।

यस्तै द्वन्द्वको समयमा अध्ययन गर्नबाट वञ्चित युवाहरूलाई शिक्षाको अवसर प्रदान गर्न खुला विद्यालय र विश्वविद्यालयको अवधारणा कार्यान्वयनमा ल्याइनेछ। कृषि तथा वन, इन्जिनियरिङ, मेडिसिन, सँचना प्रविधि, व्यवस्थापन आदि क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका विशिष्ट शिक्षण तथा अनुसन्धान केन्द्रहरू स्थापना गरेर विदेशी विद्यार्थी एवं अनुसन्धानकर्ताहरूलाई समेत आकर्षित गरिनेछ। उच्च शिक्षाका लागि सरकारले यस वर्ष ४ अर्ब २८ करोड रुपैयाँ विनियोजन गरिएको छ। अर्कातर्फ समावेशी कार्यक्रमलाई सफलीभूत गराउन राज्यबाट उपलब्ध हुने शिक्षा क्षेत्रको सेवा र अवसरहरूमा अल्पसंख्यक, तेस्रो लिङ्गी, दलित एवं पिछडिएका जनजातिहरूलाई उच्च प्राथमिकता दिइनेछ।

करको दायरामा आउन नसकेका निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाहरूले आफ्नो सुरुदेखिको लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित वार्षिक करयोग्य आयमा लाग्ने कर २०६५ पुस मसान्तसम्म तिरे २०६४ साल असार मसान्तसम्म आर्जित आयमा कुनै किसिमको शुल्क, जरिवाना, ब्याज तथा थप शुल्क लाग्नेछैन। यसरी सरकारबाट विशेष सुविधा प्रदान गर्दा पनि अटेर गरी कर नतिर्ने शिक्षण संस्थाहरूलाई नेपाल सरकारबाट सञ्चालित प्रवेशिका परीक्षालगायतका परीक्षामा समावेश हुन रोक लगाई थप अन्य कारबाही गरिने कुरा अर्थमन्त्रीको बजेट वक्तव्यमा उल्लेख छ।

**–भोला महतो**



## सफलताका दस सूत्र

मानिसलाई सर्वश्रेष्ठ प्राणी मानिएको छ। त्यसैले यो मानवजीवन निरर्थक नबनोस् भन्ने हरेकको चाहना हुनुपर्छ। उद्देश्य प्राप्तिका लागि ठूलो प्रयास गर्नुपर्छ। उद्देश्य प्राप्ति भएपछि आफन्तहरू पनि खुसी हुन्छन् र अरूले पनि आ□नो सम्झना गरिरहन्छन्।

**योग्यता बढाउनुपर्छ**

उद्देश्य तय भैसकेपछि त्यसको पूर्तिका लागि आफूमा ती क्षमता वा गुण छन्-छैनन् भन्ने विषयमा ध्यान दिनुपर्छ। यदि छैनन् भने ती क्षमता वृद्धि गर्ने प्रयास गर्नुपर्छ। कसैले आमाको कोखबाट सबै कुरा सिकेर आएको हुँदैन। त्यसैले हीनभावना त्यागेर सम्बन्धित कार्यका लागि आवश्यक योग्यता हासिल गर्नुपर्छ।

**लक्ष्य निर्धारण गर्नुपर्छ**

आफूले सफलताको कुन स्तर छुन चाहने हो त्यो स्तर तय गर्नुपर्छ। नोकरी होस् वा निजी व्यवसाय लक्ष्यको अर्थ हो- आफूले प्राप्त गर्न चाहेको सफलताको आधार। लक्ष्य प्राप्ति नभएसम्म रोकिनुहुँदैन र प्रगतिको मार्गमा निरन्तर अघि बढ्नुपर्छ।

**दृढ इच्छाशक्ति**

कुनै पनि लक्ष्य प्राप्तिका लागि दृढ इच्छाशक्ति हुनुपर्छ। इच्छाशक्तिलाई बलियो बनाउन लक्ष्यप्रति समर्पणको भावना पनि उत्तिकै आवश्यक छ। लक्ष्य प्राप्तिका लागि जुनसुकै कठिन परिस्थितिमा पनि पछि हट्नुहुँदैन।

**लगन र परिश्रम**

लगनशील र परिश्रमी व्यक्तिका लागि कुनै पनि कुरा कठिन हुँदैन। लक्ष्य प्राप्तिको मार्गमा जतिसुकै बाधा आए पनि लगनशील र परिश्रमका साथ अघि बढ्नुपर्छ। यो काम गर्नुपर्छ र यो काम गर्नैपर्छ यी दुई कुरामा मात्र एक शब्दको भिन्नता देख्न पाइन्छ। यसको अर्थ गहिरो छ। यहींबाट व्यक्तिले आलस्य र डरको भावना छाडेर स्वयंलाई सफलताको बाटोमा अग्रसर गराउनुपर्छ।

**निराशा त्याग्नुपर्छ**

निराशा व्यक्तिको सबैभन्दा ठूलो शत्रु हो। लक्ष्य हासिल गर्नु भनेको कुनै युद्धभन्दा कम होइन। यदि लक्ष्यका बारेमा मात्र सोच्नुहुन्छ भने जीवनका अन्य पक्षबाट वञ्चित हुनुहुन्छ। त्यसैले लक्ष्यमाथि 'अर्जुन दृष्टि' तब मात्र राख्नुपर्छ, जब निशाना साँधिन्छ। चौबीसै घन्टा त्यसतर्फ ध्यान केन्द्रित गरे मनमा निराशा उत्पन्न हुन्छ र यसले उत्साहमा कमी ल्याउँछ। त्यसैले निराशा त्यागी उत्साहका साथ अघि बढ्नुपर्छ

**सरसल्लाह गर्नुपर्छ**

लक्ष्य प्राप्तिका लागि सम्बन्धित क्षेत्रका अनुभवी व्यक्तिहरूसित सरसल्लाह लिनुपर्छ। सल्लाह सुनेर मात्र हुँदैन, त्यसलाई उचित स्थान र समयमा प्रयोग पनि गर्नुपर्छ अनि अवसर र चुनौती दुवैको उपयोग तथा सामना गर्नुपर्छ।

**अरूको सम्मान**

सफलताका लागि शिष्ट हुनुपर्छ। शिष्टताले मानिसलाई लोकप्रिय बनाउँछ। लोकप्रियता आफ्नो सफलतामा सहायकसिद्ध हुन्छ। जसलाई भेट्नुहुन्छ, सम्बन्धित हुनुहुन्छ, तिनका प्रति यथोचित सम्मान व्यक्त गर्नु जरुरी हुन्छ। यसको आशय चाकडी होइन, आफ्नो काम पूर्ण सबलता र इमान्दारिताका साथ पूरा गर्दै अरूको सम्मान गर्नुपर्छ।

**मूल्यांकन गर्नुपर्छ**

यी सबै बुँदामा स्वयंलाई हेरिसकेपछि कुरा कहाँ आएर रोकिन्छ भने तपाईं सफलताको बाटोमा कहाँसम्म पुग्नुभयो ? यदि संकेत सकारात्मक भए उत्साह र लगनका साथ त्यही बाटोमा निरन्तर लाग्नुपर्छ, अन्यथा ती कमी-कमजोरीलाई हटाउने प्रयास गर्नुपर्छ जुन आ□नो मार्गमा बाधा बनेका छन्। मूल्यांकन गर्दा प्राप्त हुने नकारात्मक संकेतबाट डराउनुहुँदैन। तिनलाई चुनौतीका रूपमा हेर्नुपर्छ र ती चुनौतीलाई अवसरमा परिणत गर्ने प्रयास गर्नुपर्छ।

**तटस्थ रहनुपर्छ**

अन्ततः लक्ष्य हासिल गरेपछि आफूलाई सम्हाल्नुपर्छ। सफलताको खुसी मनाउनुपर्छ तर त्यसलाई घमण्डमा परिणत हुन दिनुहुँदैन। घमण्डको बाटोले पतनको दिशातर्फ अग्रसर गराउँछ। त्यसैले सफलतालाई ऊर्जाका रूपमा लिएर पुनः आफ्नो कर्मक्षेत्रमा दृढताका साथ लाग्नुपर्छ।

**–रोजिन शाक्य**

# हरित क्रान्ति किन ?

जलवायुमा आइरहेको निरन्तरको परिवर्तन तथा भौतिक पूर्वाधारको निर्माणले उत्पादनशील भूभागको विनाशका कारण उत्पादकत्वमा आएको कमीसँगै जनसंख्याको तीव्र वृद्धिले वर्तमान विश्वमा खाद्यान्नको संकट उत्पन्न हुन थालेको छ।

उत्पादकत्वमा आएको कमी-विश्वव्यापीकरण एवं तेलको मूल्यमा भएको अत्यधिक वृद्धिले दैनिक उपभोग्य खाद्यान्नको मूल्य अकासिएको छ। विश्व खाद्य कार्यक्रमका अनुसार पछिल्लो तीन वर्षमा ८३ प्रतिशतसम्मले खाद्यान्नको मूल्यवृद्धि भएको छ।



बढ्दो खाद्यसंकट समाधान र अकासिँदो मूल्यवृद्धि नियन्त्रणका लागि तेस्रो विश्वका मुलुकहरूमा हरित क्रान्ति आवश्यक रहेको विज्ञहरूले बताउँदै आएका छन्। विद्यमान भूमिमै बढी उत्पादन वा फसल लिन नयाँ कृषि प्रविधिको उपयोग गरी कृषि क्रान्ति गर्नु नै हरित क्रान्ति हो।

हरित क्रान्ति भनेको बहुबाली वा बेमौसमी बालीको खेती गर्नु वा अणुवंशिक रूपमा बढि उत्पादन दिने बीउको विकास गरी उत्पादन बढाउनु हो। हरित क्रान्ति कृषि क्रान्तिको एउटा उपाय पनि हो। साठी र सत्तरीको दशकमा भारतमा गरिएको हरित क्रान्तिको सफलताले हरित क्रान्तिप्रति विश्व समुदाय आकर्षित भएको हो। सन् १९६७ देखि १९७८ सम्म भारतमा चलेको हरित क्रान्तिले भारतको खाद्यसंकट नियन्त्रण मात्र भएन, भारत विश्वमै खाद्यपदार्थको निर्यात गर्ने प्रमुख मुलुकका रूपमा स्थापित हुन पुग्यो।

हरित क्रान्तिका कारण पुराना प्रजातिका बालीनालीहरू लोप हुँदै जाने र नयाँ-नयाँ बढी उत्पादनमूलक बीउ र बालीका लागि महँगो कृषिप्रणाली मलखाद र महँगो बीउ खरिद गर्नुपर्ने बाध्यताले गरिबहरूका लागि यो आकाशको फल हुने टिप्पणी पनि नभएको होइन, तर खाद्य सुरक्षा एवं खाद्यान्नको सहज आपूर्तिका लागि सानातिना बेफाइदा गौण बन्ने तर्क कृषिविद्हरूको छ।

नेपालका धेरै जनता गरिबीको रेखामुनि छन्। भौगोलिक रूपमा विकट रहेका सुदूर उत्तरी र कर्णालीका विभिन्न क्षेत्रमा बर्सेनि खाद्यान्नको अभाव बल्भिmरहन्छ। त्यसमा पनि खाद्यान्नमा भैरहेको मूल्यवृद्धिको नकारात्मक असरले सबैलाई पिरोलेको छ। तीव्र जनसंख्या वृद्धि, सहरीकरण र औद्योगीकरणले उर्वराभूमिको विनाश, परम्परागत कृषिप्रणाली, किसानमा रहेको दरिद्रताका कारण नयाँ प्रविधिको प्रयोगमा असमर्थता र उत्पादकत्वमा आइरहेको कमीले गर्दा खाद्यान्नको अभाव दिनानुदिन गहिरिँदो छ। विगत चार महिनामा मात्र खाद्यान्नमा करिब ४० प्रतिशत मूल्यवृद्धि भएको छ।

नेपालको करिब ८० प्रतिशत जनसंख्या कृषिमा निर्भर छ, तर ८० प्रतिशतको श्रमले पनि सबैलाई खाद्यान्न पुऱ्याउन सकिएको छैन। परम्परागत कृषिप्रणाली, कृषिमा राज्यको लगानी र चासोमा कमी, अधिकांश कृषक गरिबीको रेखामुनि रहेको यथार्थता एवं नयाँ कृषि प्रणालीको अवलम्बनमा आर्थिक एवं प्राविधिक कठिनाइले गर्दा हाम्रो कृषि उत्पादनमा वृद्धि हुन सकिरहेको छैन।

दुई प्रतिशतभन्दा बढी वार्षिक जनसंख्या वृद्धिदर रहेको हाम्रो मुलुकमा त्यसैअनुरूप कृषि उत्पादनमा वृद्धि हुन सकिरहेको छैन। असीको दशकदेखि खाद्यान्न निर्यात गर्ने मुलुकका रूपमा रहन सफल नेपाल अहिले खाद्यान्न आयात गर्ने मुलुकको सूचीमा परेको छ। विश्वका धनी देशहरूमा कम मानिस कृषिमा आबद्ध छन् तर उनीहरूको उत्पादन देशभित्रलाई मात्र होइन, प्रशस्त निर्यात गरेर नाफा कमाउन पनि प्रयाप्त हुन्छ। धनी देशका कृषकहरू राज्यबाट सम्मानित एवं सम्पन्नशाली छन्, तर हाम्रो देशमा कृषि पेसाप्रति नै विकर्षण छ, कृषकहरू अपहेलित र गरिब छन्।

वर्षभरि खेती गरेर तीन महिना खान नपुग्ने कृषक यहाँ छन्। उत्पादन बढाउन विश्वमा प्रयोग भैरहेका नयाँ प्रविधि, बीउ-बिजनहरूको प्रयोग नेपालमा भिœयाउन, कृषि पेसामा संलग्नहरूलाई आत्मनिर्भर बनाउन तथा उत्पादकत्व बढाउन राज्यले यथेष्ट लगानी गरिरहेको छैन।

विश्व व्यापार संगठनमा प्रवेश गरिसकेको अवस्थामा नेपाली कृषकहरूसामु विश्वबजारमा प्रतिस्पर्धा गर्नुपर्ने चुनौती छ। राज्यले यसतर्फ ध्यान दिन नसक्दा नेपाली कृषकहरू अझ गरिब बन्न पुगेका छन्। कृषि क्रान्ति, क्रान्तिकारी भुमिसुधारजस्ता क्रान्तिकारी नारा धेरै सुनिए पनि त्यो व्यवहारमा लागू भएको देखिएको छैन। कृषिप्रणाली एवं कृषकको जीवनस्तरमा सुधार तथा कृषकलाई तालिम र प्राविधिक ज्ञानको सुलभता, नयाँ र बढी उत्पादन दिने बीउ एवं प्रविधिको विकास र प्रयोग, कृषिभूमिको सुधार र समुचित उपयोग गर्न सके मात्र उत्पादकत्वमा वृद्धि भै नेपाल कृषिबाटै समृद्ध राष्ट्र बन्न सक्छ। यो नै नेपालका लागि कृषि क्रान्ति वा हरितक्रान्ति हुनेछ। होइन भने ८० प्रतिशत जनता कृषक रहेको मुलुक नै चर्को भोकमरीमा पर्न सक्छ।

**–कुलचन्द्र अर्याल**

# इजी रिचार्ज सेवा प्रारम्भ

**साप्ताहिक समाचार**

इनोभेटिभ प्रा.लि.ले नेपाल टेलिकमसँगको साझेदारीमा इजी रिचार्ज सेवा प्रारम्भ गरेको छ। विद्युतीय माध्यमबाट रिचार्ज पिनको सहायताले रिचार्ज गर्ने यो प्रविधि लागू भएपछि उपभोक्ताले कार्ड सिस्टमअन्तर्गतको स्क्राच पद्धतिको विकल्प पाएका छन्।



EasyRecharge

पहिलो पटक सुरक्षित तवरले मोबाइल रिचार्ज गर्न सकिने यो एप्लिकेसन जाभा कम्प्याटेबल सेटमा मात्र लागू हुन्छ। 'रिचार्ज कार्ड खरिद गरेर त्यसलाई स्क्राच गर्ने झन्झटबाट मुक्त गर्न पैसा तिरेर सोझै इलेक्टोनिक रिचार्ज पिन हासिल गर्ने यो एप्लिकेसनले खुद्रा विक्रेता एवं उपभोक्ता दुवैलाई फाइदा पुऱ्याउने विश्वास लिएका छौं।' इनोभेटिभका प्रमुख कार्यकारी अधिकृत सुमन शाक्य भन्छन्- 'यो प्रविधि प्रयोगमा आएपछि रिचार्ज कार्ड लिन टेलिकमको कार्यालय धाउनुपर्दैन। विक्रेताले मोबाइल म्यासेजकै माध्यमबाट हामीसँग सोझै इलेक्ट्रोनिक रिचार्ज पिन लिन सक्नेछन्।' हाल टेलिकमले कागजको कार्डमा डिजिट राखेको छ, जसलाई स्क्राच गरेर उपभोक्ताले रिचार्ज गर्नुपर्ने हुन्छ, जुन जोखिमपूर्ण थियो।

यसअघि प्लास्टिक कोटेड कार्ड प्रयोगमा ल्याए पनि रिचार्जको भोल्युम बढेपछि कागजको कार्ड प्रयोगमा ल्याइएको थियो। हाल दैनिक १ करोड रुपैयाँभन्दा बढीको रिचार्ज हुने गरेको टेलिकमका अधिकारीले बताए। नेपाल टेलिकम मोबाइल सेवा निर्देशनालयका निर्देशक लोकराज शर्माका अनुसार इलेक्ट्रोनिक माध्यमको यो प्रविधि सहरमा मात्र होइन, ग्रामिण क्षेत्रका निम्ति पनि लाभदायी हुनेछ।

इनोभेटिभका शाक्यका अनुसार रिचार्ज कार्ड आवश्यक परेको समयमा सर्वसुलभ अवस्थामा पाउन नसक्दा विक्रेता र उपभोक्ता दुवैले झन्झट बेहोर्नुपरेको समस्यालाई पनि निराकरण गर्नेछ। 'इजी रिचार्ज सेवाले सुरक्षित तवरले एसएमएसको माध्यमबाट इलेक्टोनिक रिचार्ज पिन उपलब्ध गराउनेछ।' शाक्य भन्छन्- 'सेक्रेट एसएमएस प्रविधिलाई अपनाइएको यो प्रणालीअन्तर्गत नेपाल टेलिकमको प्रिपेड जीएसएम तथा सीडीएमए फोन रिचार्ज गर्न सकिनेछ।'

यो सुविधा उपयोग गर्न चाहने विक्रेताले इनोभेटिभसँग १० हजार रुपैयाँ तिरेर रजिस्ट्रेसन गर्नुपर्ने हुन्छ, त्यसपछि स्थानीय विक्रेताको न्यूनतम ब्यालेन्स २ हजार ५ सय रुपैयाँ हुन्जेलसम्म उसले चाहेको रकमअनुसारको पिनकोड लिनसक्छ। पसलमा उपभोक्ताको मागअनुरूप कति मूल्यको रिचार्ज गर्ने हो, सोहीबमोजिम खुद्रा विक्रेताले इनोभेटिभसँग डिमान्ड गरी त्यसको पिन नम्बर उपभोक्तालाई दिन्छन्। उपभोक्ताले खुद्रा विक्रेताबाट पाएको पिनका आधारमा मोबाइल रिचार्ज गर्ने भएकाले उनीहरू पनि सुरक्षित रहन्छन्।

# फ्रि आर फ्रिज

काठमाडौं- गएको शुक्रबार तीनकुनेबाट माइतीघरतर्फ बढ्दै गएको ऱ्याली बेला-बेलामा टक्क अडिन्थ्यो। उनीहरूले सडकजाम हुने गरी ऱ्याली गरेका थिएनन्। सडकपेटीबाटै ऱ्यालीमा सहभागी उनीहरू बेला-बेलामा टक्क अडिनुको बेग्लै अर्थ थियो। 'सरकारलाई सांकेतिक रूपमा सन्देश दिन खोजेका हौं' फोर्स नेपाल कम्युनिटीका शंकर पोखरेलले भने- 'यो हामीले सञ्चालन गरिरहेका कतिपय फ्रि सफ्टवेयरहरू एक दिन फ्रिज हुन्छ भन्ने संकेत हो।'

नेपालमा सफ्टवेयरहरू कपी गरेर खुल्लमखुल्ला बिक्री गरी चलाइन्छ। अवैधानिक रूपमा चलाइने यस्ता सफ्टवेयर प्रोगामहरू कुनै दिन कानुनी अड्चनका कारण फ्रिज हुन सक्छ। विश्वव्यापी सफ्टवेयर फ्रिडम डे मनाउने क्रममा नेपालमा यिनै विषयले प्राथमिकता पाएको थियो। पाँचौं सफ्टवेयर फ्रिडम डे का अवसरमा फोस नेपाल कम्युनिटीले राजधानीमा दुईदिने कार्यक्रम आयोजित गरी सरकारलाई फ्री आर फ्रिजको सन्देश दिएको थियो। सोही अवसरमा तीनकुनेबाट निकालिएको ऱ्याली माइतीघर मण्डलामा पुगेर टुंगिएको थियो। ऱ्यालीमा सहभागीले मण्डलामा पुगेपछि मैनबत्ती बालेर सफ्टवेयर फ्रिडम डेलाई स्मरणीय बनाएका थिए।

यसैगरी शनिबार विज्ञान तथा प्रविधि मन्त्री गणेश साहले उद्घाटन गरेको कार्यक्रममा पनि सफ्टवेयरसम्बन्धी वृत्तचित्र प्रदर्शन गरिएको थियो। उक्त अवसरमा सम्बन्धित विषयमा छलफल चलाउनुका साथै घोषणापत्र पनि जारी गरिएको थियो। त्यस्तै, यही अवसरमा विभिन्न प्रतिभाहरूलाई स्थान दिइने 'प्रस्फुटन' नामक साइटको समेत सार्वजनिक गरिएको थियो।

# बजेटमा विज्ञान-प्रविधि

चालू आर्थिक वर्षको बजेटको क्षेत्रगत प्राथमिकतामा विज्ञान-प्रविधि तथा सूचना र सञ्चारलाई त्यति महत्त्व दिइएको देखिँदैन। बजेटमा दूरसञ्चारको विकास तथा इ-गर्भमेन्टको अवधारणा लागू गर्ने कार्यक्रम उल्लेख भएको पाइँदैन।

बजेटको बुँदा नम्बर ८९ मा बनेपामा रहेको सूचनाप्रविधि पार्कलाई विशेष आर्थिक क्षेत्रका रूपमा विकास गरिने बताइएको छ। भैरहवामा निर्माण सम्पन्न भएको विशेष आर्थिक क्षेत्रमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिने कुरा बजेटमा उल्लेख छ। यसैगरी बुँदा नम्बर १४३ मा मुलुकमा रहेका वैज्ञानिक तथा प्राविधिक प्रतिभाको पलायन रोक्न अनुसन्धान प्रस्तावका आधारमा देशभित्रै खोजमूलक एवं उपलब्धिमूलक अनुसन्धान कार्यमा संलग्न हुन प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छ।

यसैगरी बुँदा नम्बर १४४ मा विज्ञान तथा प्रविधिसम्बन्धी अध्ययन अनुसन्धानलाई तीव्र पार्न नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानअन्तर्गत राष्ट्रिय स्तरको प्रयोगशाला स्थापना गर्नुका साथै उक्त प्रतिष्ठानको सुदृढीकरण गरिने कुरा बताइएको छ। बुँदा नम्बर १४५ मा स्वदेशी तथा विदेशीसमेत गरी करिब १ हजार २ सय वैज्ञानिकहरू सहभागी हुने पाँचौं राष्ट्रिय विज्ञान सम्मेलन काठमाडौंमा सम्पन्न गरिनेछ। यस्तै बजेटमा उल्लेख गरिएअनुसार दैवीप्रकोप तथा मानवजन्य दुर्घटनाबाट महत्त्वपूर्ण सरकारी सूचनाहरू संरक्षण गर्न राष्ट्रिय सूचना बैंकको स्थापना गरिनेछ। चालू वर्ष यो केन्द्रको भवन निर्माण गर्न २३ करोड विनियोजन गरिएको छ।

यसैगरी बुँदा नम्बर १४७ मा उल्लेख भएअनुसार आधुनिक सूचना प्रविधिमा ग्रामीण जनताको पहुँच बढाउन ग्रामीण समुदाय, विद्यालय तथा हुलाक कार्यालयहरूमा समेत गरी थप १ सय ७५ वटा टेलिसेन्टर स्थापना गर्न ५ करोड ७५ लाख छुट्याइएको छ। यो कार्यक्रमअन्तर्गत सबै गाउँ विकास समितिहरूमा एक-एकवटा टेलिसेन्टर स्थापना गर्न क्रमिक रूपमा कार्यक्रम सञ्चालन गरिनेछ। यसैगरी ठूलो वर्षा वा हिमताल फुटी आउन सक्ने बाढीको पूर्वानुमान गर्ने र त्यसको सूचना सार्वजनिक गर्ने व्यवस्था गरिनेछ। जलस्रोत एवं जलविद्युत् विकास, कृषि तथा वातावरणमा मौसम परिवर्तनले पार्न सक्ने असरका सम्बन्धमा अध्ययन गर्न एक सुविधा सम्पन्न मौसम परिवर्तन अनुसन्धान केन्द्रको स्थापना गरिने कुरा बजेटमा उल्लेख छ।

## महिला र पुरुषको मस्तिष्क नै फरक

महिला र पुरुषको मस्तिष्कको बनौट भिन्न रहेको एकथरी वैज्ञानिकहरूले दाबी गरेका छन्। यही कारणले गर्दा नै महिला तथा पुरुषको स्वभावमा भिन्नता रहने गरेको हो। महिला र पुरुषमा भिन्न भिन्न स्वभावका मानसिक समस्या पनि भिन्न प्रकारको रहने गरेको वैज्ञानिकहरू बताउँछन्। त्यतिमात्र नभई कतिपय औषधी एउटा लिंगका लागि फलदायी र अर्कोलाई कम मात्र असर पर्ने खालको हुने गरेको समेत बताइन्छ। निरन्तर दुःखाईको पीडा पुरुषको तुलनामा महिलाले बढी भोग्नु पनि मस्तिष्ककै भिन्न बनौटको कारण भएको दाबी वैज्ञानिकहरूले गरेका छन्।

## लड्न नदिने जुत्ता

वृद्धवृद्धाहरूले अब हिंड्दा लड्नुपर्नेछैन। वैज्ञानिकहरूले यस्तो जुत्ताको विकास गरेका छन् जसले लड्नुअघि नै त्यस्तो सम्भावित खतराप्रति सचेत गराउनेछ। उक्त जुत्ताको नाम आई सु राखिएको छ। यो उच्च प्रविधियुक्त छ। यसमा कैयन कम्प्युटराइज्ड सूचक छन्। जसले जुत्ताको तलुवामार्फत् हिंडाइको सन्तुलनको अनुगमन गर्छ। खुट्टाको कुन भागले बढी भार सहनुपरेको छ त्यसको जाँचसमेत गर्छ। त्यसपछि, लड्ने जोखिम आई सुले पत्ता लगाउँछ। वृद्धवृद्धा लड्ने क्रम बढिरहेको परिप्रेक्षमा उक्त जुत्ताले खुट्टा, पुठ्ठा भाँच्ने समस्या आधा घटाउन सक्ने वैज्ञानिकहरूले बताएका छन्। अनुसन्धानकर्ता एरेज लिवरम्यानका अनुसार जुत्तामा खतराको घन्टी जडान गरिएको छ। हाल ६० जना वृद्ध-वृद्धामा उक्त जुत्ताको परीक्षण गरिएको छ।

## दौडनुपर्छ दीर्घ जीवनका लागि

दौडने बानीले मानिसको बुढ्यौली प्रक्रियालाई सुस्त बनाउने एक अध्ययनले देखाएको छ। अमेरिकी वैज्ञानीकहरूले दुई दसकसम्म गरेको अध्ययनअनुसार वर्षौंदेखि नियमित रूपमा दौडिंदै आएका ५० वर्ष माथिका व्यक्तिमा शारीरिक दुर्बलता ज्यादै कम हुनुका साथै निष्क्रिय व्यक्तिको दाँजोमा उनीहरूको अल्पायुमै मृत्यु हुने सम्भावना ५० प्रतिशत घटेको पाइएको छ। उक्त अध्ययनले स्वस्थ जीवन जिउन शारिरीक व्यायाम गर्नैपर्छ भन्ने परम्परागत सन्देशलाई पुष्टि गरेको छ। वरिष्ठ अनुसन्धानकर्ता तथा अवकाशप्राप्त प्राध्यापक जेम्स फ्राइजका अनुसार बुढ्यौलीले छोइसकेका व्यक्तिलाई स्वस्थकर जीवनयापनका लागि कुनै एरोबिक (श्वासप्रश्वास) व्यायाम सबैभन्दा उत्तम हुन्छ। अकाइभ्स अफ इन्टरनल मेडिसिनमा प्रकाशित उक्त अनुसन्धान-प्रतिवेदनअनुसार सन् १९८४ देखि नियमित रूपमा दौडिंदै आएका ५० वर्षमाथिका ५ सय ३८ जना निष्क्रिय व्यक्तिको तुलनामा दौडने व्यक्तिहरू बढी स्वस्थ र तन्दुरुस्त देखिएका छन्।

## टु-इन वान कपडा

वैज्ञानिकहरूले कार्यालयमा लगाउने पोसाकमा परिवर्तन गर्न सकिने विधि आविष्कार गरेका छन्। जसका कारण पार्टीमा जानका लागि कार्यालयबाट घर गई पोसाक परिवर्तन गर्नुपर्ने झन्झटबाट मुक्ति मिल्नेछ। उक्त पोसाकलाई 'कामबाट भोजमा पोसाक' नामकरण गरिएको छ तर त्यसरी परिवर्तन हुने पोसाकको सिलाइमा भने विशेष ध्यान दिनु आवश्यक छ। यस प्रकारको परिवर्तनीय पोसाकबाट आगामी दिनमा कपडा पनि टु इन वान हुनसक्ने सम्भावना देखिएको छ।

## अन्तरिक्ष पर्यटन यान तयार

बेलायती व्यवसायी रिचर्ड ब्रोन्सनले अन्तरिक्ष पर्यटन यान तयार गरेका छन्। भर्जिन ग्यालेक्टिक कम्पनीको यो यानको नाम ब्रोन्सनले आफ्नी आमा इबको नाममा राखेका छन्। अहिलेसम्म यसको व्यावसायिक उडान कहिलेदेखि सुरु गरिन्छ भन्ने टुंगो लागिसकेको छैन्। अन्तरिक्ष पर्यटन यानमा दुई पाइलट र ६ यात्रु अटाउनेछन्। यात्रुले २ लाख ५० हजार अर्थात् लगभग १ करोड २२ लाख रुपैयाँ भाडा तिर्नुपर्छ। नयाँ नयाँ प्रयोग गर्न रुचाउने कम्पनीका मालिक रिचर्ड ब्रोन्सनले नै आफ्ना परिवारका साथ पहिलो अन्तरिक्ष उडान गर्ने भएका छन्।

## मोटो हुनका लागि



मोटो हुन चाहनुहन्छ भने पौष्टिक आहारभन्दा पनि मोटो मानिसकै संगत गर्न वैज्ञानिकहरूले सल्लाह दिएका छन्। थाहा नपाईकन व्यक्तिमा आफ्नो वरिपरि रहेको मोटो व्यक्तिको प्रभाव पर्छ। अर्थात्, साथी मोटो छ भने थाहा नपाईकन वजन बढ्छ। अमेरिकाको वारविक विश्वविद्यालयका विशेषज्ञहरूले यस्तो निचोड निकालेका हुन्। अमेरिकामा हालै सम्पन्न एक कार्यक्रममा विशेषज्ञहरूले उक्त निचोडसहितको प्रतिवेदन सार्वजनिक गरेका छन्। युरोपका २७ हजार व्यक्ति यो अनुसन्धानका लागि खटिएका थिए। उनीहरूले मोटो हुनु समस्या भएको पनि बताए। यो अनुसन्धान सार्वजनिक भएपछि मोटेले साथी नपाउने अनुमान गरिएको छ।

# कोमल वलीको धमाका



**साप्ताहिक समाचार**

दसैंको आगमनलाई स्वागत गर्ने क्रममा गत असोज १ गते आयोजित एक रात्रिभोज कार्यक्रमका लागि गायिका कोमल वली अन्नपूर्ण होटल परिसरमा आगन्तुकहरूलाई स्वागत गरिरहेकी थिइन्। कालो रंगको स्लिभलेस पार्टी गाउन र मसिनो रूपमा बाटेको केशका साथमा आकर्षक व्यक्तित्व प्रदर्शन गर्दै हँसिलो अनुहारमा उभिएकी वली आफैं उक्त कार्यक्रमको आयोजकसमेत थिइन्। बडादसैंको शुभकामना आदान-प्रदान गर्न आयोजित उक्त कार्यक्रममा थोरै मानिस बोलाइएको भनिए पनि १ सय भन्दा बढी कलाकारको उपस्थिति थियो। नेपाल सांगीतिक संघकी अध्यक्ष वलीले व्यक्तिगत रूपमै उपस्थित सबैलाई बोलाएको हुनाले पार्टी रहस्यमय बनेको थियो। कोमल वलीले केको उपलक्ष्यमा पार्टीको आयोजना गरिन् त ? जिज्ञासामा हास्यकलाकार शिवहरि पौडेलले भने- 'खोइ मलाई त थाहा भएन, साढे ५ बजे आउनु भनेकाले समयमै आएँ, तर आउनुपर्ने ७ बजेपछि मात्र रहेछ।'

प्रायः चर्चित अनुहारको उपस्थिति रहेको उक्त कार्यक्रममा कोमल वलीले विवाहको घोषणा गर्न लागेकी छिन् भन्ने हल्ला पनि फैलिएको थियो। 'कोमल वली त रातो पहिरनमा हुनुपर्ने,' एक कलाकारले त्यसै विषयमा टिप्पणी गरे- 'तर उनी कालो ड्रेसमा छिन्, त्यसैले विवाहको घोषणा पक्कै होइन।' यी चर्चालाई शान्त पार्दै गायिका वलीले सबैलाई स्वागत गर्दै भनिन्- 'अहिले नै विवाहको घोषणा गर्ने बेला भैसकेको छैन, आज दसैं शुभकामना आदान-प्रदानका लागि मात्र बोलाइएको हो।' कार्यक्रममा लोकगायकद्वय बद्री पंगेनी र मिलन लामाले दोहोरीको भाकामा सबैसँग शुभकामना आदानप्रदान गरेका थिए भने गायक-गायिकाहरू रामकृष्ण ढकाल, प्रमोद खरेल, रिजा उप्रेतीले आफ्ना चर्चित गीत प्रस्तुत गरेका थिए।

कार्यक्रममा डिजे राजुले डान्सिङ नम्बरमा सबैलाई नचाएका थिए। गायिका वलीले सबैलाई खुलेर नाच्न निमन्त्रण गरेकी थिइन्। 'रमाइलो गर्न बोलाएको हुनाले सबैले खानपिनका साथमा नाचिदिए हुन्थ्यो जस्तो लाग्यो,' गायिका वलीले भनिन्- 'अन्य कार्यक्रममा रिजर्भ भएर बस्नेहरूलाई समेत मेरो कार्यक्रममा नचाउन पाएँ, खुसी लागेको छ।' चर्चित महजोडी आयोजक कोमल वलीभन्दा पहिले नै कार्यक्रममा पुगेको बताइरहेका थिए। घर टाढा भएकाले हरिवंश चाँडै हिँडे पनि मदनकृष्ण कार्यक्रम सकिने बेलासम्म थिए। नायिकाद्वय निरुता सिंह, उषा पौडेल तथा गायिकाद्वय नलिना चित्रकार, रिजा उप्रेती सुरुदेखि अन्त्यसम्म नाच्नमा व्यस्त थिए। कार्यक्रममा गायक निमा रुम्बा उपस्थित महिला कलाकारहरूलाई एक्लै आएको हो ? भनेर प्रश्न गरिरहेका देखिन्थे। उनले किन एक्लै आएको हो भनेर सोधेका हुन् भन्ने कुरा बुझ्न सकिएन। त्यस्तै कार्यक्रमको अन्त्यमा गायकद्वय रामकृष्ण ढकाल र यम बरालबीच सामान्य विवाद परेको थियो। विवाद सुल्झाउन गायिका वली आफैं सक्रिय भएकी थिइन्।



## लिटिल लेडी भक्तपुर सम्पन्न

बालबालिकामा अन्तर्निहित प्रतिभा प्रस्फुटन, आत्मविश्वास अभिवृद्धि एवं व्यक्तित्व विकासमा भूमिका निर्वाह गर्दै आएका बालबालिकासम्बन्धी प्रतिस्पर्धा सञ्चालन हुने क्रम बढ्दो छ। यसै क्रममा लिटिल लेडी भक्तपुर प्रतिस्पर्धा गत आइतबार सम्पन्न भएको छ। लुजः आर्ट सर्कल गठ्ठाघर, भक्तपुरको आयोजना तथा डिजिटल फोटो स्टुडियो, गठ्ठाघर भक्तपुरको सहआयोजनामा राष्ट्रिय सभागृहमा सम्पन्न दोस्रो संस्करणको लिटील लेडी भक्तपुर प्रतियोगितामा यस पटक ४४ जना सहभागी थिए। परिचयात्मक, बेस्ट ड्रेस, प्रश्नोत्तर चरणसँगै अगाडि बढेको उक्त प्रतियोगितामा प्रतिष्ठा पौडेलले लिटिल लेडी भक्तपुर-२००८ को उपाधि जितिन्। प्रल्हाद केसीको कोरियोग्राफीमा सम्पन्न उक्त प्रतियोगितामा रिमा सिलवाल फस्ट रनरअप तथा दीक्षा कटुवाल सेकेन्ड रनरअपका रूपमा छनौट भएका थिए।



## सुस्ताइन युना



युना उप्रेती नेपाली चलचित्रका नयाँ नायिका हुन् । चलचित्रमा अभिनय गर्नुअघि उनी यमुनाको नामले चिनिन्थिन्, तर चलचित्रमा क्यारियर बनाउनुअघि ज्योतिषीले दुई अक्षरको नाम राख्ने सल्लाह दिएपछि उनी यमुनाबाट युना भइन् । नाम परिवर्तन गरेपछि उनले एक वर्षकै अन्तरालमा तीनवटा चलचित्रमा अभिनय गरिन् । उनले अभिनय गरेको चलचित्र 'पर्खी बसें' ले त प्रदर्शनको १ सय ५० दिन नै पूरा गरिसकेको छ । त्यसपछि उनले अभिनय गरेका दुई चलचित्रमध्ये 'हिम्मत' प्रदर्शन भैसकेको छ भने 'त्रिशूल' प्रदर्शनको क्रममा छ । संजोग नै मान्नुपर्छ, यी तीनवटै चलचित्रका निर्देशक दीपक श्रेष्ठ हुन् । त्यसो त उप्रेतीलाई निर्देशक श्रेष्ठबाहेक अरू निर्देशकका चलचित्रमा अभिनय नगर्ने नायिका पनि भन्छन्, तर उनी यो स्वीकार्दिनन् । युना भन्छिन्– 'उहाँका चलचित्रमा मात्र अभिनय गर्नु संजोग मात्र हो ।' यद्यपि तीनवटा चलचित्रमा अभिनय गरिसकेपछि पनि चौथो चलचित्रमा अभिनय गर्ने साइत नजुर्नुचाहिं संजोग नहुन सक्छ । कतै उनी सुस्ताएकी त होइनन् ? यस्तै जिज्ञासामा उनको जवाफ थियो– 'म झापाबाट चलचित्रमा अभिनय गर्न मात्र आएकी होइन, अध्ययन गर्न पनि आएकी हुँ ।' यसैबीच उनी मदन घिमिरेको निर्देशनमा बनिरहेको चलचित्र फर्जमा नायिका छनौट भएकी छिन् ।



## कथाकार अरुणिमा

नायिका अरुणिमा लम्सालले आधा दशक लामो अभिनय क्यारियरमा आधा दर्जन नै चलचित्रमा अभिनय गरेकी छिन् । चलचित्रमा अभिनयका अतिरिक्त उनी साहित्य सिर्जनामा पनि रुचि राख्छिन् भन्ने रहस्य भर्खरै मात्र खुलेको छ । नरेश पौडेलले निर्देशन गर्ने नयाँ चलचित्र 'दीपशिखा' को कथा अरुणिमाले नै लेखेकी हुन् । त्यसो त यसअघि अरुणिमाले नरेशका 'धड्कन' लगायत पाँचवटा चलचित्रमा अभिनय गरिसकेकी छिन् । नरेशका चलचित्रमा अरुणिमाको अभिनय अनिवार्य नै भैसकेको छ भन्नेहरू पनि धेरै छन् । त्यसो त निर्देशक र नायिकाबीचको मित्रतालाई अन्यथा लिनु हुँदैन । नरेशले कथाकारका रूपमा अरुणिमाको खुलेर प्रशंसा गरेका छन् । पौडेल भन्छन्– 'दीपशिखा अरुणीमाको उपज हो । उनको सिर्जना र सन्तान हो ।' अरुणिमाले कस्तो कथा लेखिछन्, चलचित्र प्रदर्शन नहुन्जेल प्रतीक्षाकै विषय हुनेछ ।



## हिरोइनको सफाइ अभियान

नायिका झरना थापाको दायरा फराकिलो भएको छ, किनकि हालै उनी 'सरसफाइ सन्देश दूत' नियुक्त भएकी छिन् । अभिनय क्षेत्रमा राम्रै प्रभाव पार्न सफल अभिनेत्री झरना यो जिम्मेवारी पाएकोमा खुसी छिन् । झरना भन्छिन्– 'सामाजिक काम गर्नुको मज्जै बेग्लै हुन्छ ।' यो कार्यमा सफल हुनुहोला त ? उनी हल्का मुस्कुराउँदै भन्छिन्– 'राम्रो काममा लागेपछि सफल नहुने कुरै छैन ।'

चलचित्रको काम गर्दा अप्रत्यक्ष रूपमा सामाजिक काममा संलग्न भएको धारणा राख्ने झरनाले प्रत्यक्ष सरोकार राख्ने सरसफाइजस्तो संवेदनशील काममा सहभागी हुन पाउँदा आफूलाई अझ बढी खुसी लागेको बताइन् ।

अहिले बिदाइ र अग्निसाक्षीमा काम गरिरहेकी झरना सरसफाइ दूत भएपछि उनको कामको चाप पक्कै बढ्नेछ । समयको तालमेल कसरी मिलाउनुहुन्छ ? भन्ने प्रश्नको जवाफमा उनले भनिन्– 'त्यति गाह्रो होला जस्तो लागेको छैन ।' चलचित्रको कामजत्तिकै महत्त्व दिएर सामाजिक काम गर्ने योजना छ उनको । किनकि सामाजिक काम गरेपछि अझ धेरै जस पाइन्छ भन्ने लागेको छ उनलाई । झरनाले यो पनि भनिन्– 'अब मेरा दर्शक अझ बढ्नेछन् ।' कसरी ? झरनाले अनुमान गर्दै भनिन्– 'हिजो चलचित्र हेर्नेले मात्र मलाई चिन्थे, अब नहेर्नेले पनि चिन्ने मौका पाउनेछन् ।'



## गायक बन्दैछन् निर्माता

गायक अर्जुन कुमारले सांगीतिक क्षेत्रमा आफ्नो क्यारियर बनाइसकेका छन् । पछिल्लो समयमा तयार पारिएका आफ्ना गीत तथा म्युजिक भिडियोहरू दर्शकहरूले रुचाएपछि उनी कन्सर्टहरूमा पनि उत्तिकै जमेका छन् । यसबीच म्युजिक भिडियो निर्माण गर्ने आफ्नै प्रोडक्सन हाउससमेत सञ्चालन गरेका अर्जुनले अब नेपाली चलचित्र निर्माणमा पनि हात हालेका छन् ।

'एक्पोज द फिल्म मेकर' शीर्षकको ब्यानर स्थापना गर्दै उनले चलचित्र निर्माणलाई गति दिने भएका छन् । अर्जुनले निर्माण गर्ने पहिलो चलचित्रको शीर्षक 'पहिलो माया' राखिएको छ । दीपेन्द्रकुमार खनाल यो चलचित्रका निर्देशक हुन् । माया-प्रेममा आधारित यो चलचित्रका लागि टिनएजर नायक-नायिकाको खोजी भैरहेको अर्जुनले बताए ।

## उनलाई साडी नै पर्छ



चलचित्र 'मौसम'मा गणेश उप्रेतीकी श्रीमती बनेकी शर्मिला मल्ल चलचित्रभरि साडीमा देखिएकी छिन् । एउटा धनी व्यक्तिकी श्रीमती बनेकी शर्मिलालाई साडीमा देख्दा कसैले अचम्म मानेनन्, तर सहरका सम्भ्रान्त परिवारकी महिलाले साडीका अतिरिक्त कुर्ता वा अन्य पोसाक नलगाएको देख्दा भने धेरैले अचम्म माने । केही दर्शकले त हल परिसरमा टिप्पणी गर्दै भने– 'धनीका श्रीमती सधैं साडीमा त देखिँदैनन् नि ।'

हामीलाई पनि साडीको रहस्य बुझ्न मन लाग्यो । तपाईंलाई निर्देशकले यो चलचित्रमा साडी मात्रै लगाउनु भनेका थिए हो ? शर्मिलाले मुस्कुराउँदै भनिन्– 'किन मलाई साडी सुहाएको छैन र ?' उनले कारण बताइन्– 'होइन मलाई त साडी, कुर्ता जे लगाए पनि हुन्छ भनिएको थियो, साडी त मेरो आफ्नै रोजाइ हो ।'

साडीप्रति उनको यति धेरै लगाव किन होला ? शर्मिलाले अलिकति आदर्शको कुरा गरिन्– 'नेपाली नारीको सुहाउँदो पोसाक साडी नै त हो नि । मेरो सौन्दर्य साडीमा झल्किन्छ भन्ने सुझाव मेरा धेरै साथीले दिएका छन्, त्यही भएर म धेरैजसो साडीमै प्रस्तुत हुन्छु ।'

साडीको पारखी हुँदाहुँदै पनि उनी महँगा साडीलाई महत्त्व दिन्नन् । अहिलेसम्म ३ हजारभन्दा बढी मूल्य पर्ने साडी नलगाएको शर्मिलाले बताइन् । वर्षको एक जोर साडी किन्ने गरेकी छिन् शर्मिलाले, त्यो पनि बागबजारतिर ।



## ग्ल्यामर पोखराको

ग्ल्यामरको क्षेत्रमा हाम फाल्दा सुरुमा टिक्नै गाह्रो भयो पोखराकी मोडल लक्ष्मी लामालाई । उनलाई नानाथरी भन्नेहरूको पनि कमी भएन, तर उनलाई पर्वाह पनि भएन । यही क्षेत्रमा लागेर अहिले उनी स्थापित भैसकेकी छिन् । 'जमाना नै ग्ल्यामरको छ', लामाले भनिन । दुई–तीन वर्ष यता पोखरामा ग्ल्यामर क्षेत्र निकै फस्टाएको छ । युरोपेली संस्कृतिको प्रभाव यहाँका टिनएर्जसहरूमा पनि परेको छ ।

हङकङ तथा अमेरिकातिर बसोबास गरेर आउनेहरूले यो क्षेत्रलाई थप ऊर्जा प्रदान गरेको स्थानीय कोरियोग्राफर प्रजु पंगेनी बताउँछन् । के युवा, के युवती यहाँ उनीहरूलाई ग्ल्यामरले तानेको छ । सुरुमा ग्याम्पमा उत्रन अप्ठ्यारो महसुस गर्नेहरू अहिले टु पिस पहिरनमा ग्ल्यामर प्रदर्शन गर्न चुक्दैनन् । 'यो समयले ल्याएको परिवर्तन हो', मोडल मिलन केसीको धारणा छ । आजभोलि त यो क्षेत्रलाई



हेर्ने दृष्टिकोणमा समेत परिवर्तन आइसकेको छ । ग्ल्यामर प्रदर्शनीलाई धेरैले समान्य रूपमा लिन थालेका छन् ।

स्थानीय मोडल सकिला गुरुङ ग्ल्यामर प्रदर्शन गर्न हिचकिचाउँदिनन् । गुरुङ भन्छिन्– ग्ल्यामर प्रदर्शनलाई नकारात्मक रूपमा लिनु हुँदैन । यतिबेला उनको ग्ल्यामर पोखरामा चर्चाको विषय बनेको छ । टु पिस पहिरनमा उनले स्थानीय पोखरा सिटी तथा लभ्ली पोखरा डटकमका लागि तात्तातो फोटो सेसन गराएकी छिन् । पछिल्लो समयमा यहाँ वेबसाइटको तीव्र विकासले गर्दा पनि ग्ल्यामरले फस्टाउने मौका पाएको हो । वेबसाइटहरूले पनि बढीभन्दा बढी ग्ल्यामर प्रस्तुत गर्दै आएका छन् । पोखरा सिटीका राजव श्रेष्ठ भन्छन्– आजभोलि फोटो सेसन गराउनेहरूको ताँती नै लाग्छ ।

बेला–बेलामा हुने सौन्दर्य प्रतियोगिता फेसन सो तथा म्युजिक भिडियो निर्माणको क्रममा पनि यो क्षेत्रले व्यापकता पाउँदै गएको हो । आजभोलि मोडलिङमा ग्ल्यामरस लुक्स त आवश्यक नै भैसकेको छ । पोखराकै चर्चित मोडल बबिना शर्मालाई पनि साइवर नेपालमा खिचाएको ग्ल्यामर लुक्सले थप चर्चामा ल्याउने काम गऱ्यो । त्यसपछि त उनलाई म्युजिक भिडियोहरूमा खेल्ने अफरको लाइन नै लाग्यो । सस्तो लोकप्रियताभन्दा पनि यस क्षेत्रमा टिकिराख्ने किसिमले सोहीअनुरूपको ग्ल्यामर प्रदर्शन गर्नुपर्ने उनको मान्यता छ । क्षणिकताका लागि मात्र ग्ल्यामर प्रदर्शन गर्नेहरू लामो समय टिक्न सकेका छैनन् ।

पोखराको हकमा भने ग्ल्यामर क्षेत्र अँगाल्नेहरूले यसलाई निरन्तरता दिइरहेका छन् । ग्ल्यामर फस्टाउने कार्यमा इन्टरनेट मोडलिङले ठूलो सघाउ पुऱ्याएको छ, लभ्ली पोखरा डटकमका गणेश खड्का बताउँछन् । मोडलिङलाई पेसाका रूपमा अँगाल्नेहरूले मात्र होइन, अन्य टिनएर्जसहरूले पनि यहाँ ग्ल्यामर प्रदर्शनलाई महत्त्व दिँदै आएका छन् । नगरका चोक हुन् वा गल्ली, ग्ल्यामरको छनक दिने पहिरन प्रदर्शन गर्नेहरूको संख्या बढेर गएको छ ।

–शिव शर्मा



## फिल्मी खबर



• चलचित्र लेखक विकास आचार्यले पहिलो पटक निर्देशन गरेको चलचित्र 'नसिब'को सम्पादनकार्यमा ढिलाइ भैरहेको थियो। निर्देशक आचार्यले दिएको जानकारीअनुसार मुम्बईबाट प्रिन्ट समयमा आइनपुगेकाले सम्पादनकार्यमा ढिलाइ भएको थियो तर अहिले यसको सम्पादन कार्य सकिएको छ। चलचित्र नसिबका केन्द्रीय नायक जीवन लुइँटेल हुन् भने यसमा विराज भट्ट, रेखा थापा, जेनिषा केसी, सुव्रत आचार्य, दिलकुमार प्यासी, हेमन्त बुढाथोकी, देशभक्त खनाल, उत्तम केसीका साथै चारवटा जर्मन सेफर्ड जातका कुकुरलाई पनि अभिनय गराइएको छ।

• प्राकृतिक सम्पदा जैविक विविधता, जडीबुटी संरक्षणसम्बन्धी कथामा आधारित झापाका स्थानीय कलाकारहरूद्वारा निर्मित 'पुरानो जङ्गल' छायांकन सम्पन्न भै प्रदर्शनको तयारीमा छ। केरुङ फिल्म प्रोडक्सनको यो दोस्रो प्रस्तुति दसैंअघि नै प्रदर्शनमा आउने चलचित्रका लेखक उत्तम लावतीले जानकारी दिएका छन्। डिजिटल प्रविधिबाट निर्मित यो चलचित्र वियोगान्त प्रेमकथामा आधारित भए पनि मूलतः प्राकृतिक सम्पदाहरूको संरक्षण कसरी गर्न सकिन्छ भन्ने कुरालाई मुख्य विषय बनाइएको छ। २ घण्टा ३० मिनेट लामो यो चलचित्रको छायांकन झापा र इलामका विभिन्न जङ्गल एवं दार्जीलिङमा गरिएको हो। यो चलचित्रमा उत्तम लावती, शेली लिम्बू, पदम प्रधान, रोश्नी राई, राजेन्द्र दाहाल, शङ्कर सुनुवार, सन्दीप थापामगर, अर्जुन कार्की आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् भने यसका निर्देशक कुमार बुढाथोकी हुन्।

• चलचित्र 'सम्बन्ध' तिहारपछि प्रदर्शन हुने भएको छ। 'चलचित्रको सम्पूर्ण काम सकियो', चलचित्रका निर्देशक रविन श्रीले भने- 'तर प्रदर्शनचाहि तिहारपछि मात्र हुन्छ।' युवा निर्देशक रविनले चलचित्र प्रदर्शन अगाडि 'च्यारिटी शो' गर्ने बताए। गत माघमा छायांकन थालिएको 'सम्बन्ध' मा कुल २५ लाख लगानी गरिएको छ। चलचित्रका अधिकांश कलाकार निर्देशक रविनबाट प्रशिक्षित छन्। यसको अर्थ चलचित्रमा राष्ट्रिय स्तरका कलाकार छैनन् भन्ने होइन। रोमान्टिक नायक दिलीप रायमाझी, 'हटकेक' पूजना प्रधान, सीमान्त उदास, पुष्प श्रेष्ठ, स्वयं रविन श्रीले समेत चलचित्रमा अभिनय गरेका छन्। त्रिकोणात्मक प्रेमकथामा आधारित चलचित्र 'सम्बन्ध' को सम्पूर्ण छायांकन झापा, इलाम र सुनसरीमा गरिएको छ। कर्णप्रिय गीत, कहालीलाग्दो द्वन्द्व र उत्कृष्ट कथा चलचित्रको सकारात्मक पक्ष हो। यो 'टिनएजर्स' हरूले छुटाउनै नहुने चलचित्र हो, - निर्देशक रविनले बताए।

• सुदर्शन थापाको निर्देशनमा विगत छ महिनादेखि छायांकन भैरहेको चलचित्र 'मेरो एउटा साथी छ' को छायांकन दुई महिनादेखि रोकिएको थियो। निर्माण पक्षले जनाएअनुसार अब यसै सातादेखि चलचित्रको बाँकी छायांकन थालिनेछ। तिहारसम्ममा छायांकन सक्ने लक्ष्यका साथ काम भैरहेको यो चलचित्रमा नायक आर्यन सिग्देल तथा नायिका नम्रता श्रेष्ठको जोडी हेर्न पाइनेछ। चलचित्र 'मेरो एउटा साथी छ' मा सुगम पोखरेलले संगीत दिएका छन्।

## लभगुरु रेखा

**म १९ वर्षीय युवक हुँ। म एउटी युवतीलाई भित्री हृदयदेखि नै मन पराउँछु। प्रेमप्रस्ताव राख्ने प्रयास पनि गरिसकेँ तर सकिनँ। त्यसपछि साथीको सल्लाहबमोजिम पत्रमार्फत प्रेमप्रस्ताव राखेँ, तर उनले मेरो प्रस्तावबाट द्विविधामा पर्दै दाइ–बहिनीको नाता कायम गर्ने बताइन्। त्यो घडीमा मेरो मुटु फुटेसरह भयो। उनी अवश्य पनि मलाई माया गर्छिन् तर म दाइ–बहिनीको नातामा बाँधिन चाहन्नँ। म उसलाई जीवनसाथी बनाउन चाहन्छु, आफ्ना हरेक सुख–दुःख उनीसँग बाँड्न चाहन्छु। यो अवस्थामा मैले के गर्दा उचित हुन्छ ?**

**–टेक**

तपाईं एकोहोरो प्रेमको सिकार हुनुभएको छ। एकोहोरो प्रेम हुँदा मन पराएको व्यक्तिले आफूलाई पनि माया गरिरहेको छ भन्ने भ्रममा परिन्छ। प्रेम हुनका लागि एक्लो प्रयास सम्भव छैन। उनलाई मन पराउनु तपाईंको कुरा हो र उनले तपाईंलाई प्रेमीका रूपमा नहेर्नु उनको अधिकारको कुरा हो। हुनसक्छ उनी कुनै अन्य युवकसँग प्रेम गरिरहेकी छिन् अथवा उनलाई प्रेम गर्न मन छैन। त्यसैले पनि उनले तपाईंलाई प्रेमी होइन, दाइका रूपमा हेरेको बताइन्। फेरि एउटा कुरा, एकोहोरो प्रेम निकै घातक हुनसक्छ त्यो पनि तपाईंका लागि। यदि उनले तपाईंलाई मन पराउँदिनन् भने यो प्रयासलाई यही रोक्नुहोस् र उनीबाट टाढा हुने प्रयास गर्नुहोस्। माया पाउनुमा मात्र सीमित छैन। त्याग र समर्पणमा पनि मायाको स्वाद पाउन सकिन्छ। आफूलाई कुनै काम वा पढाइमा व्यस्त राखेर भए पनि उनलाई बिर्सने प्रयास गर्नु तपाईंको भविष्यका लागि राम्रो हुनेछ।




पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय–सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्ने छैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।



# नारीको दसैं अंक छुट्यो कि ?



**केवल एक प्रश्न**

# तपाईंले आफ्नो शरीरलाई नाङ्गो रूपमा ऐनामा हेर्नुभएको छ ? कस्तो अनुभूति हुन्छ ?



हाहाहा.....हरेक बिहान हेर्छु। उठ्नेबित्तिकै नुहाउन बाथरुम जान्छु। मेरो बाथरुममा चारैतिर ऐना राखिएको हुनाले आफ्नो शरीर हेर्दै नुहाउँछु। मलाई त कस्तो लाज लाग्छ, आफ्नै शरीर देखेर। कुतकुती हुन्छ क्या.....

**रेखा थापा, नायिका**

छैन्.....हाहाहा, कस्तो प्रश्न गरेको ? यस्तो प्रश्न पनि छापिन्छ साप्ताहिकमा ? सुन्दै लाज लाग्यो। मलाई त आफ्नो शरीर हेरेर साह्रै लाज लाग्छ, त्यही भएर अहिलेसम्म ऐनामा हेरेको छैन। नुहाउँदा पनि यति छिटो नुहाउँछु कि आफ्नो शरीर हेर्न पनि भ्याउँदिनँ।

**कोमल वली, गायिका**

हेरेको छु, गजब इन्ट्रेस्टिङ क्वेसन गर्नुभो .....एउटा रमाइलो घटना छ, २०-२१ को उमेरमा म जिम जान थालेको थिएँ। एक दिन नाङ्गै हेर्दा मेरो बडी कस्तो देखिँदो रहेछ भनेर ट्राई गरेको थिए। मलाई त आफ्नै शरीर कस्तो अनौठो लाग्यो, साथसाथै लाज पनि लाग्यो। त्यसो त प्रायः नुहाउँदा नाङ्गो शरीर हेरिन्छ। डाक्टरले पनि प्रत्येक व्यक्तिले आफ्नो अंग-प्रत्यङ्ग हेर्नु आवश्यक छ भन्छन्। नाङ्गो शरीर हेर्दा मनमा अनेकन् कुरा खेल्छन् ...गजब मज्जा हुन्छ।

**नरेश भट्टराई, आरजे/कलाकार**

नुहाउने बेलामा बाथरुममा प्रायः हेरिन्छ। बाल्यकालमा खोलामा पौडी खेल्दा नाङ्गो शरीरमै भइन्थ्यो। त्यसबेलामा आफ्नो आँखाले देख्नेसम्म हेरिन्थ्यो, तर अहिले ऐनामा आफूले देख्न नसक्ने पनि हेर्न पाइन्छ। हाहा..मलाई त कस्तो कस्तो लाग्छ ..हाँस उठ्छ। अरूलाई जस्तो लाग्छ, मलाई पनि त्यस्तै लाग्छ।

**विक्रान्त बस्नेत, नायक**

मैले ? हेरेको छु हेर्न त ....नर्मल्ली बाथरुममा हेरिन्छ। हेर्छु नै भनेर अरू बेला हेरेको त छैन, तर नुहाउने बेलामा आफ्नो शरीर हेरिन्छ। आफ्नो शरीर जस्तो छ, त्यसमा म पूर्ण सन्तुष्ट छु। जे छ ठीकै छ जस्तो लाग्छ ....।

**सुगम पोखरेल, गायक**

आलोक नेम्वाङले म्युजिक भिडियो निर्देशन गर्न थालेको दस वर्ष हुनलाग्यो। यो अवधिमा उनले ३ सयभन्दा बढी म्युजिक भिडियोको निर्देशन गरिसकेका छन्। अहिले नै पनि उनले दर्जनौं म्युजिक भिडियोको निर्देशन गरिहाल्नुपर्ने भएको छ। भविष्यमा उनले अझै अनेकौं म्युजिक भिडियो निर्देशन गर्लान्। यतिबेला भने उनी आफूले निर्देशन गरेको पहिलो चलचित्र 'सानो संसार' का कारण चर्चामा छन्। भूषण दाहालले 'कागबेनी' का लागि प्रयोग गरेको निर्माण संस्था र क्यामेरा आलोकले पनि रोजे। उनको विषय भने दाहालको भन्दा फरक छ र सम्भवतः प्रस्तुति पनि फरक हुनसक्छ।



## जम्का भेट

**सानो संसारबाट निकै आशा गर्नुभएको होला, होइन ?**

नगर्ने कुरै भएन। मैले भन्दा पनि दर्शकले बढी आशा गरेका थिए, आशा अनुरुप चलचित्र चलेकै छ।

**धेरै राम्रा म्युजिक भिडियो बनाएका आलोक नेम्वाङबाट आशा गर्नु पनि त स्वाभाविकै हो नि, होइन र ?**

तर यो मेरो पहिलो चलचित्र हो। दर्शकले मलाई चलचित्रका लागि नयाँ निर्देशकका रूपमा हेरिदिनुपर्‍यो। एउटा कुरा के भने सानो संसारबाट नेपाली चलचित्र क्षेत्रमा क्रान्ति नै आउँछ भन्ने आशा कसैले गरिरहनुभएको छ भने म उहाँहरूलाई भन्न चाहन्छु– मैले त्यस्तो एकदमै फरक चलचित्र बनाएको छैन।

**कस्तो छ त सानो संसार ?**

यसमा एउटा प्रेमकथा छ। जसले दर्शकको मन छुनसक्छ।

**सानो संसार प्रदर्शन भयो, अब के गर्नु हुन्छ ? विगतमा निकै अफर छाड्नुभएको थियो ?**

हो, त्यतिबेला म तयार थिइनँ। अब भने राम्रो अफर पाएँ भने गर्छु, किन नगर्नु ? प्रेमकथा वा सामाजिक कथामा आधारित विषयमा चलचित्र निर्देशन गर्नेछु।

**नेपाली चलचित्रका कुनै निर्माताले अफर गरे भने र उनीहरू चाहेको जस्तो चलचित्र निर्देशन गर्नुपर्‍यो भने ?**

उहाँहरूबाट अफर आयो भने गर्छु, तर स्टाइल मेरो हुनेछ।

**अबका तपाईंले निर्देशन गर्ने चलचित्रमा राजेश हमाल, निखिल उप्रेती, विराज भट्टहरू नायक हुन सक्ने सम्भावना कत्तिको छ ?**

उहाँहरू नै अहिलेका चलेका नायक हुनुहुन्छ। किन मैले उहाँहरूसँग काम गर्नु हुन्न र ? मेरो विषयमा अटाउनुभयो भने अवश्य पनि उहाँहरू मेरा आगामी चलचित्रका नायक हुनुहुनेछ।

**काठमाडौंमा सार्वजनिक भएका नेपाली चलचित्र सबै हेर्नुहुन्छ ?**

मलाई नेपाली चलचित्र मनपर्छ। प्रायः सबै चलचित्र हेरेको छु।

# एउटा वास्तविक फेसन सो

**साप्ताहिक समाचार**

काठमाडौं- नेपाली रजतपटका उदियमान नायक राजवल्लभ कोइराला डनका अमिताभ बच्चनजस्ता। पहिलो मिस नेपाल रुबी राणा शाह





देवदासकी ऐश्वर्या रायजस्ती, बैंक अफिसर रबिना जोशी ओम शान्ति ओममा देखिएकी शिल्पा सेट्टीजस्ती अनि ग्ल्यामर फोटोग्राफर राजभाइ सुवाल जेम्स बोन्डजस्ता।

आइतबार साँझ पाँचतारे होटल याक एण्ड यतिको रिगल हलमा उनीहरूलाई त्यही 'गेटअप'मा देखियो। राजधानीमा धेरैपछि एउटा यस्तो फेसन सोको सम्पन्न भयो, जसले उपस्थित दर्शकलाई झन्डै सवा दुई घण्टासम्म एकटक बाँधिराख्न सक्यो। २० वटा सिक्वेन्सको उक्त फेसन सोका हरेक सिक्वेन्स रोचक एवं रमाइला थिए। सिक्वेन्सका शीर्षकहरू पनि सुन्दै रमाइला लाग्दा थिए। ब्लकबस्टर, माया, सलाद, क्लासिक गोज पंक, चेक मेट, कनिङ किटिज, लक्की ट्रिप, ग्ल्यामर, समर अफ लभ आदि। पूजा लामा, नीरज बरालजस्ता नाम चलेका मोडलहरू पनि सोको शोभा बढाइरहेका थिए। प्रशान्त ताम्राकारले कोरियोग्राफी गरेको उक्त सोको आयोजना फेसन तथा इन्टेरियर डिजाइनिङ प्रशिक्षण कलेज 'आइएनआइएफडी'ले गरेको थियो।

सुगम पोखरेलको गायन तथा साल्सा नृत्यजस्ता रमाइला 'ब्रेक'ले दर्शकलाई सम्मोहित तुल्याएको फेसन सोको व्यवस्थापन भोग एडभर्टाइजिङ तथा इभेन्ट म्यानेज्मेन्टले सम्हालेको थियो। भोगका सञ्चालक प्रभात रिमाल ब्याडमिन्टन खेल्दा लडेर पुठ्ठा भाँचिए पनि वैशाखी टेकेर कार्यक्रममा उपस्थित थिए। उक्त फेसन कलेजमा अध्ययन गरेका तथा गरिसकेका डिजाइनरहरूले सिर्जना गरेका पहिरनहरूको उक्त सोलाई वास्तविक फेसन सो भन्न सकिन्थ्यो।



# राजधानीमा युरोपेली चलचित्र

**साप्ताहिक समाचार**

काठमाडौं– युरोप नेपालीहरूका लागि आकर्षक गन्तव्य बन्दै गएको छ। युरोपेली संस्कृतिप्रति नेपालीहरू आकर्षित भैरहेको अवस्थामा राजधानीमा युरोपकै विभिन्न देशमा निर्माण भएका चलचित्रको प्रदर्शनी 'युरोपियन फिल्म फेस्टिवल– २००८' हुने भएको छ।

आज असोज १० गतेदेखि भृकुटीमण्डपको प्रेक्षालयमा हुने यो अन्तर्राष्ट्रिय चलचित्र महोत्सव असोज १५ गते बुधबारसम्म चल्नेछ। युरोपेली युनियनलगायत आधा दर्जन अन्तर्राष्ट्रिय संस्थाद्वारा नेपालमै पहिलो पटक आयोजना गर्न लागिएको यो महोत्सवमा विभिन्न देशका दसवटा चलचित्र प्रदर्शन हुँदैछन्। महोत्सवमा प्रदर्शन हुने चलचित्र हेर्न शुल्क तिर्नु नपर्ने आयोजकहरूले जनाएका छन्। चलचित्रको प्रदर्शन हुनुभन्दा एक घण्टाअघि नेपाल पर्यटन बोर्डबाट चलचित्र हेर्ने प्रवेश पास उपलब्ध गराइनेछ। चलचित्र हेर्ने दर्शकहरूले प्रदर्शन प्रारम्भ हुनुभन्दा २० मिनेटअघि नै हलमा प्रवेश गर्नुपर्नेछ। दर्शकहरूले महोत्सवमा बेलायत, जर्मनी, फिनल्यान्ड, डेनमार्क तथा फ्रान्समा निर्माण भएका चलचित्रबाट मनोरञ्जन लिन पाउनेछन्।

महोत्सव उद्घाटनको दिन कान्स चलचित्र महोत्सवसम्बन्धी ३ वटा वृत्तचित्र प्रदर्शन गरिनेछ। पहिलो दिन 'कान्स स्टोरिज', 'द रेड कार्पेड', तथा 'वर्ड्स इन प्रोग्रेस' प्रदर्शन गरिनेछ। उक्त दिन प्रदर्शन गरिने वृत्तचित्रहरू आमन्त्रित अतिथिले मात्र हेर्न पाउनेछन्। महोत्सवको दोस्रो दिन असोज ११ गते शनिबार ४ वटा चलचित्र प्रदर्शन हुनेछन्। उक्त दिन बिहान १० बजे बेलायती चलचित्र 'ग्रो योर अन' प्रदर्शन हुनेछ भने १२ बजे 'आइसल्यान्ड अफ लस्ट सोल्स', ४ बजे 'द म्यान विदआउट अ पास्ट' तथा साँझ ६ बजे चलचित्र 'यु' प्रदर्शन हुनेछ। महोत्सवको तेस्रो दिन आइतबार भने चलचित्र 'यु', 'मिस्ट्री अफ द उल्फ', 'आइसल्यान्ड अफ लस्ट सोल्स' तथा 'गुड बाई लेलिन' प्रदर्शन गरिनेछ। चौथो दिन सोमबार 'किड्स गेम', 'द विन्ड द्याट सेक्स द बार्ली', 'किङ अफ कबाब' तथा 'ग्रो योर अन' प्रदर्शन हुनेछन्।

'गुड बाई लेनिन', 'गेम्स अफ लभ एन्ड चान्स', 'किङ अफ कबाब' तथा 'ग्रो योर अन' महोत्सवको पाँचौं दिन मंगलबार प्रदर्शन हुनेछन्। महोत्सवको अन्तिम दिन बुधबार यसअघि नै प्रदर्शन भैसकेका ४ वटा चलचित्रको पुनः प्रदर्शन गरिनेछ। उक्त दिन दर्शकहरूले 'मिस्ट्री अफ द उल्फ', 'गेम्स अफ लभ एन्ड चान्स', 'द विन्ड द्याट सेक्स द बार्ली' तथा 'किड्स गेम' जस्ता चलचित्रबाट मनोरञ्जन लिन सक्नेछन्।



## चलचित्र

### को होला मेरो मायालु



चर्चित मोडल रूपा उपाध्यायले अभिनय गरेको चलचित्र 'को होला मेरो मायालु' आज शुक्रबार सार्वजनिक हुँदैछ। दुई वर्षअघि नै निर्माणकार्य सकेर प्रदर्शनका लागि तयार भैसकेको यो चलचित्र नेपाली चलचित्रको अमिल्दो 'क्यू सिस्टम' को सिकार भएकाले बल्ल काठमाडौं उपत्यकाबाट प्रदर्शन हुँदैछ। सुवास गजुरेलले निर्देशन गरेको यो चलचित्रमा भूपेन चन्द, रञ्जु लामिछाने, गोपाल भुटानी, उमेश मायालु, लक्ष्मी गिरी आदि कलाकारको मुख्य भूमिका छ। मुम्बईको चलचित्र उद्योगमा कलाकार एवं प्राविधिक बन्न संघर्ष गरिरहेका नेपाली युवाहरूको संघर्षका गाथालाई चलचित्रको मूल विषय बनाइए पनि चलचित्रमा त्रिकोणात्मक प्रेमकथा समेटिएको छ। संगीतमय प्रेमकथात्मक चलचित्रका रूपमा प्रदर्शन हुन लागेको यो चलचित्रमा रञ्जित घिमिरेको संगीत सुन्न पाइन्छ। पूर्ण परियार, एम छन्तेल तथा प्रेम सोनीले निर्माण गरेको चलचित्र 'को होला मेरो मायालु' मा गोविन्द राई र कविराज गहतराजको नृत्य निर्देशन छ। चलचित्रका छायाँकार नारायण मैनाली हुन्।

### हरि पूत्तर




हलिउडको सुपरहिट चलचित्र 'ह्यारी पोर्टर' सँग मिल्दो-जुल्दो शीर्षक राखिएको चलचित्र 'हरि पूत्तर' को सार्वजनिक प्रदर्शन आजदेखि प्रारम्भ हुँदैछ। आफ्नो चलचित्रको शीर्षक नक्कल गर्न खोजिएकोमा 'ह्यारी पोर्टर' का निर्माताले आरोपसमेत लगाएको 'हरि पूत्तर' पनि बालबालिकाकै कथामा आधारित चलचित्र हो। निर्देशकद्वय लकी कोहली तथा राजेश बजाजले यो चलचित्रलाई विशुद्ध हास्य चलचित्रका रूपमा तयार पारिएको बताएका छन्। चलचित्रमा सारिका, ज्याकी श्राफ, जियान खान, सौरभ शुक्ला, विजय राज, स्विनी खारा, लिलेटी दुबे, शमिता सेट्टी आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्। चलचित्रमा बालकलाकार जियानले हरि पूत्तरको शीर्ष भूमिका निर्वाह गरेका छन्। चलचित्रको कथा भारतबाट प्रारम्भ भए पनि अधिकांश घटना बेलायतमा विकसित हुन्छन्। हरिका बुवा प्रोफेसर ढुण्डा बेलायतको सुरक्षा परिषद्को एउटा अनुसन्धानका लागि छनौट भए पनि उनी आफ्ना छोरा हरि तथा श्रीमतीसहित त्यहाँ पुग्छन्। बेलायत पुगेपछि हरिले गर्ने अनौठा व्यवहारका कारण चलचित्रले नयाँ मोड लिन्छ। असाध्य चञ्चल बालक हरिले गर्ने विभिन्न उपद्रव तथा उत्पन्न गर्ने अप्ठ्यारा परिस्थितिहरू उनका अभिभावकका लागि चिन्ताको विषय बन्न पुग्छ, तर चलचित्र हेर्ने दर्शकका लागि भने हरिका तीनै बदमासीहरू मनोरञ्जनको माध्यम बन्न सक्छन्।

### फ्ल्यास अफ जिनियस

हलिउडमा यो साता प्रदर्शन हुने चलचित्र 'फ्ल्यास अफ जिनियस' को वितरण युनिभर्सल पिक्सर्चले गर्दैछ। ड्रामा, एडप्टेसन तथा बायोपिक श्रेणीमा राखिएको यो चलचित्र दुई घण्टा लामो छ।



चलचित्रमा प्रयोग गरिएका भाषाका कारण यसलाई १३ वर्षभन्दा बढी उमेर समूहका दर्शकले मात्र हेर्न सक्नेछन। मार्क अब्राहमद्वारा निर्देशित यो चलचित्रमा ग्रेग किन्नर, लरेन ग्राहम, ज्याक अबेल, बिल स्मिट्रोभिच, आरोन अब्राम्स आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्।

चलचित्र सत्य घटनामा आधारित भएको बताइन्छ। एक जना कलेज प्रोफेसर तथा पार्ट टाइम अन्वेषक एवं अमेरिकी अटोमोबाइल उद्योगबीचको लामो समयदेखिको अन्तरद्वन्द्व यो चलचित्रको प्रमुख विषय हो। यो चलचित्र एक जना व्यक्तिले आफ्नो कार्यको उचित मूल्य पाउन गरेको संघर्ष कथामा आधारित छ। चलचित्रका अधिकांश दृश्य क्यानाडाको टोरन्टोमा छायांकन गरिएका हुन्।








### हाइकुको झल्को

चीनको हेनान प्रान्तमा वार्षिक रूपमा मनाइने हाइकु महोत्सवमा गर्भवती महिलाहरू आफ्नो पेटमा विभिन्न आकृति बनाउँदै। यो महोत्सव प्रत्येक वर्षको शिशिर ऋतुको मध्यमा मनाइन्छ। तस्बिर- झो यिङक्वान/सिन्ह्वा

## विमानमा अश्लील वेबसाइट



अन्तर्राष्ट्रिय हवाई उडानको क्षेत्रमा 'ए ३८०' प्लेन सर्वाधिक बढी यात्रु क्षमताको मानिन्छ। अमेरिकी एयरलाइन्सले प्रयोगमा ल्याएको यो विमानप्रति अस्ट्रेलियाको क्वान्टास एयरलाइन्सले पनि रुचि देखाएको छ, तर विमानमा उपलब्ध इन्टरनेट सुविधाका कारण विमानका सञ्चालकलाई यो विमान प्रयोगमा ल्याउन अप्ठ्यारो परेको छ। यो विमानलाई अमेरिकी एयरलाइन्सले सञ्चालन गर्दा यसका अधिकांश यात्रु विमान रहेको इन्टरनेट सुविधाको प्रयोग गर्दै अश्लील वेबसाइट हेर्ने गरेको पाइयो, जसका कारण विमान परिचारिकाहरूले समेत असहज महसुस गर्न थाले। यो समस्या अन्तर्राष्ट्रिय उडानको क्षेत्रमा व्यापक हुँदै गएपछि अहिले 'ए ३८०' का सञ्चालकहरूले विमानको इन्टरनेट सेवालाई सीमित गर्ने सोच बनाएका छन्, अब प्रयोगकर्ताले इमेल खोल्न र म्यासेज पठाउन मात्र सक्नेछन्। यात्रुबाट यस्तो समस्या आएपछि क्वान्टासले इन्टरनेट सुविधा दिने विषयमा सन् २००९ देखि मात्र विचार गर्ने बताएको छ, तर अमेरिकी एयरलाइन्सले भने आफ्ना यात्रुलाई थप शुल्कको व्यवस्था गर्दै अन्य विमानमा पनि इन्टरनेट सुविधा दिने भएको छ।

## लिलाममा कुमारित्व



कुनै युवतीले आफू कुमारी रहेको बताउँदै आफ्नो कुमारित्व भंग गराउन मूल्य तोक्छे भने त्यसको मूल्य कति हुन सक्छ ? पश्चिमी मुलुकमा युवतीहरूले जानीजानी वा अनजानमा आफ्नो कुमारित्व विवाहभन्दा धेरै अघि नै गुमाएका हुन्छन् तर यो भीडमा केही यस्ता युवती पनि छन् जो आफ्नो कुमारित्व भंग गर्न त्यसलाई लिलाममा राख्छन्। हालका केही वर्षमा केही युवती आफ्ना विभिन्न खर्च जुटाउन पनि आफ्नो कुमारित्वलाई लिलाममा राख्न तत्पर देखिन्छन्। सन् २००५ मा पेरुको एक मोडलले आफ्नो परिवारको उपचार खर्चको व्यवस्था गर्न कुमारित्व भंग गराएको मूल्य १५ लाख अमेरिकी डलर राखेकी थिइन्। हालै अमेरिकाकी १८ वर्षीया नातालिया डायलनले कलेजको शुल्क तिर्न नसकेपछि आफ्नो कुमारित्व बिक्री गर्न १० लाख डलरमा लिलाम बढाबढ गर्न आह्वान गरेकी थिइन्। नातालियाले कुमारित्व लिलाममा चढाएलगत्तै इटालीमा बिकिनी मोडलिङको क्षेत्रमा ख्याति कमाएकी २० वर्षीया राफेला फिकोले पनि आफ्नो कुमारित्वको मूल्य तोकेकी छिन्। इटालीको एक म्यागजिनलाई अन्तर्वार्ता दिँदै फिकोले आफू अभिनयको क्लास लिन र बाँकी पैसा मोजमस्तीमा उडाउन कुमारित्व लिलाममा राखेको बताएकी छिन्। १८ लाख डलर तोकिएको उक्त कुमारित्व भंग आह्वानपश्चात् आफू यौनको आनन्द उठाउने मनस्थितिमा रहेको फिकोले बताएकी छिन्। हाल इटालियन भर्सनको विग ब्रदरमा खेलिरहेकी फिकोले आफूले उक्त रकम पाए कुरूप व्यक्ति भए पनि आफ्नो कुमारित्व भंग गराउन दिने वचन दिएकी छिन्। फिको कुमारी रहेको कुरा उनको परिवारले समेत दाबी गरेको छ।

### अन्त्यमा ...




स्वीडेनका यौनकर्मीहरूले स्थानीय कर अधिकारीसमक्ष कर तिर्न तयार रहेको बताएका छन्। सन् १९८२ देखि यौन पेसाले व्यावसायिक रूप लिए पनि स्वीडेनको कानुनले यौनकर्मीहरूलाई करको दायरामा ल्याउन सकेको छैन। स्वीडेनमा बढ्दै गएको यौन व्यवसायलाई व्यवस्थित गर्न सरकारले कानुन ल्याए पनि कानुन एक-आपसमा बाझिएको कानुन व्यवसायीहरू बताउँछन्। स्वीडेनमा कुनै पनि यौनकर्मीलाई जबरजस्ती पैसा दिएर यौन किन्न खोजे अपराध ठहरिने तर बिक्री गर्दा अपराध नहुने कानुन छ। सन् १९९९ मा आएको यो कानुनले यौन पेसालाई मर्यादित बनाउन चाहे पनि ग्राहकहरू यौनकर्मीले कुनै किसिमको अभियोग लगाउने भयमा रहने गरेका छन्, तर यौनकर्मीहरू सरकारले आफूले गर्ने व्यवसायमा कर लगाउने पद्धतिको विकास गरे आफ्नो पेसा र भविष्यमा पाउने उपदानले गर्दा बाँकी जीवन राम्रो हुने मान्छन्।

## मज्जा सातौंको

**साप्ताहिक समाचार**

काठमाडौं- मिडिया हब अब सात वर्षको भयो। नेपाली टेलिभिजनको इतिहासमा एकसाथ तीनवटा हास्यश्रृंखलालाई एउटै टेलिभिजन च्यानलबाट प्रसारण गरी लोकप्रियताको शिखरमा एकैसाथ पुर्‍याउने कीर्तिमान कायम गरेको मिडिया हबले स्थापनाको सात वर्षमा गरेको उपलब्धिलाई होटल हायात रिजेन्सीमा आयोजित सातौं वार्षिकोत्सवको भव्य कार्यक्रममा सबैलाई सुनायो। नेपाल टेलिभिजनबाट प्रसारण भैरहेका तीन चर्चित हास्यश्रृंखला 'तीतो सत्य', 'जीरे खुर्सानी' र 'मेरी बास्सै'लगायत सात वर्षमा मिडिया हबले ५२ वटा कार्यक्रम निर्माण गरी टेलिभिजनबाट प्रसारण गराइसकेको छ। मिडिया हब कुनै मिडियाको समय किनेर विज्ञापनदाताहरूबाट विज्ञापन लिएर कार्यक्रम प्रसारण गर्ने 'मिडिया बायर' हो।



विज्ञापनको क्षेत्रका चर्चित अनुहार, सञ्चारकर्मी तथा सञ्चालक, चर्चित कलाकारहरू भीडमा सात वर्षसम्म अघि बढ्न सहयोग पुर्‍याउनेहरूलाई उक्त संस्थाका अध्यक्ष सोम धितालले कदर-पत्र तथा ट्रफी वितरण गरे। आफूलाई स्थापित गराउने संस्थाको वार्षिकोत्सवमा हास्यकलाकारहरू दीपकराज गिरी, जितु नेपाल, केदार घिमिरे, सीताराम कट्टेल आदिले विभिन्न हास्यप्रस्तुति दिएका थिए।

## सानो पर्दा

• नेपाल टेलिभिजनबाट शनिबार राति ९ बजे प्रसारण हुने हास्य टेलिश्रृंखला 'मेरी बास्सै' मा 'धुन्धुकारी' को भूमिका निर्वाह गरिरहेका बालकलाकार आशिष घिमिरे कम समयमै लोकप्रियता हासिल गर्ने कलाकार बनेका छन्। श्रृंखलामा माग्ने बूढाको भूमिका निर्वाह गर्ने केदार घिमिरेका छोराको भूमिका निर्वाह गरिरहेका आशिष वास्तविक जीवनमा पनि केदारकै छोरा हुन्।

• नेपाल टेलिभिजनबाट प्रसारण भएको टेलिश्रृंखला 'देवी' मा अभिनय गरेर चर्चामा आएकी कलाकार संगीता मोक्तानले आफ्नै लगानीमा एउटा टेलिश्रृंखला निर्माण गरेकी छिन्। 'ठूल्दिदी' शीर्षक राखिएको उक्त टेलिश्रृंखलामा संगीताले शीर्षक भूमिकामा अभिनय गरेकी छिन्। दर्जनौं टेलिश्रृंखला तथा केही चलचित्रमा समेत अभिनय गरिसकेकी संगीताको टेलिश्रृंखला निर्माणमा भने यो पहिलो प्रयास हो। भदौको तेस्रो सातादेखि प्रसारण हुने यो श्रृंखला ५२ भाग लामो हुने कलाकार तथा निर्मात्री संगीताले बताएकी छिन्। मोक्तानका अनुसार हालसम्म श्रृंखलाको नौ भाग छायांकन भैसकेको छ। टेलिश्रृंखलाका पूर्ण पारिवारिक छ। संगीता भन्छिन्– 'यसमा हाम्रो सामाजिक परिवेशमा देखिने घटनाक्रमहरू समेटिएको छ।'

• कान्तिपुर टेलिभिजनबाट प्रत्येक साँझ पाँच बजेदेखि प्रसारण हुने सांगीतिक कार्यक्रम 'कल कान्तिपुर' की सञ्चालिका मानवी ढकाल तथा सोही समयमा इमेज च्यानलबाट प्रसारण हुने सांगीतिक कार्यक्रम 'म्युजिक अफ योर च्वाइस' की सञ्चालिका पल्लवी ढकाल दिदी-बहिनी हुन्। दुवै कार्यक्रममा उनीहरूले दर्शकसँग प्रत्यक्ष टेलिफोन वार्ता गर्दै दर्शकहरूलाई मनपरेका म्युजिक भिडियो प्रसारण गर्छन्। झट्ट हेर्दा उस्तै देखिने यी दिदी-बहिनीलाई दर्शकहरूले उत्तिकै रुचाएका छन्। मानवी कल कान्तिपुरमा सुरजसिंह ठकुरीका साथ प्रस्तुत हुन्छिन् भने म्युजिक अफ योर च्वाइसलाई पल्लवीले एकल रूपमा सञ्चालन गर्छिन्।

• प्रत्येक शनिबार दिउँसो हिन्दी चलचित्रहरू मात्र प्रसारण गरिरहेको नेपाल टेलिभिजनले पछिल्ला केही सातादेखि नेपाली चलचित्रहरू प्रसारण गर्न थालेको छ। यस क्रममा नेपाल टेलिभिजनले बासुदेव, के घर के डेरा, जीवनरेखाजस्ता पुराना चलचित्र प्रसारण गरिसकेका छ। सूत्रका अनुसार उपलब्ध भएसम्म शनिबार दिउँसो नेपाली चलचित्र नै प्रसारण गर्ने लक्ष्य नेपाल टेलिभिजनले लिएको छ।

• कान्तिपुर टेलिभिजनले पारिवारिक कथामा आधारित एउटा नयाँ टेलिश्रृंखला प्रसारण गर्ने भएको छ। 'उधारो सिउँदो' शीर्षकको यो टेलिश्रृंखलाका केही दृश्य समावेश भएको प्रोमो अहिले कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको छ। शीघ्र प्रसारणका क्रममा रहेको यो श्रृंखलाको निर्देशक रेशराज आचार्य हुन् भने नायिका रूपा उपाध्यायले यो श्रृंखलामा प्रमुख भूमिका निर्वाह गरेकी छिन्।



## साताको स्वर



यम बराल

**'हीरा सम्झी मनमा राखें...'**

**कस्तो प्रकारको गीत हो ?**

भर्खरै बजारमा आएको 'हीरा' संग्रहमा समावेश भएको यो गीत पपशैलीमा आधारित छ ।

**आधुनिक गीत गाउने गायकलाई पपगीत गाउँदा असजिलो भएन ?**

यसपटक मैले आफ्ना गीतमा आफैंले संगीत दिने प्रयास गरेको छु । आफ्नै संगीत भएकाले पपमा पनि असजिलो महसुस गर्नुपरेन ।

**गीत गाउन सजिलो कि संगीत तयार पार्न ?**

संगीत तयार पार्न गाह्रो रहेछ । शब्दलाई मर्न नदिन संगीतकारले असाध्यै मेहनत गर्नुपर्ने रहेछ ।

**श्रोताले गीतको कुन पक्ष मन पराएका छन् ?**

भवन भट्टका शब्दका साथै श्रोताले गीतको मेलोडी पक्ष मन पराएको प्रतिक्रिया पाएको छु ।

**म्युजिक भिडियो कस्तो बनाउनुभएको छ ?**

भावुक शैलीको गीत भएकाले गीतका शब्दलाई प्रतिविम्बित हुने शैलीमा यसको भिडियो तयार पारिएको छ ।

**गायक** सुगम पोखरलले आफ्नो नयाँ एल्बम 'स्कुल-पाठशाला' अघिल्लो साता सार्वजनिक गरेका छन् । संग्रहमा पपशैलीका गीतहरू समावेश गरिएको गायक पोखरेलले बताए ।

**बेलायती** सेनामा कार्यरत मोहन गुरुङ संगीत-सिर्जनामा पनि व्यस्त छन् । विदेशमा रहेर पनि नेपाली गीत-संगीतमा रमाइरहेका गुरुङले भर्खरै मात्र बजारमा ल्याएको लोकगीतहरूको संग्रह 'मलायाको लाहुरे' को कमाइ समाजसेवामा खर्च गर्ने निर्णय गरेका छन् । गायक गुरुङले संग्रहबाट आर्जन भएको सम्पूर्ण रकम पशुपतिस्थित वृद्धाश्रमलाई सहयोग गर्ने घोषणा गरेका छन् । गुरुङले २०५१ सालमै रेडियो नेपालबाट स्वर परीक्षा उत्तीर्ण गरेका थिए । यसअघि उनले 'प्रिय' शीर्षकको गीतिसंग्रह तयार पारेका थिए । 'मलायाको लाहुरे' मा गायक गुरुङसँगै गायिका शर्मिला गुरुङको समेत स्वर सुन्न सकिन्छ ।

**चितवनमा** सञ्चालित कालिका एफएमले आफ्नो छैटौं वार्षिकोत्सवको अवसर पारेर असोज १७ गते शुक्रबार कालिका म्युजिक एवार्ड कार्यक्रम गर्ने भएको छ । प्रतियोगितामा विभिन्न २१ विधाका उत्कृष्ट संगीतकर्मीलाई पुरस्कृत गरिनेछ । प्रतियोगिताको मनोनयन सूचीमा परेका संगीतकर्मीहरूको नामावली गत शुक्रबार नै सार्वजनिक गरिएको छ, जसअनुसार आधुनिक गायनतर्फ उदितनारायण झा, सौगात सायर, राजेशपायल राई, कर्णदास तथा स्वरूपराज आचार्य छनौट भएका छन् भने गायिकातर्फ मल्लिका कार्की, अञ्जु पन्त, सञ्जीवनी, माण्डवी त्रिपाठी तथा रजिना रिमाल मनोनीत भएका छन् । संगीतकारतर्फ आलोकश्री, सौगात शायर, थापा सीता, महेश खड्का तथा राजु सिंह मनोनीत भएका छन् । यसपटक संगीत संयोजनको नयाँ विधासमेत समावेश गरिएको आयोजकहरूले जनाएका छन् । कार्यक्रममा शास्त्रीय सारंगीवादक खिमबहादुर गन्धर्वलाई सम्मानित गरिनेछ ।

**गायक** क्रान्ति आले पनि चलचित्र नायक बनेका छन् । यसअघि रामकृष्ण ढकाल, यम बराल, निमा रुम्बा, बाबु बोगटीजस्ता गायकले अभिनयको स्वाद चाखिसकेका छन् । क्रान्तिले भने दृष्टिविहीनहरूको कथामा निर्माण भएको चलचित्र 'दृष्टि' मा नायकको भूमिका निर्वाह गर्ने अवसर प्राप्त गरेका हुन् । यो चलचित्रलाई नेपालीलगायत तामाङ, राई, शेर्पा तथा लिम्बू भाषामा स्वरांकन गरिएको छ । चलचित्रमा रुष्मा राई क्रान्तिकी नायिका बनेकी छिन् ।

**त्रिपुरेश्वरस्थित** फ्रान्सेली केन्द्रमा भिन्नै शैलीको सांगीतिक कार्यक्रम प्रस्तुत भएको छ । 'म्युजिक रोयल्टी कलेक्सन सोसाइटी अफ नेपाल' तथा विजय वैद्यको 'रक सितार'को संयुक्त आयोजना सम्पन्न कार्यक्रमको उद्देश्य प्रतिलिपि अधिकारका बारेमा आवाज उठाउनु थियो । कार्यक्रममा विजय वैद्यको सांगीतिक समूह 'रक सितार' ले बाद्यवादनमार्फत पूर्वीय तथा पाश्चात्य संगीत प्रस्तुत गरेका थिए । कार्यक्रममा चलचित्रकर्मी प्रकाश सायमीले म्युजिक रोयल्टी कलेक्सन सोसाइटी अफ नेपालका तर्फबाट प्रतिलिपि अधिकारसम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए ।

**'हामी** आदिवासी, हामी जनजाति...' श्रवण मुकारुङको शब्द तथा शान्तिराम राईको संगीतमा तयार भएको यो गीतलाई आदिवासी जनजाति महासंघले 'आदिवासी गान' का रूपमा छनौट गरेको छ । आदिवासीका हरेक कार्यक्रममा यो गीत बजाइने जानकारी संगीतकार शान्तिराम राईले दिएका छन् । अघिल्लो बिहीबार राजधानीमा आयोजित एक समारोहमा उक्त गीतको म्युजिक भिडियो सार्वजनिक गरियो । यो भिडियो करिब एक महिनाअघि विश्व आदिवासी दिवसको अवसर पारेर सहिद दशरथ रंगशालामा छायांकन गरिएको थियो । उक्त आदिवासी गानमा सुनिता सुब्बा, दीपक लिम्बू, जगदीश समाल, बेनुका राई, भीषण मुकारुङ, झुमा लिम्बू, आभा मुकारुङ, रूपकुमार राई, प्रेम लामा, कनकाइस्ट राई, एन्जेला गौचन, सरला राई तथा राधा राईले स्वर दिएका छन् ।

**दसैंको** आगमनसँगै स्वदेशका विभिन्न भागमा सांगीतिक कार्यक्रम आयोजित हुने क्रम बढ्दो छ । यसबीच गत शनिबार बुटबलमा 'नेपाल टुर एक्सप्रेस म्युजिकल क्याम्पेन' शीर्षकको सांगीतिक कार्यक्रम सम्पन्न भएको छ । आगामी असोज १८ गते पोखरामा समेत प्रस्तुत हुने यो कार्यक्रममा करिब एक दर्जन कलाकारको सहभागिता छ । आन्तरिक पर्यटनलाई समेत टेवा पुऱ्याउने उद्देश्यले आयोजना गरिएको सांगीतिक कार्यक्रमको पहिलो संस्करणमा गायक-गायिकाले बुटवलका श्रोताहरूलाई मनोरञ्जन प्रदान गरे । कार्यक्रममा शशि रावल, रेश्मा सुनुवार, हेमन्त शर्मा, अविनाश घिसिङ, सुदीप गिरी, मनोज गजुरेल, मिलन लामा, ज्योति मगर तथा मिङ्मा शेर्पाको उपस्थिति रह्यो । यसबीच आयोजक संस्थाले दिएको जानकारीअनुसार यो कार्यक्रम पोखरापछि धरान तथा काठमाडौंमा प्रस्तुत गरिनेछ ।

**गत** शुक्रबार साँझ राजधानीको याक एन्ड यति होटलमा आयोजित 'अ म्युजिकल इभिनिङ विथ इन्डियन म्युजिक डिभा शुभा मुदगल' कार्यक्रममा भारतीय गायिका शुभा मुगदलले आफ्ना सुमधुर गीत सुनाइन् । नेपाली संगीत पारखीमाझ उनले आफ्ना लोकप्रिय गीत गाउँदा उनीसँगै स्वर मिलाउनेहरूको संख्या पनि प्रशस्तै थियो । सांगीतिक कार्यक्रममा गायिका मुदगलले 'अवके सावन', 'प्यारके गीत' लगायत आफ्ना एक दर्जनभन्दा बढी लोकप्रिय गीत गाएकी थिइन् । एसोसिएसन अफ सेन्ट मेरिज एल्मुनाई (आसमान) तथा सँयं नेपालको संयुक्त प्रस्तुतिमा सम्पन्न उक्त कार्यक्रममा गायिका मुदगललाई तबलामा अनिल प्रधान, हारमोनियमा सुधिर नायक तथा सारंगीमा मुरद अलीले साथ दिएका थिए ।

**किराँत** राई वान्तवा मुकारुङ संघले महान् पर्व 'चाछुवा चामङ' को अवसर पारेर गत शनिबार राजधानीमा 'प्रथम मुकारुङ सांगीतिक साँझ' कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा मुकारुङ समुदायबाट नेपाली सांगीतिक क्षेत्रमा स्थापित भएका गायक-गायिकाले गीत-संगीत प्रस्तुत गरेका थिए । कार्यक्रममा बुलु मुकारुङ, भीषण मुकारुङ, आभा मुकारुङजस्ता लोकप्रिय गायक-गायिकाका साथै पुरञ्जन, झुमा, हेमन्त आदि नवोदित संगीतकर्मीहरूले आफ्ना लोकप्रिय गीत सुनाएका थिए ।

**'फगत** एक नजरमा...' गीत गाएर स्थापित भएका वरिष्ठ संगीतकर्मी तथा नाट्यकर्मी हरिप्रसाद रिमाल ८४ वर्षमा प्रवेश गरेका छन् । उक्त अवसरमा गत शनिबार राजधानीमा एउटा सांगीतिक समारोह सम्पन्न भयो । समारोहमा संगीतकर्मी रिमालकै सक्रियतामा 'हरिप्रसाद-कल्याणी रिमाल संगीत नाट्य प्रतिष्ठान' स्थापना गरिएको छ ।

**गायक** राजेशपायल राई करिब तीन महिना लामो विश्रामपछि संगीतकर्ममा व्यस्त भएका छन् । अस्वस्थताका कारण सांगीतिक कार्यक्रम तथा स्टुडियोबाट टाढिएका गायक राई पछिल्ला केही सातायता सांगीतिक गतिविधिका साथै गीत रेकर्डिङमा पनि व्यस्त भएका छन् । आफ्ना समकालीन गायक-गायिकाले आयोजना गरिरहेका सांगीतिक कार्यक्रममा सहभागि भैरहेका राईले *साप्ताहिक*सँगको एक भेटमा आफू अहिले नयाँ गीतिसंग्रह 'दर्शन नमस्ते' को तयारीमा व्यस्त रहेको बताएका छन् । उक्त संग्रहलाई आगामी दसैं तथा तिहारको बीचमा श्रोतामाझ ल्याउने तयारीमा जुटेका गायक राजेशपायले अहिले आफू पूर्ण रूपमा स्वस्थ भएको बताएका छन् ।

### अफबिट



संगीतकार शीलाबहादुर मोक्तान आफ्ना गायिका छोरी शीतल र सुवानीसँग फुर्सदका बेला आफ्नै निवासमा ।

### लाइभ शो

• आज शुक्रबार दरबारमार्गस्थित इन्सोमेनिया लन्ज बारमा एउटा डान्स पार्टी हुँदैछ । विजया दशमीको उपलक्ष्यमा हुन लागेको यो डान्स पार्टी दिउँसो दुई बजे प्रारम्भ भै साँझ सात बजेसम्म जारी रहने आयोजक संस्थाले जनाएको छ ।

• केसीसी क्लबको आयोजनामा आज शुक्रवार राजधानीको लौनचौरस्थित स्काउट ग्राउन्डमा 'थ्री डी पार्टी' शीर्षकको डान्स पार्टी हुँदैछ । उक्त पार्टीमा डिजे राजु, डिजे एलएक्स तथा डिजे सानले संयुक्त रूपमा डिजेइङ गर्दैछन् । दिउँसो ४ बजे प्रारम्भ हुने पार्टीमा नेपालमै पहिलो पटक तीन जना डिजेको प्रयोग गर्न लागिएको दाबी आयोजकको छ ।

# मौका दसैंको □





काठमाडौं– दसैं आउन अझै एक साता बाँकी छ, तर सांगीतिक क्षेत्रमा करिब एक महिनाअघिदेखि नै दसैंको तयारी प्रारम्भ भैसकेको छ । कतिपय गायक-गायिका दसैंका सांगीतिक कार्यक्रममा सहभागी भैसकेका छन् भने कतिपय त्यस्ता कार्यक्रममा सहभागी हुने तयारीमा छन् । दसैंकै अवसर पारेर विदेशमा आयोजना हुने सांगीतिक कार्यक्रममा सहभागी हुने गायक-गायिकाले समेत आफ्ना लगेज प्याक गरिसकेका छन् । यसबाहेक दसैंको बजारलाई तताउने उद्देश्यले यसपटक राजधानीमा करिब दुई साताको अन्तरालमा झन्डै एक दर्जन गीतिसंग्रह सार्वजनिक भएका छन् । सार्वजनिक समारोह नै आयोजना गरेर आफ्ना संग्रहलाई श्रोतामाझ पुऱ्याउनेहरूले विमोचन कार्यक्रमलाई प्रतिस्पर्धात्मक बनाउन समेत बाँकी राखेनन् ।

गायक यम बरालले अन्नपूर्ण होटलमा आयोजना गरेको विमोचन समारोहबाट प्रारम्भ भएको 'दसैं बजार' लाई लक्षित गरिएका गीतिसंग्रहको विमोचन कार्यक्रममा आगामी दुई सातासम्म जारी रहने अनुमान गरिएको छ । जापानमा बसोबास गर्ने गीतकार भवन भट्टले रचना गरेका गीतहरूको संग्रह 'हीरा' का गायक तथा संगीतकार यम बरालले आगामी दसैंलाई नै लक्षित गर्दै आ□नो गीतिसंग्रह विमोचन गराए । उक्त संग्रह राष्ट्रकवि माधवप्रसाद घिमिरेबाट विमोचन गरिएको थियो । 'श्रोतालाई दसैंको कोसेलीस्वरूप यो संग्रह तयार पारेको हुँ, गायक बरालले दसैंको मुखमा नेपाली गीतिसंग्रहको बजारमा राम्रो हुने अनुमान गरेका छन् ।

रामकृष्ण ढकालले पनि गत साता नै आफ्नो नयाँ गीतिसंग्रह 'मेरो साथी' को विमोचन गरेका छन् । सिनामंगलस्थित एउटा संगीत विद्यालयका आयोजित आकर्षक समारोहमा ढकालले श्रोतालाई दसैंको नयाँ कोसेली दिने क्रममा एउटा नौलो प्रयोगसमेत गरे । अघिल्लो महिना मात्र दुई वर्ष पुगेकी आफ्नी छोरी रानीबाट गीतिसंग्रह विमोचन गर्ने क्रममा ढकालले यसपटक बिल्कुलै नौलो शैलीमा गीत गाएको धारणा व्यक्त गरे । 'दसैंको अवसरमा गीतिसंग्रह सार्वजनिक गर्नुको मज्जा नै बेग्लै छ,' रामकृष्णले दसैंको मुडमा श्रोताहरूलाई नयाँ-नयाँ गीत-संगीत सुनाउने उद्देश्यले नै दसैंको मुखमै एल्बम बजारमा ल्याएको बताए ।

गत साता नै गायक भुवन सुप्तिहाङ राईले दोस्रो गीतिसंग्रह 'सजेसन' सार्वजनिक गरे । पुतलीसडकस्थित पञ्चरत्न म्युजिक कम्पनीमा आयोजित समारोहमा *साप्ताहिक* तथा *नारी*का सम्पादक सुवास ढकाल, संगीतकर्मी गुरुदेव कामत, संगीतकार आलोकश्री, सञ्चारकर्मी आदिको हातबाट गीतिसंग्रह विमोचन गराएपछि दंग परेका गायक राई भन्दै थिए– 'दसैंको मौसममा नेपाली गीत-संगीतको बजार पहिलेको तुलनामा राम्रो हुने भएकाले पनि यो अवसर जुटाइएको हो ।'

गायिका सीता केसीले पनि दसैंको पूर्वसन्ध्यालाई नै आफ्नो दोस्रो संग्रह सार्वजनिक गर्ने राम्रो अवसर बनाइन् । गत शुक्रबार त्रिपुरेश्वस्थित एक रेस्टुराँमा आयोजित आकर्षक समारोहमा पत्रकार भरत शाक्यले गायिका केसीको नयाँ संग्रह 'आगो' विमोचन गरे । एउटा विद्यालयमा शिक्षिकाका रूपमा कार्यरत गायिका केसीले यसपटक विजयसिंह मुनाल तथा बिजु बज्रको संगीतका गीत गाएकी छिन् । 'अहिलेको मौसम नै गीत सुनूँ-सुनूँ लाग्ने खालको छ, गीतिसंग्रह विमोचनपछि गायिका केसीले *साप्ताहिक*सँग खुसी बाँड्दै भनिन्– 'यही संग्रहमार्फत श्रोताहरूलाई दसैंको हार्दिक शुभकामना □'

गायक यश कुमारले त दसैंको पूर्वसन्ध्यामा आफ्नो नयाँ गीतिसंग्रह 'नरुने आँखाहरू' को विमोचन मात्र गरेनन्, आफ्नै लगानीमा एक रेस्टुराँको उद्घाटनसमेत गरे । चलचित्र अभिनेता राजेश हमाल तथा निखिल उप्रेतीको हातबाट गीतिसंग्रह विमोचन गर्नुअघि उनले गजल रेस्टुराँको उद्घाटन गराएका थिए । 'खाने-पिउने पर्व भएकाले रेस्टुराँ पनि दसैंकै मुखमा खोलिएको हो, यश कुमारले आफ्नो नयाँ गीतिसंग्रह आफ्ना प्रशंसकहरूका लागि 'दसैंको उपहार' भएको पनि उल्लेख गरे ।

गत शुक्रबार नै नयाँ गायक कमल क्षेत्रीले आफ्नो पहिलो गीतिसंग्रह 'नाचन' सार्वजनिक गरे । संगीतकार मधु क्षेत्रीद्वारा विमोचित उक्त संग्रहले स्रोतालाई नचाउने कुरामा गायक क्षेत्री ढुक्क छन् । 'सांगीतिक जीवनको पहिलो संग्रह भएको राम्रो मौसममा विमोचन गराउने योजना पहिलेदेखि नै थियो, लामो केश पालेका गायक क्षेत्री भन्दै थिए– 'दसैंमा त्यसै पनि गीत-संगीतको बजार राम्रो हुन्छ, मैले यही अवसरलाई सदुपयोग गर्न लागेको मात्र हो ।'

गायिका प्रतिमा राजभण्डारीले पनि आफ्नो नयाँ संग्रह 'शीतको गीत' यही अवसर पारेर सार्वजनिक गरेकी छिन् । गत शनिबार ऱ्याडिसन होटलमा आयोजित एक समारोहमा उनको यो संग्रह विमोचन गरिएको थियो । गीतकार तथा कवि दुर्गालाल श्रेष्ठ एवं संगीतकार न्ह्यू बज्राचार्यले उक्त संग्रह विमोचन गरेका थिए ।

गायिका एन्जल श्रेयाको गीतिसंग्रह 'श्रेया' पनि यही अवसरमा विमोचन गरिएको छ । हङकङमा बसोबास गर्ने यी गायिकाको पहिलो संग्रहको विमोचन गत सोमबार सम्पन्न भएको छ । 'दसैंको अवसरमा हङकङमा पनि नेपाली गीत-संगीतको बजार राम्रो हुन्छ, गायिका श्रेयाले भनिन्- 'चाडपर्वको यही मौसममा नयाँ संग्रह सार्वजनिक गर्ने जमर्को गरेकी हुँ ।'

गायक दीपक स्वप्निल श्रेष्ठले पनि यही मौकामा आफ्नो नयाँ संग्रह 'अब्टेन' सार्वजनिक गरेका छन् । अघिल्लो शनिबार सुन्धारास्थित एक रेस्टुराँमा आयोजित कार्यक्रममा उनले पपगीतहरूको संग्रह सार्वजनिक गरेका हुन् । यसबाहेक गायक दीपेशकिशोर भट्टराई, सुगम पोखरेल, गायिका पुष्पा पौडेल आदि एक दर्जन गायक-गायिकाले भने सार्वजनिक कार्यक्रमबिना नै आफ्ना गीतिसंग्रह दसैंको अवसर छोपेर श्रोतामाझ ल्याएका छन् ।



# प्रेम, विश्वास र भविष्य

भवसागर घिमिरे

भनिन्छ जीवन शून्यबाट सुरु भएर शून्यमै अन्त्य हुने एउटा चक्र हो, जो निरन्तर चलिरहन्छ तर एक शून्य र अर्को शून्यका बीचमा लाखौं अंक हुन्छन्– जीवन डोऱ्याउने अंकहरू, पाइला बढाउने अंकहरू, जीवनका आरोह-अवरोहहरू यस्तै-यस्तै । यही आरोह-अवरोहहरूको सँगालोले एउटा कथा बन्छ– जीवनकथा, जसले युगौंयुगसम्म पनि सहकर्मी, आफन्त तथा अनुयायीहरूका मन-मस्तिष्कमा अमिट छाप छोड्छ । यही गर्विलो छाप बनेर बस्ने अदृश्य शक्ति नै प्रेम हो । भनिन्छ, प्रेम भनेको एउटा यस्तो भावना हो जसलाई न कुनै बुद्धिले रोक्न सक्छ, न तर्कले छेक्न सक्छ, न कुनै गणितले बाँध्न नै । प्रेम आफैंलाई बिर्सिएर आफूलाई अरूमा पाउनु हो । जब बिहानीको घामसरि कसैको सामीप्यता वा आगमनले मनको माटो चुम्छ तब त्यही माटोबाट प्रेमको टुसा अंकुराउँछ । मनमा प्रेम अंकुराएलगत्तै, रगतका नशा-नशा अनि अंग-अंगमा झाङ्गिन्छ प्रेम अनि सम्बन्धअनुसार विभिन्न प्रकारले पोखिन्छ पनि । जसरि ईश्वरका रूप फरक भए पनि वास्तविक ईश्वर एउटै हुन्छन् । त्यसैगरी प्रेमका प्रकार फरक हुन सक्छन् तर प्रेम एउटै हुन्छ । यीमध्ये विशेष चर्चा बोक्ने भनेको युवा अवस्थाको प्रेम हो । यो अव्यक्त हुनसक्छ वा व्यक्त पनि हुनसक्छ । प्रेम व्यक्त गर्नुमा अर्कै मजा छ, नगर्नुमा पनि छुट्टै मजा हुन्छ ।

मनका भावहरू जब नशा-नशालाई ब्यूझाउँदै बन्द ओठको डिलमा आएर टक्क अडिन्छन् । जब अव्यक्त भावनाहरू स्नायुका हरेशाहरू छिचोल्दै नयनका ओठहरूमा आएर पानी-पानी भै छचल्किन्छन्, तब अव्यक्त प्रेमको चरम आनन्द हुन्छ प्रेमवाहकलाई । हरपाइलामा अनुत्तरित प्रश्नहरूसँग ठोक्किनु । प्रेम/प्रेमिकाका हरअधरलाई मनमनै स्वयं व्याख्या गर्नु, कल्पनु र रोमाञ्चित हुनु, आफैंमा अमृतपानको मीठो अनुभूति हुन्छ, तर प्रेम/प्रेमिका सामु अव्यक्त प्रेमयात्रा कुनै ब्लेडको धारमा कोमल पाइला चाल्नुभन्दा कम जोखिमपूर्ण हुँदैन । यस्तो यात्रामा वास्तविकताको पर्दा उघारिँदा, आँसुले जीवन थिच्न पनि सक्छ वा खुसीले मनको सगरमाथा उचालिन पनि सक्छ । त्यसैले प्रेम गर्नेहरू, मनका भावना आ□नै मनमा लुटपुटाउनेहरू, जोखिमपूर्ण यात्राका सहभागीहरू हुन् भन्दा अत्युक्ति नहोला ।

जब धैर्यताको बाँध फुटेर ओठबाट प्रेम शब्द बनेर पोखिन्छ, जब कलमका मसीबाट स्खलित हुन्छन् मनका भावहरू तब भावना साटफेरबाट दुवै एक-अर्कामा विलीन भएको स्वर्गानुभूति हुन्छ प्रेममा । व्यक्त प्रेममा एक-अर्काबीचको घनिष्ठताले गाढापन पाउन सक्छ । दुवैतर्फको समर्पण भावले मात्र प्रेमले सही बाटो लिन सक्छ । हरपाइलामा प्रश्नका उत्तर भेटिन सक्छन् । भविष्यका योजनाहरू बुनिन्छन् र योजनाअनुरूपका कार्य गर्न दिशा तय गर्ने काम पनि हुन्छ, तर यात्रा सोचेजस्तो नहुन सक्छ । जिम्मेवारी र लक्ष्यले थिचिएका मनहरू खरानी जलाएर आगो निकाल्न तम्तयार हुनुपर्छ प्रेममा । सिकार स्यालको गर्ने योजना भए पनि बाघसँग लड्ने हतियार बोकेर हिंड्नेहरूले मात्र सहज लक्ष्य पहिचान र प्राप्त गर्न सक्छन् ।

विश्वास प्रेमको मियो हो, जसमा बाँधिएर यसले मन-मष्तिस्कमा चक्कर लगाउँछ । रूखका हरिया पातहरूझैं वृक्षरूपी प्रेमलाई फलाउन-फुलाउनका लागि खुराक बनाउँछ विश्वासले । आपसी मनमुटावका कारण जब बुद्धि विवेकमा आक्रोशको बिर्को लाग्छ, तब विश्वाससँग मात्र त्यो ढकनी उघारेर पुनः प्रेममय संसार चियाउने शक्ति हुन्छ । माछाजस्तो प्रेमलाई पानीजस्तो विश्वास चाहिन्छ, धर्तीजस्तो प्रेममा आकाशजस्तो विश्वास चाहिन्छ । विनाविश्वासको प्रेम बालुवाको पहाडजस्तो हुन्छ, जो जुनसुकै बेला गर्ल्याम्मै भत्केर जमिनमा बिलिन सक्छ ।

विश्वासबिनाको प्रेम पिँधबिनाको घडासरह हुन्छ, जसमा प्रेम सागर भर्ने कल्पना मात्र गर्न सकिन्छ तर भर्न सहिँदैन । प्रेमको सगरमाथा विश्वासको भऱ्याङबाटै चढ्न सकिन्छ । त्यसैले हरमोडमा, हरपाइलामा विश्वासकका फूल फुलाउनु नै प्रेम सफल हुने महत्त्वपूर्ण लक्षण हो ।

सबै प्रेम गर्नेहरूलाई आ□नो प्रेम र प्रेमको भविष्यप्रति व्यग्र चिन्ता हुन्छ, जब प्रेममा विश्वासको मलजल गरिन्छ तब मात्र भविष्यमा मीठो फल लाग्न सक्छ । प्रेममा स्मृतिले मात्र पनि भविष्यमा साहसिक कार्य गर्न सकिन्छ । प्रेमलाई शक्तिमा रूपान्तरण गरी सकारात्मक रूपमा प्रयोग गरे भविष्यका जुनसुकै कठिनाइसँग पनि लड्न सक्छ मानिस । समग्रमा भन्नुपर्दा प्रेम वाती र विश्वास तेल बन्न सक्यो भने भविष्य दियो बनेर उज्यालिन सक्छ ।

## पारिवारिक स्वास्थ्य



डा. बालकृष्ण साह

आभूषण न्यौपाने पाँच वर्षका भैसकेका छन् । उनी अझ पनि ओछ्यानमै पिसाब गर्छन् । उनीजस्तै पाँच वर्ष नाघेका १५ देखि २० प्रतिशत बालबालिकाले ओछ्यानमा पिसाब गर्छन् । करिब २ प्रतिशत बालबालिका ठूलो भएर पनि ओछ्यानमा पिसाब गर्छन् । आफ्ना नानीहरू दिनहुँजसो ओछ्यानमा पिसाब गर्दा धेरै आमाहरू दिक्क हुन्छन् । अझ पाहुना आएका बेला ठूला भैसकेको नानीले राति ओछ्यानमा पिसाब गरिदिँदा दिक्क हुनु स्वाभाविक हो ।

**किन हुन्छ ओछ्यानमा पिसाब ?**

ओछ्यानमा पिसाब गर्ने कारण धेरै छन् । अधिकांश बालबालिका मूत्र अङ्ग तथा पिसाब थैलीको परिपक्वतामा हुने ढिलाइका कारण ओछ्यानमै पिसाब गर्छन् । केन्द्रीय स्नायु प्रणालीले पिसाब गर्ने प्रक्रियालाई रोक्न नसकेका कारण राति ओछ्यानमै पिसाब हुन्छ । पिसाब गर्ने बानी वंशाणुगत पनि हुन्छ । राति ओछ्यानमा पिसाब गर्ने करिब ६५ देखि ८५ प्रतिशत बालबालिकाका आमा वा बुवाको पनि बाल्यावस्थामा त्यस्तै बानी पाइन्छ ।

आमा र बुवा दुवैको बाल्यावस्थामा राति ओछ्यानमा पिसाब गर्ने बानी रहेको अवस्थामा उनीहरूका नानीमा यो सम्भावना ७७ प्रतिशत हुन्छ । पिसाब नली तथा पिसाब थैलीको संकुचन हुने प्रक्रियाको गडबडी तथा त्यहाँ भएका स्नायु (नर्भ) तन्तुहरूको खराबीले गर्दा पनि राति थाहा नपाई पिसाब हुन्छ । निद्रामा उठ्ने बानी, नराम्रो सपना, मानसिक तनाव अथवा बालबालिकामा अत्यधिक मानसिक दबाबले पनि पिसाब गर्ने प्रक्रिया नियन्त्रण हुन सक्दैन । पिसाबको संक्रमणले पनि बालबालिकाहरू राति धेरै पटक वा ओछ्यानमै पनि पिसाब गर्न सक्छन् । राति चिसोका कारण पनि बालबालिकाहरू ओछ्यानमा पिसाब गर्छन् ।

**यसको उपचार छैन ?**

राति ओछ्यानमै पिसाब गर्ने प्रक्रियालाई 'नोक्चरनल इनुरेसिस्' भनिन्छ । यसको उपचार विभिन्न ढंगले गर्न सकिन्छ । विभिन्न विशेषज्ञका आ-आफ्नै तरिका भए पनि हाल यसलाई व्यवस्थित गरिएको



छ । वर्तमान अवस्थामा मुख्य दुई उपाय प्रचलित छन् । एउटा औषधी प्रयोग नगरी, व्यवहार परिवर्तन तथा मानसिक रूपमा नियन्त्रण गर्न लगाउने तथा अर्को उपाय औषधी प्रयोग गर्ने । 'ओछ्यानमा घन्टीको प्रयोग' युरोपियन देशहरूमा प्रचलित भए पनि यो उपाय हाम्रो देशमा अपनाइएको पाइएको छैन ।

यो विधिमा ओछ्यानमा अलिकति पनि पानी पर्नेबित्तिकै घन्टी बज्छ र घन्टी बज्नासाथ निद्रा खुलिहाल्छ अनि ओछ्यानमा पिसाब गर्ने कुरै भएन । त्यस्तै ओछ्यानमा पिसाब नगरेबापत बालबालिकालाई पुरस्कार दिँदा पनि यसलाई नियन्त्रण गर्न मद्दत पुग्छ । यसरी पुरस्कार दिनाले २५ देखि ७० प्रतिशत बालबालिकामा सुधार आएको अध्ययनले देखाएको छ । त्यस्तै राति सुत्नुअघि पिसाब गर्न लगाउने, बेलुका पानी कम खान दिने, पिसाब तथा रगत जाँच गरी आवश्यक भए औषधीहरू दिने, चिया वा कफी कम खान दिने वा खान नदिने उपायहरू अपनाउन सकिन्छ । राति चिसोका कारण पनि बालबालिकाहरू ओछ्यानमा पिसाब गर्ने भएकाले, राति झ्यालसँगै सुताउनुहुँदैन र उनीहरूलाई बाक्ला पहिरन लगाइदिनुपर्छ ।

राति ओछ्यानमा पिसाब गर्छ भनेर औषधीको प्रयोग कमै गर्नुपर्छ । औषधीको प्रयोगले यो समस्या समाधान गर्न मद्दत गर्छ, तर चिकित्सकको सल्लाहबिना कुनै पनि औषधी प्रयोग गर्नुहुँदैन ।

*(डा. साह मेची अञ्चल अस्पताल, झापामा कार्यरत छन् ।)*

## लाभ यौनजीवनको



**उपयोगी व्यायाम** : यौनसम्पर्कलाई एक किसिमको शारीरिक व्यायाम मानिन्छ । यसबाट धेरै मात्रामा क्यालोरी खर्च हुने भएकाले यसबाट व्यक्तिमा कोलेस्ट्रोलको मात्रामा सुधार आएँछ र उसको शरीरको रक्तप्रवाह सुचारु हुन्छ । अध्ययनअनुसार ३० मिनेटसम्म यौन क्रियाकलापमा संलग्न रहे शरीरबाट ८५ क्यालोरी खर्च हुन्छ । सप्ताहमा तीनपटकसम्म यौन प्रक्रियामा संलग्न रहनु एक सातासम्म जगिङ गर्नु सरह हुन्छ । नियमित रूपमा वर्षभरि यसमा संलग्न रहेमा ७५ माइल जगिङ गरेसरह हुन्छ ।

**इम्युन सिस्टममा सुधार** : यौनजीवनको सक्रियताले हाम्रो शरीरको इम्युन सिस्टम अर्थात् रोग प्रतिरोधक क्षमतामा एक प्रकारको थेरापीको काम गर्छ । यसबाट रोग प्रतिरोधक क्षमता सुदृढ हुन्छ भने पाचन क्रिया पनि ठीक रहन्छ ।

**दीर्घायुमा फलदायी** : विभिन्न शोधअनुसार यौन जीवनको सक्रियताले व्यक्तिको दीर्घायुमा सकारात्मक प्रभाव पार्छ । यौनसम्पर्कका कारण शरीरका कोषहरूमा अक्सिजनको आपूर्ति वृद्धि हुन्छ र शरीरका अंगहरूले सक्रिय रूपमा कार्य गर्ने क्षमतामा वृद्धि हुन पुग्छ । यसले एकातिर शरीरमा कोलेस्ट्रोलको मात्रालाई सन्तुलित राख्छ भने अर्कातिर हृदयाघातको डर पनि कम हुन्छ ।

**पीडाबाट राहत** : अध्ययनअनुसार यौनसम्पर्कका कारण टाउको एवं हाड-जोर्नीको पीडाबाट दुखाइबाट समेत राहत प्राप्त हुन्छ । आर्गेज्म पूर्व आक्सिटसिन हार्मोनको स्तर सामान्यभन्दा ५ गुणा बढ्छ । जसका कारण एन्ड्रोफिन हार्मोनको श्राव हुन्छ । जसले गर्दा टाउको दुखाइ, माइग्रेन एवं ओर्थराइटिसको पीडाबाट आराम प्राप्त हुन्छ ।

**महिनावारीको पीडामा कमी** : यौनजीवनमा सक्रिय एवं सुखी रहने महिलाहरूमा तुलनात्मक रूपले महिनावारीको समयमा कम पीडा हुन्छ । यसबाट महिलाहरूलाई प्रि-मेन्स्ट्रअल सिन्ड्रोमको पीडाबाट पनि राहत प्राप्त हुन्छ ।

**तनावबाट राहत** : तनावबाट राहत प्राप्त गर्न यौनसम्पर्कलाई सबैभन्दा उत्तम उपाय मानिन्छ । यसमा संलग्न रहेपश्चात् आराम महसुस हुन्छ ।

**आपसी प्रेममा वृद्धि** : यौन जीवनको सक्रियताले महिला-पुरुषबीचको दूरीमा कमी आएँछ भने आपसी प्रेममा वृद्धि महसुस हुन्छ । मनमा खुसी सञ्चार हुन्छ र मनको उदासी पनि टाढिन्छ । सम्बन्धमा प्रगाढता र सुमधुरताको सर्वोत्तम उपाय पनि हो यौन जीवनको सुखानुभूति ।

**ऊर्जाको सञ्चार** : यौन संसर्गका बखत हार्मोनको श्राव हुने भएकाले मन शान्त रहन्छ र निरन्तर ऊर्जा सञ्चार हुन पुग्छ । नियमित रूपमा यसमा संलग्न रहनाले व्यक्ति युवा रहन्छ । यसबाट फिटनेसको लेभल पनि बढ्छ । व्यक्तिले आफूभित्र स्फूर्ति महसुस गर्छ ।

**सुखद निद्रा** : यौन संसर्गका बखत शरीरमा आक्सिटसिन हार्मोन श्राव हुन्छ । जसका कारण व्यक्तिलाई भरपुर निद्रा लाग्छ, जुन कुनै स्लिपिङ ट्याबलेटको प्रयोगबाट पनि प्राप्त हुन सक्दैन ।

**आत्मविश्वासमा वृद्धि** : यौनसम्पर्कले व्यक्तिमा सकारात्मकता वृद्धि गराउँछ र उसमा भरपुर सन्तुष्टिको अनुभूति गराउँछ जसका कारण उसमा आत्मविश्वास सञ्चार हुन्छ ।

**वजनमा नियन्त्रण** : वजन कम गर्नका लागि पनि यौन जीवन उपायको रूपमा मानिन्छ । नियमित रूपमा यौनसम्पर्कमा संलग्न रहनाले पेट बढ्दैन र शरीरका मांसपेशीहरूमा पनि तनाव रहँदैन । यसले मांसपेशीहरूलाई टोनिङ गर्ने काम गर्छ ।

**सुन्दरतामा निखार** : यौन प्रक्रियाले शरीरमा हर्मोनको श्राव हुने, रक्त सञ्चारमा सुचारुपता आउने भएकाले यसले व्यक्तिको सुन्दरतामा पनि निखार ल्याएँछ । पूरा शरीरको मादकताले मुहारमा एकप्रकारको ग्लो प्रदान गर्छ । यौन प्रक्रियाका बखत महिलामा एस्ट्रोजन नामक हर्मोनको श्राव हुन्छ जसले केशको चमक र मुहारको रौनकमा वृद्धि गर्छ ।

**स्वस्थ छाला** : यौन संसर्गले पूरा शरीरलाई एक प्रकारको मसाजको कार्य गर्ने भएकाले छालालाई आराम पुऱ्याउँछ र यसको स्वस्थतामा वृद्धि गर्छ ।

**प्रोस्टेट क्यान्सरबाट सुरक्षा** : नियमित यौन प्रक्रियामा संलग्न रहनाले भविष्यमा हुनसक्ने प्रोस्टेट क्यान्सरको खतरामा पनि कमी आउँछ ।

**दम/साधारण ज्वरोका लागि** : यौनसम्पर्कले प्राकृतिक रूपमा एन्टी हिस्टामाइनको काम गर्छ । यसबाट बन्द नाक खुल्छ र दम तथा साधारण ज्वरोबाट निदान पाउन सहयोग मिल्छ ।

**कार्डियोवेस्कुलरमा सुधार** : जब स्त्री यौन संसर्गका बखत उत्तेजित हुन्छिन् त्यसबखत उनको हृदय एवं श्वासको गति बढ्छ, जसका कारण उनको कार्डियोवेस्कुलर स्वास्थ्यलाई फाइदा पुग्छ ।

**इमान्दारिता** : यौनसम्बन्धले युगल जोडीबीच प्रगाढता, आत्मीयता र इमान्दारिताको भाव वृद्धि गराउँछ ।

**रक्तप्रवाहमा वृद्धि** : यौन प्रक्रियाको उत्तेजनाले शरीरमा रक्तप्रवाहलाई सुचारुपता प्रदान गर्छ र यसका कारण शरीरलाई पर्याप्त मात्रामा अक्सिजन प्राप्त हुन्छ ।

**मुड ठीक रहन्छ** : यौन प्रक्रियाले व्यक्तिको मुड कायम राख्छ । जसका कारण उसको सिर्जनशील विचारधारालाई सकारात्मक प्रभाव पार्छ र सोच्ने क्षमतामा पनि फाइदा पुग्छ ।

**कमिटमेन्टको भावना** : यौन प्रक्रियाका बखत युगल जोडीबीच कमिटमेन्टको भावना वृद्धि हुन्छ । यसबाट दुवैमा असुरक्षाको भावनामा कमी आएँछ र एक-अर्काप्रति समर्पणको भावना वृद्धि हुन्छ । आपसी विश्वासमा वृद्धि हुन्छ र वैवाहिक जीवन सुखद एवं सुमधुर बनाउन मद्दत मिल्छ ।

**– रोजिन शाक्य**

# तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?

विभिन्न पत्रपत्रिका, साहित्यिक वा अन्य ज्ञानबर्द्धक पुस्तक पढ्छु तथा साहित्य सिर्जना गर्छु ।

**जितेन्द्र श्रेष्ठ** (२५), **सिन्धुपाल्चोक**

के गर्नु प्रेमिका छैनन् तैपनि प्रेमको कल्पनामा डुबेर गजल, कविता लेख्छु ।

**प्रवीण ज्ञवाली, काठमाडौं**

हामी नेपालीले टाइमपास गर्नु कुनै ठूलो कुरा होइन । कहिले यता कहिले उता, शुक्रबार त साप्ताहिकतिर ।

**दीपक गोतामे** (२०)

च्याटिङ गर्छु ।

**सञ्जयकुमार देव** (२९)

आफ्नो त सधैं टाइमपास । कामै केही हुँदैन । डुल्यो, खायो, हल्लियो, हिंड्यो ।

**रुद्र दाहाल, मैनापोखरी, दोलखा**

टाइमपास, मैले त बुझ्न सकिनँ नि, म त सधैं क्याम्पस जान्छु हजुर ।

**जयराम, धरान**

को ? म...म त टाइमपास गर्न साप्ताहिक पढ्छु, एउटै समाचार तीन-चारपटकसम्म ।

**ईश्वर वल्लभ** (२०), **बाग्लुङ**

एसएमएस गर्ने, त्यसपछि मिसकल गरेरै टाइमपास भैहाल्छ ।

**प्रेमकान्छा मगर, तानसेन, पाल्पा**

नाचेर बस्छु ।

**गंगाराम न्यौपाने**

अरू त कसरी टाइमपास गर्छन् त्यो त मलाई थाहा छैन तर मचाहिँ हस्तमैथुन गर्छु ।

**भरत आले** (२२), **इराक**

धेरै समय बितेका घटनामा डुबुल्की मार्छु अनि आँखामा साउन ल्याउँछु त्यति गर्दागर्दै अरू गर्न त भ्याइन्न ।

**शालीन, काठमाडौं**

पत्रिका पढ्छु ।

**रमेश खड्का, झापा**

साप्ताहिकको थाक पल्टाउँछु ।

**कल्पना रायमाझी** (१८), **विराटनगर**

ओहो कस्तो कुरा गरेको सम्पादकज्यूले ? आफूलाई टाइम नपुगेर कस्तो समस्या, कहाँको टाइमपासको कुरा । टाइम त पढेर, बात मारेर, खेलेर अनेक तरिकाले पास गर्न सकिन्छ नि । जहाँ इच्छा त्यहाँ उपाय कि कसो ?

**रेशम सुनुवार**

म त साप्ताहिक पढ्छु अनि साथीहरूसँग हावा गफ गरेर अनि हाँसेर टाइमपास गर्छु ।

**सन्तोषी थापा** (१५), **काभ्रे**

मेरा लागि टाइम खाली हुँदैन, यदि टाइम खाली भएको खण्डमा म आ□नी प्रेमिकालाई लिएर हाँडीभीरको सुनसान वातावरणतिर जान्छु ।

**रेशम फगामी, म्याग्दी**

एफएममा फोन गर्छु गीत-संगीत सुन्छु नयाँ नेपालका बारेमा सोच्छु नेताहरूको ताल टुलुटुलु हेर्छु आदि... ।

**विनोद खतिवडा, इनरुवा**

यसो गर्‍यो, उसो गर्‍यो गर्दागर्दै टाइमपास हुन्छ र टाइमपास गर्दागर्दै जिन्दगी पास भैहाल्छ ।

**अमन पुन, कालोपुल**

कल्पनाको संसारमा हराउँछु अनि एकोहोरो टोलाउँछु ।

**कमल जीसी, दिक्तेल**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. दसैं कसरी मनाउनुपर्छ ?
२. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
३. यो संसार कस्तो छ ?
४. तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?
५. कस्ता युवती राम्रा हुन्छन् ? किन ?
६. कस्ता युवक राम्रा मानिन्छन्, किन ?
७. महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?
८. नेपालको राजनैतिक हिरो को हो ? किन ?
९. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?
१०. सबैभन्दा ठूलो धर्म के हो ?



गर्लफ्रेन्डसँग गोप्य कुरा गर्छु ।

**देवराज ढकाल** (२०), **इनरुवा, सुनसरी**

पुस्तक, पत्रपत्रिका पढ्छु, साथीभाइहरूसँग गफसफ गर्छु अनि टेलिभिजन च्यानलहरूमा समाचार र खेल हेर्छु ।

**kaleman_jesus@hotmail.com**

मैले केही गर्नैपर्दैन टाइमले नै मलाई पास गरिरहेको छ ।

**राई रमेश, दोहा, कतार**

भुँडी फुट्ने गरी खान्छु र उत्तानो खुट्टा पारी लम्पसार सुत्छु ।

**अनुप प्रेमी, भीमढुंगा**

आफू त क्रिकेट क्रेजी परियो, टाइमपास गर्न टेलिभिजनमा क्रिकेट हेरिन्छ अनि लोकप्रिय पत्रिका साप्ताहिक पढिन्छ ।

**अनिल पोखेल, इटहरी, सुनसरी**

साथीहरूलाई फोन गर्ने, रेडियो नेपालका विभिन्न कार्यक्रम सुन्ने र पत्रिका पढ्ने ।

**दुर्गाबहादुर माझी, रामेछाप**

एसएलसी पास गर्न त टेलिभिजन हेरिन्थ्यो, जाबो टाइमपास गर्न के गाह्रो छ ?

**ईश्वर रेग्मी, ताहाचल**

तपाईंको यिनै बकम्फुसे प्रश्नको उत्तर लेखेर बस्छौं ।

**टंक र प्रकाश** (२३), **झापा**

के गर्नु आ□नी प्रेमिका पनि छैनन्, बरु म त गजल लेखेर टाइमपास गर्छु ।

**प्रवीण ज्ञवाली** (२०)

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : हाल म २० वर्षको भएँ । मेरो तौल एवं शारीरिक बनावट सामान्य छ । मेरो केही समयअघि अलि भिन्नै प्रकारको दबाबमूलक सहवास भएको थियो । त्यसको केही महिनापछि मेरो लिंगको वरिपरि स-साना खटिरा निस्किए, उक्त खटिरामा पानी जमेजस्तो देखिन्छ । के यो रोग त्यही सहवासले गर्दा त उत्पन्न भएको होइन ? उक्त युवती अहिले विवाहवारी गरेर शिशु कि आमा भैसकिन् । उनलाई केही भएको छैन । उक्त खटिरा चिलाउँदा पनि चिलाउँदैन र बढेको पनि छैन । त्यो खटिरा गोलाकार रूपमा छ । खटिरा एकदमै साना र धेरै छन् । खटिरा गोलाकार भै २ लाइनजस्तो बनाएर बसेको छ । दुःखको कुरा मैले अझसम्म चिकित्सकलाई देखाएको छैन । यो रोगले गर्दा मेरो मानसिक तनाव बढ्दै गएको छ । यो समस्याको औषधी बताइदिनुभयो भने म धेरै आभारी हुने थिएँ ।**

**जवान अवस्थामा सहबासप्रति लगाव राख्नु कुनै ठूलो कुरा होइन तर ज्यादै नराम्रो रूपमा राख्नु खतरनाक हुँदो रहेछ । म २० वर्षका भए पनि मैले १६ वर्षकै उमेरदेखि हस्तमैथुन गर्दै आएको छु । सहवासप्रति पनि त्यति ध्यान जाँदैन । अहिले आएर त्यही हस्तमैथुनले मेरो मानसिक एवं शारीरिक जीवनलाई समेत असर गरेको छ । अर्को कुरा मेरो धर्मले हस्तमैथुनलाई पापका रूपमा लिन्छ, तर म साताको एक-दुई पटक हस्तमैथुन नगरी बस्न सक्दिनँ । म प्रायः घरमा एक्लै हुन्छु र मन तथा सपनीमा यौनसम्बन्धी कुरा देखिरहन्छु । जसले गर्दा मेरो पढाई तथा मानसिक कुरामा असर पुर्‍याइरहेको छ । यो समस्याबाट पूर्ण रूपमा छुट्कारा पाउन मैले के गर्नुपर्ला ? हस्तमैथुन गर्दा झरेको वीर्यमा छोरा पाउने सम्भावना धेरै हुन्छ भनिन्छ । खास कुरा के हो ? राम्रोसँग बुझाइदिनुहुन अनुरोध छ ।**

**–के.पी.ए.**

**उत्तर : लिंगमा के आएको होला ?**

यो पक्कै हो कि असुरक्षित यौनसम्पर्क त्यो पनि दबाबमा भएको स्थितिमा जोखिम त हुन्छ नै । यदि यौनसम्पर्कमा संलग्न व्यक्तिमध्ये कुनै एक व्यक्तिमा संक्रमण भए त्यो अर्को व्यक्तिमा सर्ने नै भयो । यहाँ तपाईंलाई यौनरोग लागेको हो कि भन्ने निकै चिन्ता देखिन्छ । यद्यपि यौनरोग नभएका व्यक्तिका बीचमा भएको यौनसम्पर्कबाट संक्रमण एक-अर्कामा सर्ने कुरा हुँदैन ।

तपाईंले चित्र कोरेर पठाउनुभएको छ, जसको म प्रशंसा गर्छु । सीमित रूपमा लेख्नुभएको लक्षण तथा चित्रका आधारमा तपाईंको समस्या अर्कै हो कि जस्तो लाग्छ ।

तपाईंलाई थाहै हुनुपर्छ, लिङ्गको नली आकारको मध्यभागलाई अंग्रेजीमा shaft वा body भनिन्छ भने अगाडितिरको फुकेको भागलाई मुण्ड भनिन्छ । मुण्डको अग्रभाग सानो हुँदै गएको हुन्छ भने पछाडितिर लिङ्गसँग जोडिएको भागदेखि बाहेक पनि केही बढी फुकेको भाग हुन्छ र यसलाई अंग्रेजीमा corona भनिन्छ । लिङ्गको मध्यभागसम्म त छाला टाँसिएकै हुन्छ, तर मुण्डलाई समेत छोप्ने गरे पनि यो भागमा छाला भने टाँसिएको हुँदैन । यो नटाँसिएको छालालाई अग्रचर्म भनिन्छ ।

लिङ्गमुण्डको corona को पछितिर स-साना sebacious glands (छालामा भएका तैलीय पदार्थ निकाल्ने ससाना ग्रन्थिहरू) हुन्छन्, जसलाई Tyson's glands भनिन्छ । तपाईंले यिनै ग्रन्थिहरूको कुरा गर्नुभएको बुझिन्छ । यी ग्रन्थिहरूबाट निस्कने तैलीय रस तथा छालाबाट झरेका कोषहरू जम्मा हुन गए त्यसैमा जीवाणुहरूको वृद्धि हुन्छ र सेतो पदार्थ बन्छ । यही सेतो पनीरजस्तो देखिने, एक प्रकारको गन्ध आउने पदार्थलाई अंग्रेजीमा कभक्कब भनिन्छ । यो सामान्य कुरा हो र यसलाई रोग मान्नु पर्दैन । यद्यपि पक्का हुन एकपल्ट चिकित्सकलाई देखाउनु राम्रै होला ।

**यौनभावनाको व्यवस्थापन**

हामी सबैलाई थाहै छ कि यौन उत्तेजना सामान्य कुरा हो र यो विशेष गरेर किशोरावस्थामा तीव्र हुन्छ । आफूमा आउने यौनप्रतिको चाहना, त्यसलाई शान्त पार्न के गर्न हुने के गर्न नहुने जस्तो कुरामा अलमल हुन्छ । त्यसमा पनि यसैबेला यौनसम्बन्धी कुरा सपनामा पनि देखिन्छ । यसको अर्थ के होला ? यो कुनै रोग त होइन भन्ने जस्ता कुराले अन्यौल उत्पन्न हुन्छ । यसरी तीव्र रुपमा यौनचाहना हुँदा पढाइ, घरका अन्य कामकाजमा मन नजान सक्छ । घरपरिवार अनि समाजले अपेक्षा गरेको कुरामा चाहेअनुसारको ध्यान केन्द्रित गर्न सकिँदैन । एक किसिमको मानसिक द्वन्द्वको स्थिति आउँछ जसले चिन्ता र तनाव दुवै थप्छ । यसले अध्ययनलगायत अन्य काममा नकारात्मक असर पर्छ ।

तपाईंलाई थाहै हुनुपर्छ कि यौन उत्तेजना शान्त पार्न कतिपय किशोरहरू हस्तमैथुन गर्छन् किनकि उनीहरूलाई यौनसम्पर्कको अवसर सजिलै प्राप्त हुँदैन । हस्तमैथुन स्वाभाविक एवं प्राकृतिक कुरा हो । यो अर्कै कुरा हो कि विभिन्न समुदायमा यसलाई वर्जित गर्न र पाप हो भन्ने कुरा गरिन्छ, तर वास्तविकता त्यस्तो होइन । त्यसैगरी सपनीमा पनि यौनसम्बन्धी कुरा नै देखिनु पनि स्वाभाविक हो । यस विषयमा अनावश्यक रूपमा चिन्ता नलिनु नै बेस हुन्छ । किशारावस्थामा यस्ता कुरा आउँछन् र समय बित्दै गएपछि सामान्य लाग्न थाल्छन् ।

**दबाब कसको ?**

हुन त तपाईंले कस्तो किसिमको दबाबमूलक यौनसम्पर्क भएको थियो भन्ने कुरा स्पष्ट रूपमा लेख्नुभएको छैन । यौनसम्पर्क दुवैको सहमतिमा हुनुपर्छ जसले यौनसुख प्राप्त गर्नमा सहयोग पुग्छ । दबाब, बल वा भयको प्रयोग यौनसम्पर्कका लागि गरिनु मानव यौनिकताको नकारात्मक पक्ष हो । कुनै पनि व्यक्तिले दबाब दिएर यौनसम्पर्क राख्नु अर्को व्यक्तिमाथि गरिने यौन हिंसा हो र यसलाई यौनअपराध पनि मानिन्छ । तपाईंले स्पष्ट रूपमा लेख्नु नभए पनि केटीले दबाब दिएर तपाईंसँग यौनसम्पर्क गरेको कुरा पत्रबाट बुझ्न सकिन्छ । तपाईंसँग कसरी यसरी दबाबपूर्ण परिस्थितिमा यौनसम्पर्क हुन पुग्यो र तपाईंको प्रतिरोध कस्तो थियो भन्ने कुरा पनि लेख्नुभएको भए यस विषयमा चर्चा गर्न सजिलो हुने थियो । यौनरोग लाग्यो कि भन्ने चिन्ताबाहेक कुनै केटीको दबाबमा यौनसम्पर्क राख्नुपरेको चोटको दीर्घकालीन प्रभाव तपाईंमा परेको सम्भावनालाई पनि नकार्न सकिँदैन भन्ने कुरा तपाईंले यसलाई खतरापूर्ण भन्नुभएकाले नै देखाउँछ ।

पत्रमा उल्लेखित हस्तमैथुन गरेर वीर्य बाहिर □याल्दा छोरा जन्मने वीर्य □यालिन्छ भन्ने कुरा पनि सत्य होइन । यस विषयमा व्यर्थको चिन्ता नलिनुहोला । विस्तृत जानकारी चाहिए साप्ताहिकका पुराना अंक हेर्न वा थप जानकारीका लागि हामीलाई पत्र लेख्न सक्नुहुन्छ ।

## सन्देश



सजना, हेप्पी बर्थ डे । पूरा हुन नसकेका तिम्रा मनका कामनाहरू यो जन्म दिनले पूरा गरोस् । भौतिक शरीरले जति टाढा भए पनि आत्मीयताको नाताले तिमी मेरो मन-मुटुमा बास बसिसकेकी छचौ । त्यसैले तिम्रो जीवन सदा-सर्वदा हाँसो र खुसीले भरियोस् । त्यो मेरो सफलता हुनेछ । तिम्रो हृदयमा सधैं सकारात्मक सोच एवं विचारहरूले बास पाऊन् अनि पाइला-पाइलामा सफलता मिलोस् । म जीवनभर यही नै कामना गरिरहनेछु ।

**wealth_ido@yahoo.com**

जन्म दिन मनाउने संगम दाइमा हार्दिक शुभकामना एवं उत्तरोत्तर प्रगतिको कामना । यो नयाँ वसन्तले तपाईंलाई सधैं सुखी रहन सक्ने क्षमता प्रदान गरोस्, चाहेको कुरा प्राप्त गर्न सक्नुहोस् ।

**सन्तोष**

दमन, मलाई माया नमार, तिमीलाई पाप लाग्छ । तिमी किन यसरी निष्ठुरी भएको ? एकपटक फोन गर वा पत्र पठाऊ ।

**दीपिका**

बाबा, तिमीले सपिङ सुरु गऱ्यौ ? दसैं आयो त । मैले सपिङ गर्ने क्रममा तिमीलाई धेरै नै 'मिस' गरिरहेको छु । याद छ, हामीले सँगै बसेर सन्देश पढेको ? हरेक दसैंमा म तिमीलाई अझ बढी सम्झन्छु । मिल्छ भने एकपटक जवाफ लेख है ।

**सम्भव**

सानु, तिमी आजभोलि किन बोल्दिनौ ? भन त । तिमीले मसँग गरेका जीवनका योजना यति छिट्टै भताभुङ्ग हुन्छ जस्तो लागेको थिएन । तिमी त आजभोलि हाम्रा दुस्मनहरूसँग पनि खुबै रमाउँछ्यौ रे भन्ने सुनेको छु । तिमीलाई त्यस्तो दुःख दिनेहरूसँग कसरी मिल्न सकेको होला जस्तो लाग्यो । मिल्छ भने एकपटक फोन रिसिभ गर है, धेरै कुरा गर्नु छ ।

**शुक्ला**

**सूचना**

**साप्ताहिकको विजयादशमी अंक असोज १७ गते प्रकाशित हुँदैछ । उक्त अंकमा आफ्ना इष्टमित्रलाई शुभकामना सन्देश पठाउन चाहने पाठकले आफ्नो सन्देश साप्ताहिकको कार्यालयमा असोज १० गतेसम्म पठाउनुहोला ।**
**–सम्पादक**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

प्रति सन्देश रु. २०/– अनिवार्य

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..............................

उमेर : .................... उचाइ : ....................

पेसा : .................... शिक्षा : ....................

स्वभाव : .................... वैवाहिक स्थिति : ....................

अभिरुचि : ....................वर्ण : ....................

इमेल : ..............................

ठेगाना : ..............................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................

..............................

**नोट : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।**

## जीवनको गोरेटोमा

# मन

जीवनको गोरेटोलाई पछ्याउँदै हिँड्दा आज म आ□नो परिवार, समाज र देशभन्दा कोसौं टाढा विदेशी भूमिमा आइपुगेको छु । जीवनको रहस्य र भावना बुझ्न र भोलिको दिनलाई उज्यालो बनाउन मनमा अनेकौं सपना बोकेर आज विदेशी भूमिमा रुमल्लिएको छु । यस्तै रहेछ जीवन, यात्री बनेर जीवनपथमा हिँड्दा अनेकौं मोड देखापर्ने रहेछन् । कुनै-कुनै मोडले जीवनमा त्यस्तो परिवर्तन ल्याइदिँदो रहेछ जुन आ□नो कल्पनाको परिधिभन्दा बाहिर हुन्छ । कल्पनाको परिधि पनि त्यहाँसम्म फैलिएको हुँदैन जहाँसम्मको यात्रा तय गरिएको हुन्छ ।

सायद यही नै हो जीवन– सधैं अनभिज्ञता र संघर्षको यात्रामा रुमल्लिएको, बुझ्न चाहँदा बुझ्नै नसकिने र बुझेपछि अनुसरण गर्नै नसकिने वा अनुसरण गर्ने वातावरण वा समय नै नहुने हुँदो रहेछ । यसरी नै मैले पनि जीवनलाई बुझ्न सके पनि समय अभावले गर्दा म विचलित हुन पुगेको रहेँछु । सायद म कल्पनाको परिधिभित्र हराएको रहेछु, वास्तविकता मलाई तीतो लाग्थ्यो तर कल्पना त कल्पना नै हो, त्यसलाई सायदै वास्तविकतामा उतार्न सकिन्छ ।

म भने सधैं कल्पनालाई नै वास्तविकता मानेर अनुसरण गर्न खोजिरहेको थिएँ, यद्यपि वास्तविकताबाट म अनभिज्ञ भने छैन तर पनि म अझै पनि कल्पनामा नै छु र मलाई यो कल्पनाको परिधिबाट बाहिर निस्किएर वास्तविकतामा रुमल्लिने चाहना आज पनि छैन । किनकि कल्पनामा जिउने लामो अनुभव छ मसँग । त्यस्तै कल्पनाको परिधि असीमित र चाहनानुरूपको हुन्छ भने वास्तविकता ठीक यसको विपरीत । त्यसैले पनि मलाई मेरो कल्पना नै प्यारो लाग्छ । मलाई थाहा छ, पक्कै पनि कुनै दिन वास्तविकताको साम्ु उभिएर जीवनलाई नियाल्नुपर्छ तर त्यो समय अहिले नै हो भनेर पनि म मान्न तयार पनि छैन, तर म डराएको पनि होइन तैपनि वास्तविकता तीतो हुन्छ, म त्यसको सामना गर्न चाहन्नँ ।



विगतलाई स्मरणमा राख्दा बेग्लै आनन्द पाइरहेको छु तर कहिलेकाहीं भविष्यमा कहीं मेरो विगत केवल सम्झनामा मात्र सीमित हुन्छ कि भनेर मनमा कता-कता विचलन आइरहन्छ ।

मेरो विगतलाई मैले धेरैपल्ट अध्ययन गरेको छु, कतिपय कुरालाई भुल्न खोजिरहेको छु तर केही मीठा पललाई भने सँगाल्न चाहन्छु सदा-सर्वदा सदैवका लागि । कहिलेकाहीं चाहेर पनि विगतमा हराउन नसकिँदो रहेछ भने कहिलेकाहीं चाहेर पनि टाढा जान सकिँदो रहेनछ । चाहना र जीवनलाई सायदै एकसाथ डोऱ्याउन सकिन्छ, त्यसैले पनि कहिलेकाहीं मन विरक्तिएर आउँछ । चाहनालाई एकातिर पन्छाएर अघि बढ्नुपर्ने बाध्यताले मलाई पिरोलिरहेको छ, विगतको चाहनालाई मैले भविष्यमा अँगाल्न सक्दिन कि ?

भोलिको उज्यालो बिहानीसँगै भविष्यको निर्माण गर्न खोज्दा कतै मैले विगतलाई गुमाउनुपर्ने पो हो कि ? भनेर कहिलेकाहीं आफैसँग प्रश्न गरेर उत्तरको खोजी गरिरहेको हुन्छु तर यसको उत्तर मैले पाउन सकिरहेको छैन, त्यसैले पनि मनमा विचलनको बास भएको छ । सूर्यको तेज प्रकाशले जसरी जून-ताराहरू हराउँछन्, त्यसैगरी मेरो भविष्यको सुनौलो बिहानीसँगै मेरो विगत पनि विलीन हुन्छ कि भनेर नमीठो आभास गरिरहेको छु, हुनत जून-तारा सूर्यास्तपश्चात् पुनः संसारमा आ□नो अधिपत्य जमाउन थाल्छन्, तर मेरा चाहना भने त्यसो हुन सक्दैनन्, किनकि म भविष्यको प्रज्वलनतालाई नकार्न चाहन्नँ । म चाहन्छु कि मेरा चाहना मसँग त्यो पलमा पनि सँगै रहुन् जब म जीवनको यात्रामा सफलताको गन्तव्यमा पुग्नेछु र जीवनलाई नयाँ ढंगबाट जिउनेछु ।

**–अञ्जान**

## साप्ताहिक साथी



प्रवीणता प्रमाणपत्र तह अध्ययन पूरा गरेका नवीन लावती (गोपी) को उचाइ ५ फिट ४ इन्च छ । २४ वर्षीय गोपी मिलनसार स्वभावका छन् । गहुँगोरो वर्णका गोपी अविवाहित छन् । नोकरी गरिरहेका गोपी असल स्वभाव भएको, दुःख-सुखमा साथ दिने, धनी-गरिब, जात, धर्ममा नअल्झिने साथीको खोजीमा छन् । भ्रमण गर्न तथा संगीत श्रवण गर्न रुची राख्ने गोपीलाई पत्रमित्र बनाउने साथीहरूले कोहवरा- १ बालुवाबथान, झापामा पत्राचार गर्न सक्नुहुनेछ ।




# सफाइ र पर्यटन प्रवर्द्धनका लागि गल्ली यात्रा

गल्ली नै गल्लीले भरिएको सहर भक्तपुरमा घरभित्रको घरलाई आश्चर्यका रूपमा हेरिन्छ । ख्वप इन्जिनियरिङ कलेजमा आर्किटेक्चर विषय अध्यापन गराइरहेकी प्राध्यापक सुनयना कर्माचार्यका अनुसार तत्कालीन समयमा किसानहरूको बाहुल्यता भएको यो सहरमा खेतीका लागि जमिनको जोहो गर्न कम जग्गामा घर बनाएका हुन् । कर्माचार्य पुराना घर र गल्लीहरूको संरक्षण गरी यसलाई पर्यटकीय गन्तव्यमा परिणत गर्नुपर्ने बताउँछिन् ।

पुरानो भक्तपुरमा घर हुनेहरू अहिले धमाधम पहिले खेतका रूपमा रहेको जमिनमा आधुनिक घर बनाई बसाइँ सर्न थालेका छन् । पुरानो भक्तपुरका जीर्ण घरहरूको संरक्षण नहुँदा यहाँका कलात्मक भवनहरू लोप हुने हुन् कि भनेर संस्कृतिविद् ओमप्रकाश धौभडेल चिन्ता व्यक्त गर्छन् । संरक्षणको अभावमा यहाँका कलाकृति एवं प्राचीन मूर्तिहरू दिन-प्रतिदिन चोरी हुने क्रम बढ्दो छ । मानवविहीन भैरहेको सहरमा तस्करहरूले फाइदा उठाउँदा पनि सुरक्षा निकाय जागरूक हुन नसकेकोमा मूर्तिकार रवीन्द्र पुरीले गुनासो गर्छन् । पर्यटन व्यवसायी पुरी सम्पदा संरक्षण एवं संवर्द्धनका लागि गल्ली र चोक सफासुग्घर राखी पर्यटक आउने वातावरण सिर्जना गर्नुपर्ने पुरीले बताए । गल्ली र चोक-चोकमा फोहर बढेको छ भने नगरवासीको सम्पदा



संरक्षणमा चासो नहुँदा चोरीको क्रम बढेको हो, -पुरी भन्छन् ।

गल्ली यात्रा साह्रै रोमाञ्चक हुने भए पनि दुर्गन्धका कारण त्यतातिर पर्यटक र आगन्तुकहरूको पाइला बढेको छैन । भक्तपुर दरबार क्षेत्रमा एक-दुई घण्टा घुमेर फर्कने पर्यटकहरू महँगो प्रवेश शुल्क तिरेर निराश हुँदै फर्कने गरेको स्थानीय पथ-प्रदर्शक अनिल याकामीले जानकारी गराए । याकामीका अनुसार पर्यटकहरू भक्तपुरमा केही दिन बसेर भए पनि सम्पूर्ण गल्ली र त्यहाँ रहेका कलाकृति अवलोकन गर्न चाहन्छन् । यहाँका सबै गल्ली फोहर छन्, त्यसैले एक-दुईवटा गल्ली हेरेर पर्यटकहरू निराश हुँदै फर्कन्छन् ।

रामदेवी तचामो भक्तपुरको एउटा गल्लीमा बसोबास गर्ने वातावरणविद् हुन् । गल्लीहरू फोहर र दुर्गन्धित हुँदा लामो बाटो हिंड्नु परेको उनले बताए । गल्लीहरू सफा राख्न सके प्राचीन नगर भक्तपुरलाई पर्यटकमय र गल्ली यात्राका लागि विश्वसामु चिनाउन सकिने तचामोको विचार छ । सबै गल्ली र चोकमा कुनै न कुनै मूर्ति वा मन्दिर हुनु भक्तपुरका गल्लीहरूको विशेषता हो । विश्वप्रसिद्ध एकान्तकुमारी बस्ने प्रशन्नशील महाविहार बेखाल गल्लीमा भए पनि खोजेर पर्यटकहरू त्यहाँसम्म पुग्न सकेको देखिँदैन । बिहार जाने बाटो फोहर देखेपछि उनीहरू फर्कने गरेको बिहारमा बस्ने चन्द्रशोभा बज्राचार्य बताउँछिन् ।

दतात्रय टोलको जेला गल्लीस्थित मयूर झ्यालमा रहेको मयूरको टाउको काटिएको भए पनि मर्मत गर्ने जिम्मा पाएको निकाय भक्तपुर नगरपालिकाको ध्यान जान नसकेको स्थानीय पर्यटन व्यवसायी रामनारायण प्रजापतिले बताए । दरबार क्षेत्रमा रहेको साँघुरो गल्लीमा मोटर साइकल गुडाउँदा पैदल यात्रुहरूलाई आवातजावत गर्न असुविधा भएको छ । भक्तपुर दरबारको मूल गेटबाट सवारी साधन प्रवेश निषेध गरिएको भए पनि दरबार क्षेत्रभित्र सवारी लान छुट छ, त्यसका लागि गेटको बायाँपट्टि रहेको सानो गल्लीबाट कतिपय युवा मोटरसाइकल कुदाउँछन् ।

संसारमै दुर्लभ मानिएको माटोको झ्याल बनाइएको तुछिमला गल्ली पुग्न पनि फोहरको राश नाघेर जानुपर्ने अवस्था छ । भक्तपुरको मत्स्यन्द्रनाथ स्थापना गरिएको तापालाछी गल्ली पनि साह्रै दुर्गन्धित छ । गल्लीहरू फोहर र दुर्गन्धित नभैदिएको भए यहाँ पर्यटकहरू एक-दुई घण्टाका लागि होइन, हप्ता दिनसम्म बस्न आउने सक्ने भक्तपुर पर्यटन विकास समितिका पूर्वकार्यकारी अधिकृत नीलम प्रधानाङ्ग बताउँछन् ।

**–रविन राचलिका**

# र्‍याम्पमा सन्देशमूलक सिर्जनाहरू





पृष्ठभूमिमा बजेको नयाँ नेपालको नयाँ राष्ट्रिय गीतसँगै आफ्नै सिर्जनामा क्याटवाक गरेका लक्ष्य बमले आफ्नो सिर्जनातर्फ देश विकासमा विद्यार्थीको भूमिका र तिनीहरूको समुज्ज्वल भविष्यसित राष्ट्रको भविष्य जोडिएको यथार्थलाई उजागर गरेका थिए। सो कुरालाई प्रस्तुत गर्न उनले नेपालको नक्सा, राष्ट्रपति र प्रधानमन्त्रीको फोटोसहित परेवालाई विद्यार्थीका रूपमा चित्रण गरेका थिए। प्रताप विश्वकर्माको सिर्जना भने नकारात्मकतातर्फ उन्मुख परीको चित्रणमा केन्द्रित थियो, जसमा उनले सेतो गाउनमा परीको सुन्दर पक्ष र च्यातिएको जिन्समा मेटालिक टच प्रयोग गरेका थिए। रेड र येलो रंगको कम्बिनेसनमा ह्वाइट स्ट्रिङको संयोजन गरी तयार पारिएको रचना महर्जनको सिर्जनाले उच्च वर्गको पहिरनशैलीलाई प्रतिनिधित्व गरेको थियो। प्रकृतिको सुन्दरतालाई पहिरनमा ढाल्ने प्रयास अञ्जली महर्जनले गरेकी थिइन्।

जरालाई एक्सेसरिज, टिस्युलाई पात र सिल्कबाट बनेका फूलको संयोजनमा समग्रमा बिरुवालाई पहिरनको स्वरूप उनले दिएका थिए। पुष्पराज राउतको कल्पना भने रातो पहिरनमा प्लिट, एप्लिक र बटनको संयोजन थियो। जसले भिक्टोरियन फेसन शैलीको प्रभावलाई जीवन्त तुल्याएको थियो। मर्मेड आकारको रातो गाउनमा रिचार्ज कार्ड प्रयोग गरी सन्ध्या थापाले पुनःप्रयोगको सम्भावना र आवश्यकतालाई औंल्याएकी थिइन्। विभिन्न फ्याब्रिकलाई 'बो' को माध्यमबाट गाँसेर तयार पारिएको सम्झना श्रेष्ठको पहिरनमा पिंक ब्लु, पिन्कजस्ता रंगको सुन्दर संयोजन थियो। साटन टिस्यु, जिन्सजस्ता फ्याब्रिकमा गौरवमय सुन्दरताको बयान गर्दै विना डंगोलले प्रस्तुत गरेको सिर्जना भने विभिन्न ब्राइट कलरको आकर्षक संयोजनमा केन्द्रित थियो। मयूरको प्वाँखलाई सुखको र रातो गुलाफलाई प्रेमको संकेतका रूपमा प्रस्तुत गरेर सुखी जीवन र त्यसमा प्रेमको सम्बन्धलाई उजागर गरेकी थिइन् सरिता डंगोलले। व्यक्तिको सकारात्मक एवं नकारात्मक पक्षलाई उजागर गर्ने प्रयासमा सिद्धि गुरुङले गाढादेखि हल्का रंगको प्रयोग गरेका थिए। साथै आधा कालो मुखौटा र परेवाको सांकेतिक चित्रणले क्रमशः नकारात्मक र सकारात्मक अझ ज्वलन्त बनाएको देखिन्थ्यो।

उल्लेखित दसवटा सिर्जना नै गएको बिहीबार शहेन्साह होटलमा सम्पन्न 'गस अफ डिभाइन' शीर्षकमा प्रस्तुत फेसन शोको महत्त्वपूर्ण पक्ष थियो। नमुना कलेज अफ फेसनले टेक्नोलोजीको चौथो ब्याचको छैटौं सेमेस्टरमा बीएफडी कोर्स अध्ययन गरिरहेका विद्यार्थी डिजाइनरहरूको अन्तिम परीक्षाको मूल्यांकनको आधार नै उल्लेखित सिर्जनाहरू थिए। त्यसो त अन्य ५ वटा सिक्वेन्स पनि उत्तिकै दर्शनीय थिए। सञ्चारकर्मी एवं कोरियोग्राफर रोजिन शाक्यको कोरियोग्राफीमा सम्पन्न फेसन सोमा सोही कलेजका अन्य विद्यार्थी डिजाइनरले क्याटवाक गरेका थिए। कार्यक्रममा साटनको कपडामा तयार परिएको सुन्दर पार्टी गाउनहरूदेखि लिएर ६० को दशकमा लोकप्रिय बनेका पङ्क फैसनशैलीका नमुनाहरू पनि प्रस्तुत गरिएका थिए। विभिन्न कलर कम्बिनेसन प्रिन्ट र प्याटर्नको बाहुल्यता रहेका पहिरनको छुट्टै आकर्षक थियो। ग्ल्यामर र स्टाइलको सम्मिश्रणमा केन्द्रित सिर्जनाहरू हेर्न लायक थिए भने विभिन्न दशकमा लोकप्रिय फेसन ट्रेन्डको कलेक्सन पनि अर्थपूर्ण थियो।



# कलेज एम्बेस्डर

**साप्ताहिक समाचार**

काठमाडौं– पछिल्ला केही सातायता राजधानीमा फेसन कार्यक्रमले गति लिएको छ। प्रतियोगितात्मक रूपले सञ्चालन भैरहेका यस्ता कार्यक्रममा कलेजमा अध्ययनरत विद्यार्थीहरूको सहभागिता बढ्दो छ। गत शनिबार राजधानीमा सम्पन्न 'कलेज एम्बेसडर' कार्यक्रम फेसनमा आधारित भए पनि यसलाई बौद्धिकताको प्रतिस्पर्धाका रूपमा सम्पन्न गरिएको थियो।

राजधानीमा विभिन्न कलेजमा अध्ययनरत १८ जना युवा-युवतीको सहभागितामा प्रज्ञा-प्रतिष्ठानमा आयोजित उक्त कार्यक्रममा रुबिन खड्का तथा प्रस्का उदासले कलेज एम्बेसडर- २००८ को ताज पहिरिए। प्रश्नोत्तर चरणमा आकर्षक जवाफ दिएर रुबिन तथा प्रस्काले उपाधिमाथि कब्जा जमाएका हुन्। सहभागी प्रतियोगीले आकर्षक क्याटवाकमार्फत आफ्नो परिचय दिएपछि उक्त कार्यक्रम प्रारम्भ भएको थियो। त्यसपछिको सिक्वेन्समा प्रतिस्पर्धीहरूले आकर्षक पहिरन प्रदर्शन गर्दै बेस्ट ड्रेसको उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए। यो सिक्वेन्समा सेतो घुम्टो उघारेर रातो पहिरनमा प्रस्तुत भएर विधवा विवाहको सन्देश दिने माया महर्जनले 'बेस्ट ड्रेस' को उपाधि जितिन्।

प्रतियोगिताको निर्णायक चरणमा विभिन्न छ प्रतियोगी पुगेका थिए। उनीहरूलाई निर्णायकले सोधेका विभिन्न प्रश्नका आधारमा विजेताको छनौट गरिएको थियो। प्रतिस्पर्धामा दीपेन्द्र शर्माले ट्यालेन्ट, मनीष गुरुङले बेस्ट परफरमेन्स, निकुल श्रेष्ठले फ्रेन्डली, सागर सुवेदीले क्लिन पार्टिसिपेन्ट तथा नग्मा श्रेष्ठले मिस पङ्चुअलको उपाधि जितेका थिए। प्रतियोगिता ग्रीन आर्ट्स मिडियाले आयोजना गरेको थियो। आयोजक अनिला श्रेष्ठका अनुसार कलेज एम्बेसडरको उपाधि जित्ने रुबिन तथा प्रेस्काले विभिन्न सामाजिक संस्थामा स्वयंसेवकका रूपमा सेवा पुऱ्याउनेछन्।


## Classified Advertisement

### रोजगार

एक प्रतिष्ठित कार्यालयमा working Partner भई कामगर्न इच्छुक महिला १०+above ले फोटो बायोडाटासहित पेष्टबक्स १३६७८मा Apply गर्नुहोला

तुरुन्तै सुटिङ्गहुनलागेको नेपाली कथानक चलचित्र चिसोपैसाको लागि तुरुन्तै कलाकार चाहियो सीट सिमित छ नजान्नेलाई चलचित्र निर्देशकद्धारा तालिमको ब्यबस्था ९८४१२७५७१४, २००३७६३

अफिसलाई १३ गृहणी विद्यार्थी कर्मचारी आवश्यकता, आम्दानी ७०००। गाडीभाडा २०७२५४५, ९८४१४९३०२६

Freeमा Australia जानचाहने Ladies तु., IELTS 5.5 Ph: 9803657553

### कम्प्यूटर/भाषा तालिम

बिजयादशमीको पावन अवशरमा कम्प्युटर ल्याङ्गवेज, IELTSका कक्षाहरु धमाध सञ्चालन भैरहेको छ, Youth Institute , Narayangopal chowk, 4371530

१२ बर्ष पुरानो राज टेक्नीकलमा ३०% छुटमा मोवाइल, टेलिभिजन, हार्डवेयर, इलेक्ट्रिकल्स, एसिफ्रीज तालिम नयाँबानेश्वर, ४४९५५८१ कालिमाटी, ०१६२२४७९८ (टुल्सहरु निशुल्क)

बिभिन्न कोर्षमा भर्ना खुल्यो, Auto CAD, (2D & 3D), Accounting Package, Basic Course, Hardware, **Soft-tech Computer**, New Baneshwor, 4499967

Salex Services Hardware, software training, language & tuition MAXPRO computer institute Traders, Kalanki, 4275333, 9841392282

### सम्पर्क

संगीतको स्तरिय शिक्षा तथा सस्कारको लागि हामीलाई सम्झनुहोस्, अनुराग संगित बिद्यालय, ४२३३६९०

Septitank Vacum Cleaning 700, 9851093070

बिनाधितो बिना झण्झट नया-पुरानो गाडी फाइनान्स गर्नुपरेमा ९८५१०१४१९६, ९८५११०५२२१७

श्रीराम डेरी महाराजगंज चक्रपथमा गाईभैसीको दही, मही, घिउ, चिज, बटर , पनिर आइसक्रिम, गुदपाक, पुष्टकारीकालागि सम्झनुहोस् , ४३७३२५२

बिजयादशमी तथा दिपावली २०६५को उपलक्ष्यमा विशेष योजनासहित फोटो धुलाईको ब्यवस्था गरिएकोछ, नागार्जुन कलरल्याब प्रा.लि. बालाजुवाइपास, ४३८३४१०

दुवी, डण्डिफोर, कालोपोतो, चायाँ, ब्रेष्ट फिटेनेस, यौनसन्तुष्टि, लङ्गटाइम ग्यारेन्टी उपचार, ९८४१९८१९७६, ९८०३५०२२५९

बिजयादशमीको उपलक्ष्यमा सम्पूर्ण मिष्ठान्न परिकारहरु सहुलियत मूल्यमा उपलब्धछ, साथै होम प्याकिङ्गकोपनि ब्यबस्था गरि एकोछ, बागमति स्विट्स गणेशमन्दिर पछाडी त्रिपुरेश्वर, ४२६०२५३, ४२६००५७

### मर्मत

Key House पुतलीसडक, न्यूप्लाजा: ४४३०८११, मोवाईल: ९८४१८८८२४२

कम्प्युटर मर्मत तथा बिक्री p4 computer १६०००, ९८४१९२८७०९, कालिमाटी

### ड्राईभिङ्ग सिकौं

ग्यारेण्टीका साथ ड्राईभिङ्ग सिकौं महाराजगञ्ज: ४३७५३३९, ९८४१२६४८५५

सुमन मोटर ड्राइभिङ्ग सेन्टरमा ग्यारण्टीकासाथ ड्राइभिङ्ग सिकाइन्छ, नयाँबजार , ४३५७०८३, ९८४१२३४६६९५

मोनिका ड्राइभिङ्ग सेन्टरमा ग्यारण्टीकासाथ ड्राइभिङ्ग सिकाइन्छ, ४२८८२७५, ९८४१४०४७३७

### रिकण्डिसन मोटरसाईकल

मोटरसाइकल ट्याक्सी खरिद बिक्रि तथा सट्टापट्टाकोलागि महालक्ष्मी रिकन्डीशन शोरुम चाबहिल मीत्रपार्क: २०७३५५४, ९८५१०४२६२८

नयाँ तथा पुरानो मोटरसाइकल खरिद बिक्रीकोलागि आर.के.ए. अटो कलेक्सन सेन्टर सोह्रखुट्टे ४३८४५६३

नयापुरानो मोटरसाइकल खरिद बिक्रिकोलागि उपत्यकामै एकमात्र भरपर्दो स्थान आरसी अटोइन्टर प्राइजेज बालाजुचोक ४३६४८४१, ४३६१९०१

नयाँ तथा पुरानो मोटरसाइकल खरिदबिक्रि तथा सट्टापट्टाकोलागि सुप्रिम अटो वल्डलाई सम्झनुहोस, ९८४१४७८५०५, यातायात ब्यवस्था कार्यालयअगाडी २३८३२००

### उपचार

ग्यारेन्टी अल्काई piles उपचार केन्द्र सोह्रखुट्टे नयाबजार ९८४१४०८४५४

यहाँ जण्डिस, पिनास, छातिकोदाग, पथ्थरी युरीकएसिड साथसाथै सम्पूर्ण रोगको ग्यारेण्टीकासाथ जडिबुटिबाट उपचार गरिन्छ, जण्डिस उपचार केन्द्र, कालिमाटी, सालिकको दक्षिणपट्टी, ९८४१७४४५९८, मान ब. थिङ्ग

### बिक्रीमा

पुरानोबानेश्वरचोकमा चलिरहेको ओस्कार ब्युटिपार्लर तुरुन्त बिक्रिमा, छिटोआउनेलाई बिशेष प्राथमिकता दिइनेछ, ९८४१४९०१५३

### नया दररेट

- रू. १० प्रति शब्द (साधारण)
- रू. २० प्रति शब्द (कलर हाईलाइट)

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-२०५९७७** मा सम्पर्क गर्न अनुरोध गरिन्छ।



## पाराओलम्पिकमा पनि

# चीनकै वर्चश्व

२९ औं ग्रीष्मकालीन ओलम्पिकको पदक तालिकामा शीर्ष स्थान हासिल गरेको आयोजक चीनले त्यसको लगत्तै आयोजना गरेको १३ औं पाराओलम्पिकमा पनि वर्चस्व कायम गरेको छ। २९ औं ग्रीष्मकालीन ओलम्पिकमा ५१ स्वर्ण, २१ रजत, २८ कांस्यसहित कुल १ सय पदक जितेको चीनले पाराओलम्पिकमा ८९ स्वर्ण, ७० रजत, ५२ कांस्यसहित कुल २ सय ११ पदक जितेर आफूलाई शीर्ष स्थानमा उभ्याएको छ। यसपटकको पाराओम्पिकमा ब्रिटेन र संयुक्त राज्य अमेरिकाले पदक तालिकामा आफूलाई क्रमशः दोस्रो र तेस्रो स्थानमा उभ्याए। ब्रिटेनले ४२ स्वर्ण, २९ रजत, ३१ कांस्यसहित कुल १ सय २ पदक जित्यो भने अमेरिकाले ३६ स्वर्ण, ३५ रजत, २८ कांस्यसहित कुल ९९ पदक जितेको थियो। यसपटकको पाराओलम्पिकमा युक्रेन, अस्ट्रेलिया तथा दक्षिण अफ्रिकाले क्रमशः चौथो, पाँचौं र छैठौं स्थान हासिल गरे। यसपटकको ७६ राष्ट्र मात्र पदक जित्न सफल भए भने स्वर्ण पदक ५१ वटा राष्ट्रले मात्र जिते।

सहभागी राष्ट्रको संख्याका आधारमा बेइजिङ पाराओलम्पिक प्रतियोगिता अहिलेसम्मकै सर्वाधिक राष्ट्रले सहभागिता गरेको पाराओलम्पिकसमेत रह्यो। सन् २००० को सिड्नी पाराओलम्पिकमा १ सय २५ राष्ट्रले सहभागिता गरेका थिए भने एथेन्स पाराओलम्पिकमा १ सय ३६ राष्ट्र र यसपटकको बेइजिङ पाराओलम्पिकमा १ सय ४८ राष्ट्रले सहभागिता गरेका थिए। बेइजिङ पाराओलम्पिकमा ४ हजार २ सय खेलाडी तथा २ हजार ५ सय जज-रेफ्रिले सहभागिता जनाए।



ग्रीष्मकालीन ओलम्पिककै 'वान वर्ल्ड वान ड्रिम' नारा राखिएको यसपटकको पाराओलम्पिक भदौ ६ गतेदेखि असोज १ गतेसम्म चलेको थियो। बेइजिङ सहरले यो पाराओलम्पिक आयोजनामा हङकङ र क्विङ डो सहरलाई पनि समावेश गरेको थियो। यसपटकको पाराओलम्पिक प्रतियोगिता १९ वटा स्थानमा भए पनि उद्घाटन र समापन समारोह भने बर्ड नेस्ट रंगशालामै गरिएको थियो।

यसपटकको पाराओलम्पिकमा २० खेलका ४ सय ७१ स्पर्धा सञ्चालन भए, जसमा रोविङ खेललाई पहिलो पटक पाराओलम्पिकमा सहभागी गरिएको थियो। यसपटक पाराओलम्पिकमा आर्चरी, एथलेटिक्स, बोसिया, साइकिलिङ, घोडचढी, फाइभ-ए- साइड फुटबल, सेभेन-ए-साइड फुटबल, गोलबल, जुडो, पावरलिफ्टिङ, सेलिङ, सुटिङ, स्विमिङ, टेबलटेनिस, भलिबल, ह्विलचेयर बास्केटबल, ह्विलचेयर फेन्सिङ, ह्विलचेयर रग्वी तथा ह्विलचेयर टेनिस समावेश थिए।

पाराओलम्पिकको इतिहास ओलम्पिक आन्दोलनमा नयाँ नै हो। दोस्रो विश्वयुद्धमा अंगभंग भएका सैनिकलाई खेलकुदको क्षेत्रमा प्रेरित गर्न सर लुडविग गुट्म्यानले इङल्यान्डमा पहिलो पटक खेलकुद प्रतियोगिताको आयोजना गरेका थिए। त्यो समयमा स्पाइनल कर्ड इन्जुरी भएका व्यक्तिहरूले मात्र सहभागिता गरेको यो खेलमा नेदरल्यान्डका घाइते सैनिकहरूले पनि सहभागिता जनाका थिए। बिस्तारै अंगभंग भएका व्यक्तिहरूको खेलकुद प्रतियोगिताले लोकप्रियता पाउँदै आएपछि पहिलो पटक सन् १९६० मा इटालीको राजधानी रोमले आयोजना गरेको ओलम्पिक लगत्तै पाराओलम्पिकको आयोजना गरिएको थियो। सुरुमा घाइते व्यक्तिहरूले मात्र सहभागिता गरे पनि सन् १९७६ को टोरन्टो पाराओलम्पिकमा पहिलो पटक अन्य कारणले शारीरिक अंग गुमाएका व्यक्तिहरूले सहभागिता गरेका थिए। त्यसपछि यो प्रतियोगिताको नाम पाराओलम्पिक प्रतियोगिता रह्यो। यसको लगत्तै स्वीडेनले आयोजना गरेको हिउँदे ओलम्पिक प्रतियोगितापछि पनि पारा-ओलम्पिकलाई समावेश गरी हिउँदे ओलम्पिकमा पनि पाराओलम्पिकले निरन्तरता पाएको थियो। सन् १९६० मा पहिलो पटक शारीरिक रूपमा अपाङ्ग व्यक्तिहरूले सहभागिता गर्ने ओलम्पिक आयोजना गर्दा २३ राष्ट्रका ४ सय खेलाडी मात्र सहभागी थिए।





## करिश्माको करिश्मा

वर्षभरि चर्चामा रहिन् करिश्मा कार्की। विश्व खेलकुदको महान् खेलमेला ओलम्पिकमा सहभागिताको अवसर पाएकी करिश्माले त्यसको लगत्तै काठमाडौंमा जारी राष्ट्रिय पौडी च्याम्पियनसिपमा सनसनी मच्चाउँदै यो चर्चालाई निरन्तरता दिइन्। दुई राष्ट्रिय कीर्तिमानसहित ७ स्वर्ण पदक जितेकी करिश्माको सफलताले जति उनी खुसी भइन् त्योभन्दा बढी खुसी भए पौडीका मुख्य प्रशिक्षक ईश्वर कार्की।

सिन्धुपाल्चोकको साधारण खोलामा पौडिंदा-पौडिंदै राष्ट्रिय खेलाडी बन्ने अवसर पाएका ईश्वर कार्कीले त्यति धेरै चर्चा कहिल्यै पनि पाएनन्, तर दशकौंपछि उनकी चेली अनि छोरी करिश्माको हरेक सफलतामा पर्दापछाडिका नायक बनेका ईश्वर करिश्माको सफलतालाई नेपाली पौडी इतिहासमा महत्त्वपूर्ण भएको बताउँछन्। सात स्पर्धामा सहभागिता जनाएर सातवटैमा स्वर्ण पदक जितेकी टिनएजर करिश्माबाट नेपाली पौडीजगत्ले सफलता पाउन नसक्ने होइन, तर संघको अव्यवस्था एवं वैज्ञानिक ढंगको प्रशिक्षक शैलीको अभावमा त्यति धेरै सफलताको आशा गर्न नहुने तर्क कार्कीको छ।

तीन दिनसम्म सातदोबाटोमा चलेको राष्ट्रिय प्रतियोगितामा विविधा रिमाल तथा शैला राणाको प्रभाव केही देखिए पनि कुनै पनि उपाधि जित्न नसकेकी नयना युगको अन्त्य भएको छ। पुरुषतर्फ नेपाल आर्मी क्लबका चन्द्रसिंह महतोको प्रभाव देखिंदा सैलेश राणाको प्रभाव पनि कम देखियो। पुरुष स्पर्धाभन्दा बढी चर्चामा रहेको महिला स्पर्धामा पछिल्लो राष्ट्रिय च्याम्पियनसिपकी नायिका सैला राणाका लागि त्यति सुखद रहन सकेन।

## सर्वोकृष्ट खेलाडीहरु सम्मानित

**साप्ताहिक समाचार**

काठमाडौं- नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघले २०६४ का सर्वोत्कृष्ट तथा उत्कृष्ट खेलाडीलाई सम्मान गरेको छ। संघको छैटौं वार्षिकोत्सवका अवसरमा २९ खेलका ३१ उत्कृष्ट खेलाडीलाई सम्मान गरिएको हो। राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा आयोजित कार्यक्रममा उत्कृष्ट खेलाडीमा तेक्वादोका दीपक बिष्ट, भारोत्तोलनका कमलबहादुर अधिकारी, भलिबलका सरोज श्रेष्ठ, कराँतेका गंगाराम महर्जन, एथलेटिक्सका अर्जुनकुमार बस्नेत, उसुका राजकुमार रसाइली, बक्सिङका अजित गुरुङ, फुटबलका अनिल गुरुङ, शारीरिक सुगठनका सानु गुरुङ तथा जुडोकी तृष्णा गुरुङलाई सम्मानित गरिएको थियो। यसैगरी सोही कार्यक्रममा ब्याडमिन्टनकी सरादेवी तामाङ, सुटिङकी भगवती केसी, क्रिकेटका पारस खड्का र नेरी थापा, आर्चरीका प्रेमप्रसाद पुन र मनसा गुरुङ, कपर्दीका सञ्जय श्रेष्ठ, टेबलटेनिसका अजय सुवाल, पौडीकी विविधा रिमाल, जिम्न्यास्टिककी सिर्जना प्रजापति तथा बुद्धिचालका केशव श्रेष्ठलाई पनि सम्मान गरिएको थियो। सम्मानित हुने अन्य खेलाडीमा लनटेनिसका कुमार अधिकारी, बास्केटबलका रोविन खत्री, स्क्वासका हीरा थापा, क्योकुसिन कराँतेका वीरेन्द्र ओली, आईटीएफ तेक्वान्दोकी अञ्जु राउत, कुस्तीका सत्येन्द्र यादव, ह्यान्डबलका विवेक केसी, गल्फका शिवराम श्रेष्ठ, बुदोकैदोका इन्द्र तामाङ तथा किक बक्सिङका सुनिल आचार्य थिए।

# मैदानबाहिर

## लिनेकरको विवाह मुड

सन् ८० को दशकताका इङ्ल्यान्डका चर्चित फुटबलर गेरी लिनेकर पुनः विवाह गर्ने मुडमा छन्। अहिले उमेरले ४७ पुगेका लिनेकरको प्रगाढ सम्बन्ध लिंगेरी (महिलाको भित्री पोसाक) मोडलसँग गाँसिएको छ, ती मोडल लिनेकरभन्दा १८ वर्ष कान्छी छिन्।

अचानक भेट भएकी मोडल ड्यानियल बुक्ससँग सम्बन्ध बढ्दै गएपछि लिनेकरले आफ्नो २० वर्ष लामो वैवाहिक जीवनलाई सन् २००६ को अगस्ट महिनामा अन्त गरेका थिए। लिनेकरले आफ्नी श्रीमती मिचेलीसँग पारपाचुके गर्ने क्रममा चार जना छोरालाई पनि छोडेका थिए। उता लिनेकरसँग नयाँ सम्बन्ध गाँसेकी बुक्सको पनि पुरानो प्रेमीबाट छ वर्षकी छोरी छ। लिनेकरका निकटतम मित्रहरूका अनुसार स्वयंवर गरेर सँगै बस्न थाले पनि उनीहरूले विवाह भने सन् २०१० मा मात्र गर्नेछन्। आफ्नो नयाँ जीवनसाथीसँग समय बिताउन लिनेकरले कुनै समय २१ लाख पाउन्डमा किनेको घर अहिले बिक्री गरी ६ वटा बेडरुम भएको बंगला किनेर बेलायतको सुरेमा बस्न थालेका छन्। आफ्नो नयाँ वैवाहिक जीवन देखेर खुसी भएका साथीहरूलाई लिनेकर दम्पतीले भोज ख्वाउने वाचासमेत गरेका छन्।





## थोर्पले पढ्न थाले

सिड्नी र एथेन्स ओलम्पिक प्रतियोगितामा पौडी खेलमा स्वर्ण पदक जितेका अस्ट्रेलियाली पौडीबाज इयान थोर्प अहिले अध्ययनमा व्यस्त छन्, जसका कारण उनले बेइजिङ ओलम्पिक प्रतियोगितामा समेत सहभागिता जनाएनन्। २६ वर्षीय थोर्प सिड्नीस्थित म्याक्वाइरी युनिभर्सिटीमा मनोविज्ञान तथा भाषा विज्ञान पढिरहेका छन्। १० कक्षा पढ्दा ओलम्पिक प्रतियोगितामा पदकको सम्भाव्यता देखेपछि थोर्पले आफ्ना पढाइ छोडेका थिए। लामो समयको अन्तरालपछि पुनः पढ्न जान पाउँदा आफूलाई रमाइलो लागिरहेको थोर्पले बताए। परीक्षा, ट्युसन, गृहकार्यजस्ता काम आफूलाई रोचक लागेको थोर्पले बताएका छन्। पढाइको चुनौती भनेकै आफूले पढेको कुनै पनि कुरालाई लामो समयसम्म सम्झन सक्नु हो, अहिले अहिले यही चुनौतीको सामना गरिरहेको छु।

पौडी खेलबाट अन्तर्राष्ट्रिय ख्याति र करोडौं डलर कमाए पनि इयान सामान्य विद्यार्थीसरह कलेज जाने गरेका छन्। इयानसँग कलेजको पहिलो दिनको पनि छुट्टै अनुभव छ। पहिलो दिन उनी कलेज जाँदा सहपाठीहरूले घेरेर विभिन्न प्रश्न गरे। उनी पनि आफ्नो कलेजमा पढेको थाहा पाएपछि सबैले घरबाट क्यामेरा ल्याएर सँगै बसेर प्रशस्तै फोटो खिचाए। थोर्प भन्छन्– अहिले उनीहरूलाई मसँग बसेर फोटो खिच्नु भनेको सामान्य लाग्न थालेको छ। जसका कारण म अहिले सामान्य विद्यार्थीजस्तै भएको छु।

## लिजले स्वीकारिन्

अस्ट्रेलियाका तीव्र गतिका बलर ब्रेट लिसँग हालै पारपाचुके गर्न बाध्य भएकी लिज केम्पले पहिलो पटक सञ्चारमाध्यममार्फत आफ्नो धारणा व्यक्त गरेकी छिन्। स्थानीय सञ्चारमाध्यमहरूले लि अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न गएको मौका छोपी केम्पले अन्य पुरुषसँग सम्बन्ध बढाएको समाचार प्रकाशित गरेपछि उनीहरूको वैवाहिक धराशायी भएको थियो। अस्ट्रेलियाबाट प्रकाशित हुने सन्डे टेलिग्राफलाई दिएको अन्तवार्तामा लिजले भनेकी छिन्- 'सञ्चार माध्यमले हाम्रो वैवाहिक जीवन टुंगिनुमा मलाई दोषी देखायो तर मैले उनीहरूले भनेको जस्तो अपराध गरेको छैन। मैले आफ्नो छोरा पिटरसनको मानसिकतामा कुनै किसिमको आघात नपरोस् भनेर मौन रहने लिको प्रस्तावलाई स्वीकार गरेकी मात्र हुँ।'

२२ महिनाको छोरो पिटरसनलाई लिएर बसेकी २८ वर्षीया लिजलाई सञ्चारमाध्यमको समाचारका आधारमा लीले आफन्तहरूको दबाबमा पारपाचुके गरेको लिज् बताउँछिन्। उनले भनेकी छिन्– 'म आफ्ना बारेमा सकभर सबै कुरा गोप्य राख्न चाहन्छु, तर यो घटनाले मलाई निकै अप्ठ्यारो महसुस गराइरहेको छ।'



# अर्को छलाङ मार्ने दाउमा



काठमाडौं– थाइल्यान्डमा आगामी डिसेम्बर १३ देखि २३ सम्म हुने एसीसी यू-१९ महिला क्रिकेट च्याम्पियनसिप प्रतियोगितालाई मध्यनजर गर्दै खेलाडी छनौट गर्न गत सोमबारदेखि काठमाडौंमा दोस्रो वाई-वाई राष्ट्रिय महिला क्रिकेट प्रतियोगिता प्रारम्भ भएको छ।

गत वर्ष पहिलो राष्ट्रिय प्रतियोगिता भनेर आयोजना गरिए पनि उक्त प्रतियोगितालाई आयोजकले प्रदर्शनी खेलका रूपमा मात्र लिएका थिए। उक्त प्रतियोगितामा ४ क्षेत्रले मात्र सहभागिता जनाएका थिए। यसपटक क्षेत्र नम्बर १ विराटनगर र क्षेत्र नम्बर २ वीरगन्जले पहिलो पटक सहभागिता गर्दै प्रतियोगितालाई वृहद तुल्याएका छन्, जसका कारण ६ वटै क्षेत्रले पहिलो पटक सहभागिता गरेका कारण नामको दृष्टिकोणले दोस्रो राष्ट्रिय महिला क्रिकेट प्रतियोगिता भए पनि प्रतियोगिताको संरचनाका आधारमा यसलाई पहिलो नै मान्नुपर्ने देखिन्छ।

गत वर्ष सम्पन्न पहिलो प्रदर्शन खेलबाट छनौट भएका महिला खेलाडीहरूले पहिलो अन्तराष्ट्रिय प्रतियोगिताका रूपमा मलेसियामा सम्पन्न एसीसी महिला क्रिकेट प्रतियोगितामा सहभागिता जनाएका थिए। उक्त प्रतियोगितामा नेपालका महिला खेलाडीहरूले चीन तथा हङकङका खेलाडीहरूलाई पराजित गर्दै फाइनलसम्मको यात्रा गरेका थिए। फाइनलमा नेपाल टेस्ट खेलको मान्यता पाएको बंगलादेशका महिला खेलाडीहरूद्वारा पराजित भएका थिए।

पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामा देखाएको प्रदर्शनकै आधारमा एक वर्षको अन्तरालमै नेपालमा महिला क्रिकेटले लोकप्रियता पाएको देखिन्छ। अझ उक्त प्रतियोगितामा नेपाली टिमको नेतृत्व गरेकी नेरी थापाले एसियाकी इमर्जिङ महिला खेलाडीको सम्मान पाएपछि नेपालको महिला क्रिकेटमा खेलाडीहरूको आकर्षण ह्वात्तै बढेको हो।

यसपटक भैरहेको प्रतियोगितामा सहभागी टिमलाई दुई समूहमा विभाजन गरिएको छ। जसमा समूह 'ए' मा क्षेत्र नम्बर १ विराटनगर, क्षेत्र नम्बर ३ काठमाडौं र क्षेत्र नम्बर ५ नेपालगन्ज छन्। यसैगरी समूह 'बी' मा क्षेत्र नम्बर २ वीरगन्ज, क्षेत्र नम्बर ४ भैरहवा तथा क्षेत्र नम्बर ६ बैतडी छन्। लिगकम नकअउटका आधारमा भैरहेको यो प्रतियोगिताको डिफेन्डिङ च्याम्पियन क्षेत्र नम्बर ५ नेपालगन्ज हो।



कीर्तिपुरस्थित अन्तराष्ट्रिय क्रिकेट मैदानमा भैरहेको यो प्रतियोगिताको लिग चरणका खेलहरू २५ ओभरमा खेलाइएको थियो भने सेमिफाइनलका खेलहरू ३० ओभरमा र भोलि शनिबार हुने फाइनल खेल ४० ओभरमा खेलाइनेछ। यो प्रतियोगितामा आ-आफ्नो क्षेत्रमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरू छनौट गरेर बन्द प्रशिक्षणमा राखिने क्यानले जनाएको छ।



## ५ प्रश्न

नेपालगन्जकी १८ वर्षीया खेलाडी **नेरी थापा** अहिले चर्चामा छिन्। फत्तेपुर गाविस वडानम्बर ७ मा जन्मिएकी नेरी प्लस टुमा अध्ययनरत छिन्। बाबु बक्सिङ कोच तथा आमा शिक्षिका भएरै होला, नेरी खेलकुदमा अघि बढिन्। नेपाली महिला क्रिकेट टिमले खेलेको पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामा नेरी थापाले नेतृत्व गरेकी थिइन्। प्रतियोगितामा टोली फाइनल पुग्दै नेपाली खेलकुदमा नयाँ इतिहास बनायो। नेरीले पाँच खेलमा १२ विकेट लिएपछि नेपाललाई फाइनल पुग्न सहज भयो। १ दशमलव २६ औसतमा बलिङ गरेर उनी प्रतियोगिताको उत्कृष्ट बलरको उपाधिसमेत पाउन सफल भइन्। एसियाकी इमर्जिङ महिला खेलाडीको पुरस्कारबाट सम्मानित नेरीले एसीसी वर्षका सर्वश्रेष्ठ खेलाडीमा पनि नेपालको कद उँचो पारिन्। नेरी क्रिकेटको मात्र नभएर ब्याडमिन्टनकी पनि राम्रो खेलाडी हुन्। नेपाल खेलकुद पत्रकार मञ्चले प्रदान गर्ने एनएसजेएफ एलजी वर्षको उत्कृष्ट खेलाडीको पुरस्कार प्राप्त गर्न सफल थापासँग साप्ताहिकको जम्काभेट :

**वर्षकी उत्कृष्ट महिला खेलाडी घोषित हुँदा कस्तो अनुभव भयो ?**

पहिलो पटक नेपालको उत्कृष्ट महिला खेलाडीको पुरस्कार पाउँदा निकै खुसी लाग्यो, त्यति बेला मैले मेरा आमा-बुवा, गुरुवर्ग तथा साथीभाइलाई सम्झिएँ।

**अबका दिनमा खेलकुदलाई कसरी अघि बढाउने सोच छ ?**

योभन्दा राम्रो परफमेन्स दिन तथा आफ्नो र देशको नाम राख्न मेहनत गर्नेछु। मेरा बुबा-आमा र गुरु, साथै साथीभाइको हौसलाले गर्दा अहिलेको अवस्थामा आइपुगेकी छु अबका दिनमा पनि सबैको सुझाव लिँदै अघि बढ्नेछु।

**महिला क्रिकेटरको अवस्था कस्तो छ ?**

निकै दयनीय अवस्था छ। विदेशमा कति सुविधा पाएको देखियो तर हामीले केही सुविधा पाउन सकेका छैनौ। महिला भनेपछि घरबाटै अनुमति दिँदैनन्, दिए पनि कुरा काट्ने धेरै हुन्छन्। यसलाई चिर्नलाई कोचिङको छुट्टै व्यवस्था हुनुपर्छ। होस्टलमा बसेर प्रशिक्षण लिन पाइयो भने मात्र महिला क्रिकेट अगाडि बढ्छ। विवाह भएपछि महिला खेलाडीले खेलकुद छोड्नुपर्ने अवस्था छ। यसलाई पनि चिरेर अघि बढ्नुपर्छ जस्तो लाग्छ।

**तपाईं त ब्याडमिन्टन पनि खेल्नुहुन्छ, अबको रोजाई क्रिकेट कि ब्याडमिन्टन ?**

सक्दा सम्म त ब्याडमिन्टन र क्रिकेट दुवैलाई निरन्तरता दिन्छु। तैपनि क्रिकेट नै प्राथमिकतामा रहनेछ। क्रिकेटमा मज्जा धेरै छ र नाम पनि छिटो कमाइन्छ।

**खेलकुदमा राजनिति कस्तो पाउनुभयो ?**

बा'फ रे बाफ, राजनीतिका कुरा खेलमा जति कहीं नहुदो रहेछ। राजनीतिले खेलक्षेत्रलाई असर गरेको छ। खेलाडी विदेश पलायन हुने एउटा कारण राजनीति पनि हो।

–माधव अर्याल

# साइकिलिङका नयाँ च्याम्पियन

पर्यटकीय विकासको उद्देश्यसहित नेपाल साइकिलिङ संघले आगामी नोभेम्बर महिनामा काठमाडौंमा १४ औ एसियाली एसियन माउन्टेनबाइक च्याम्पियनसिपको आयोजना गर्दैछ। गत वर्ष अन्नपूर्ण सर्किटका रूपमा अन्तर्राष्ट्रिय स्तरको म्याराथुन आयोजना गरेर चर्चामा रहेको साइकिलिङ संघ एसियाली प्रतियोगिताको तयारीमा जुटिसकेको छ। तयारी एवं एसियन च्याम्पियनसिपको खेलाडी छनौट गर्ने उद्देश्यले शनिबार चोभारमा नवौं राष्ट्रिय माउन्टेनवाइक च्याम्पियनसिप सम्पन्न भयो।



च्याम्पियनसिपको उपाधि केही दिनपछि भारतको सिमलामा हुने माउन्टेनबाइक रेसको तयारीमा तल्लीन मोरङका पद्म लिम्बू स्याङ्बोले जिते। चोभार रेस कोर्समा भएको प्रतियोगितामा स्याङ्वोले ४१ किलोमिटरको दूरी २ घन्टा २७ मिनेट चार सेकेन्डमा पूरा गरे। अत्यन्त कठिन एवं प्राविधिक रूपले उत्कृष्ट रुटमा स्याङ्बोले पाएको विजयसँगै नेपाली साइकिलिङ जगत्मा परिचित सुरेन्द्र राई राष्ट्रिय च्याम्पियनसिपमा ह्याट्रिक गर्नबाट चुकेका छन्। उदयपुरका राइले २ घन्टा ३२ मिनेट २७ सेकेन्डमा उक्त दूरी पूरा गरे। मंगलकृष्ण लामाले २ घन्टा ३४ मिनेट ४४ सेकेन्ड समयका साथ तेस्रो स्थान पाउदा थुराङटान साइकिलिङ च्याम्पियनसिपका उपाधि विजेता राजीव राई नवौं स्थानमा सीमित भए। सुरुदेखि पद्मलाई पछ्याइरहेको राजीव बारम्बार साइकल पन्चर भएपछि नवौं स्थानमा सीमित भएका हुन्। उपाधिले आसन्न एसियन च्याम्पियनसिपका लागि धेरै सहयोग गरेको स्याङ्बोले बताए। एसियन च्याम्पियनसिपमा समे पदक जित्ने लक्ष्य राखेका स्याङ्बो यसैका लागि ककनी तथा लाकुरी भन्ज्याङ आदि ठाउँमा अभ्यास गर्न व्यस्त छन्।

उक्त प्रतियोगितामा पुष्प महर्जन, तेन्जिङ गुरुङ तथा महादेव थापाले जुनियरतर्फ शीर्ष तीन स्थान पाए। मास्टर्सतर्फ प्रयास तामाङ, सजन राजवंशी तथा चन्द्रबहादुर क्षेत्रीले क्रमशः शीर्ष तीन स्थान पाए। नेपाली महिला साइकिलिङ जगत्मा एकल प्रभाव जमाउँदै आएकी निर्जला ताम्राकारले ३२ दशमलव ८ किलोमिटरको दुरी २ घन्टा ५५ मिनेट ११ सेकेन्डमा पूरा गरिन्। पछिल्लो पटक दुर्भाग्यपूर्ण रूपमा राष्ट्रिय च्याम्पियन हुनबाट चुकेकी ताम्राकारका लागि शनिबारको कठिन रुट ३ घन्टाभन्दा कम समयमा पार गर्नु अर्को उपलब्धि बनेको छ निर्जलाका लागि। प्रतियोगितामा सहभागी एक्ली नेपाली महिला ताम्राकार अन्य महिलाको सहभागिता नरहनु दुःखद भएको बताउँछिन्। एसियन च्याम्पियनसिप अत्यन्त महत्त्वपूर्ण भएको र त्यसको तयारीका लागि मेहनतमा तल्लीन भएको बताउँदै ताम्राकार भन्छिन्– 'नेपालमा महिला साइकल खेलाडीको संख्यामा कमी हुनु दुःखको कुरा हो। साइकिलिङ संघले धेरैलाई सहयोग गरे पनि कोही पनि सहभागी हुन नआउँदा दुःख लागेको छ।'

पर्यटकीय विकासका लागि सहयोगी हुने सम्भावना देखिएको साइकिलिङ खेलले राष्ट्रिय च्याम्पियनसीपमा समेत विदेशी खेलाडीको सहभागिता गराएर नयाँ प्रयोग गरेको छ। विदेशी खेलाडीको उपस्थिति पर्याप्त मात्रामा नरहे पनि राष्ट्रिय च्याम्पियनसिपको सफल आयोजनाले राम्रो सन्देश दिएको तथा एसियन च्याम्पियनसिपमा उत्साप्रद सहभागिता रहने विश्वास संघले राखेको छ।



